# नगर विकास कोष सम्बन्धी कानूनहरूको संग्रह

**नगर विकास कोष ऐन, २०५३**

**नगर विकास कोष नियमावली, २०५४**

**नगर विकास कोष लगानी विनियमावली, २०७९**

**नगर विकास कोष ऋण असुली विनियमावली, २०७९**

**नगर विकास कोष खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८**

**नगर विकास कोष खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५**

## नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं

# नगर विकास कोष सम्बन्धी कानूनहरुको संग्रह

## नगर विकास कोष ऐन, २०५३

## नगर विकास कोष नियमावली, २०५४

## नगर विकास कोष लगानी विनियमावली, २०७९

## नगर विकास कोष ऋण असुली विनियमावली, २०७९

## नगर विकास कोष खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८

## नगर विकास कोष खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५


# नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं

२०७९ फागुन

# विषय-सूची


| | |
|---|---|
| नगर विकास कोष ऐन, २०५३ | ९ |
| नगर विकास कोष नियमावली, २०५४ | २५ |
| नगर विकास कोष लगानी विनियमावली, २०७९ | ३३ |
| नगर विकास कोष ऋण असुली विनियमावली, २०७९ | ६९ |
| नगर विकास कोष खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८ | ८५ |
| नगर विकास कोष खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५ | १०९ |

# नगर विकास कोष ऐन, २०५३

# नगर विकास कोष ऐन, २०५३

लालमोहर सदर मिति २०५३/१०/२३/४

| **संशोधन गर्ने ऐन** | | **प्रमाणीकरण र प्रकाशन मिति** |
|---|---|---|
| १. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६/१०/७ |
| २. | केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५/११/१९ |

## २०५३ सालको ऐन नं. २६

∝...........

## नगर विकास कोषको स्थापना र व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** नेपाल ∝........मा नगरहरुको निर्माण, विकास र विस्तार एवं नगरहरुमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना संचालन गर्न गराउन तथा त्यस्ता सेवा तथा आयोजना संचालन गर्ने नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढंगले नगरको विकास गर्न, गराउनको लागि नगर विकास कोषको स्थापना र कार्य संचालनको सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले,

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव** को शासनकालको पच्चिसौ वर्षमा संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नगर विकास कोष ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

---

∝ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(क) **"कोष"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको नगर विकास कोष सम्झनु पर्छ ।

(ख) **"आधारभूत सामाजिक सेवा"** भन्नाले बाटो, सडक, बत्ती, पुल खानेपानी, ढल निकास, फोहरमैला संकलन, सार्वजनिक शौचालय, सार्वजनिक पुस्तकालय, विद्यालय तथा त्यस्तै सार्वजनिक उपयोगका लागि बनाइने विभिन्न संरचना लगायत नगरवासीको हितको निमित्त पुऱ्याउने विभिन्न सेवाहरु सम्झनु पर्छ ।

(ग) **"आयमूलक आयोजना"** भन्नाले सार्वजनिक बजार, व्यापार केन्द्र, बस पार्क, पशु वधशाला, गोदाम घर तथा त्यस्तै अन्य आयमूलक आयोजना सम्झनु पर्छ ।

(घ **"नगर विकाससँग सम्बन्धित निकाय"** भन्नाले नगरको निर्माण तथा विकास गर्नको निमित्त जग्गा विकास तथा वितरण र आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सम्बन्धी कार्य गर्ने देहायका संस्था सम्झनु पर्छः-

(१) प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी वा गैरसरकारी संस्था,

(२) प्रचलित कानून बमोजिम गठन भएका नगर विकास समिति, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका,

(३) प्रचलित कानून बमोजिम नगरोन्मुख गाउँ भनी तोकिएका गाउँहरु मध्ये जनसंख्या र विकासको आधारमा कोषले तोकको कुनै गाउँ ।

(ङ) **"नगर"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र नगरोन्मुख गाउँ सम्झनु पर्छ ।

(च) **"ऋण"** भन्नाले कुनै चल, अचल सम्पति धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई कोषले निर्धारण गरेको शर्तमा दिने कर्जा सम्झनु पर्छ ।

(छ) **"ऋणी"** भन्नाले कोषबाट ऋण लिने नगर विकाससँग सम्बन्धित निकाय सम्झनु पर्छ ।

(ज) **"डिबेन्चर"** भन्नाले कोषले आफ्नो जाय जेथा धितो राखि वा नराखी जारी गरेको ऋणपत्र सम्झनु पर्छ ।

(झ) **"समिति"** भन्नाले दफा १४ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ ।

(ञ) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ट) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य - सचिवलाई समेत जनाउँछ ।

(ठ) **"कार्यकारी निर्देशक"** भन्नाले दफा १८ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ड) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## कोषको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. **कोषको स्थापनाः** (१) नगरको निर्माण, विकास तथा विस्तार गर्न तथा सो सम्बन्धी कार्य गर्ने नगर विकाससँग सम्बन्धित निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि नगर विकास कोषको नामबाट एउटा कोषको स्थापना गरिएको छ ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाण्डौं उपत्यकामा रहनेछ र कोषले आवश्यकतानुसार नेपाल∝.......भित्र जुनसुकै स्थानमा आफ्नो शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

४. **कोष स्वशासित संस्था हुनेः** (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सँगठित संस्था हुने छ ।

(२) कोषको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका व्यवस्थाका अधिनमा रही व्यक्ति सरह चल, अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोषले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

∝ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

५. **कोषको उद्देश्य:** कोषको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सम्भाव्य सुधारहरुका सम्बन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

६. **कोषको काम, कर्तव्य र अधिकार:** यस ऐनको अन्य दफाहरुमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको संचालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र वजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्न, नगर विकाससँग सम्बन्धित निकायहरुलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरु तयार पारी नगर विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने तथा त्यस्तो कार्यक्रममा नगर विकाससँग सम्बन्धित निकायहरुको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससँग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरुलाई दिइने तालीम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससँग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी विषयहरुमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसँग ऋण लिई संचालन भएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरित नहुने गरी कोषको रकम प्रचलित कानून बमोजिम स्थापित अन्य कुनै संस्थाको शेयर, डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

(ञ) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने ।

(ट) कोषको वार्षिक लेखा परीक्षण गराउने ।

(ठ) कोषले वर्षभरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखा परीक्षणको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

(ड) कोषको सँगठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी सृजना गर्ने ।

(ढ) कोषको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने ।

७. **कोषले आवश्यक सेवा शुल्क लिन सक्ने:** कोषले नगर विकाससँग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी परामर्श सेवा प्रदान गरे वापत तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

८. **कोषले आर्थिक श्रोत जुटाउन सक्ने:** कोषले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम संचालन गर्नको लागि नेपाल सरकार, सरकारी तथा गैर सरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरु सित ऋण, अनुदान, दान दातव्य या उपहार लागायत आवश्यक आर्थिक श्रोत जुटाउन सक्नेछ ।

तर विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकायहरु सित आर्थिक श्रोत लिनु अगावै कोषले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

९. **ऋणपत्र जारी तथा खरिद गर्नसक्ने:** (१) कोषले प्रचलित कानून बमोजिमको रित पुऱ्याई डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्रहरु जारी गर्न तथा खरिद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी तथा खरिद गर्दा तोकिएको प्रकृया अपनाउनु पर्नेछ ।

१०. **शर्तहरु राख्ने अधिकार:** (१) कोषले नगर विकाससँग सम्बन्धित निकायलाई ऋण वा अनुदान दिंदा आफ्नो हितको संरक्षण र आफूले प्रदान गरेको ऋण वा अनुदानको उचित प्रयोगका लागि आवश्यकतानुसार शर्तहरु राखी लिखित रुपमा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा कोषले जतिसुकै अवधिको भाखा राख्न, कोषले तोकेको शर्त भङ्ग गरेमा ऋणीले लिएको ऋणको साँवा व्याज फिर्ता बुझाउन लगाउन वा ऋणीले लिखत गराई दिएको धितो, बन्धक वा अन्य सम्पति र जमानतबाट असुल गर्न सक्ने गरी शर्त तोक्न सक्नेछ ।

(३) कोषले ऋणीलाई दिने कुल ऋण रकमको किस्ता प्राप्त गरेको मितिदेखि त्यसको व्याज हिसाब गर्ने गरी तोकिए बमोजिम किस्ताबन्दीमा नगद, चेक, प्रतिज्ञापत्र वा त्यस्तै अन्य किसिमबाट ऋण प्रदान गर्ने शर्तहरु राख्न सक्नेछ ।

११. **शर्त उल्लंघन गरेमा कोषको अधिकार:** (१) दफा १० बमोजिम गरेको सम्झौता अनुसार कुनै ऋणीले कोषलाई बुझाउनु पर्ने ऋण, त्यसको व्याज र पेश्की बापतको बाँकी रकम नबुझाई कोषसँग गरेको सम्झौतामा उल्लिखित शर्त उल्लंघन गरेमा वा त्यस्तो ऋणको रकम ऋणीसँग चुक्ता हुन नसक्ने पर्याप्त आधारहरु देखिएमा भाखाको अवधि नपुगेको भए तापनि कोषले ऋणीसँग लिनु पर्ने रकम फिर्ता माग गर्न वा ऋण दिंदा धितो बापत राखेको सम्पत्ति वा त्यस्तो ऋणीको अन्य सम्पत्तिहरु प्रचलित कानून बमोजिम कब्जा गरी चलन गर्न, बहाल या ठेक्का पट्टामा दिन वा लिलाम बढाबढ बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरी आफुले लिनु पर्ने रकम असुल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषले ऋणीको सम्पत्ति कब्जा गरी लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा बिक्री गरेकोमा कोषले लिनु पर्ने रकम लिई बढी भएको रकम जति सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा पटक पटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा बिक्री गर्दा कोषको हितमा हुने नदेखिएमा तोकिए बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोषले आफै लिन सक्नेछ ।

१२. **कोषको अधिकार समाप्त नहुने:** (१) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्याद भित्र धितो कब्जा गर्न या ऋण असूल गर्न कारवाही नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुने छैन ।

(२) सम्झौतामा उल्लिखित शर्त बमोजिम धितो कब्जा गरेको, भोग चलन गरेको, भाडा वा ठेक्का पट्टामा दिएको वा मुनाफा बाँड्ने गरी अरुलाई संचालन गर्न दिएकोमा त्यस्तो कारणले मात्र कोषले असुल गरी लिन पाउने ऋण रकमको किस्ता नबुझाए वापतको ब्याज तथा थप दस्तुर वा धितो बिक्री गर्न पाउने कोषको अधिकारमा असर पर्ने छैन ।

१३. **कोषको ऋण लगानीको सुरक्षाः** कोषले ऋण लगानी गरेको नगर विकाससँग सम्बन्धित निकाय वा कुनै संस्था विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको जायजेथामा सबभन्दा पहिलो हक दावी कोषको हुनेछ ।

## परिच्छेद-३

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. **समितिको गठनः** (१) कोषको उद्देश्य प्राप्तीको लागि सुव्यवस्थितरुपले आवश्यक कार्यक्रमहरु संचालन गर्न, गराउन र कोषको सम्पूर्ण काम कारवाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक संचालक समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरु रहनेछन-

(क) सचिव, ϒ शहरी विकास मन्त्रालय — अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) — सदस्य

(ग) प्रतिनिधि, ϒ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) — सदस्य

(घ) ϒ नगरपालिकका प्रमुख वा उपप्रमुखहरुमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिला सहित सातजना — सदस्य

(ङ) वित्तीय संस्था संचालन क्षेत्रमा विशेषज्ञता हासिल गरेको अर्थ विज्ञ वा इन्जिनीयरिङ्ग विषयमा स्नातकोपाधि हासिल गरी

ϒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

नगर विकास क्षेत्रमा कार्यरत प्राविधिक व्यक्ति वा नगर विकाससँग सम्बन्धित निकायहरु मध्येबाट प्रतिनिधित्व हुने गरी समितिले मनोनीत गरेका दुई जना — सदस्य

*(ङ १) समावेशिताको आधारमा नगर विकास सम्बन्धी विज्ञता भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जना महिला सहित तीन जना — सदस्य

(च) कार्यकारी निर्देशक — सदस्य -सचिव

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। पदावधि पूरा नहुदै कुनै मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही पक्रियाबाट पूर्ति गरिनेछ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार वा नगर विकास कार्यसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

१५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ। तर एक वर्षमा कम्तीमा ६ पटक समितिको बैठक बस्नु पर्नेछ।

(२) एक तिहाई सदस्यहरुले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

*केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषय वस्तु तथा बैठकमा भएका निर्णयहरु एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको दस्तखत गराई राख्नु पर्नेछ ।

(८) समितिले गरेका निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **समितिको काम, कर्तव्य र अधिकार:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमहरुका अधिनमा रही कोषले गर्नु पर्ने सम्पूर्ण काम कारवाहीहरु गर्नु तथा कोषलाई प्राप्त सम्पूर्ण अधिकारहरुको प्रयोग तथा कर्तव्यको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित काम, कर्तव्यहरुका अतिरिक्त कोषको उद्देश्य प्राप्तीको लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. **उप समिति गठन गर्न सक्ने:** (१) समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यकतानुसार उप-समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उप-समितिहरुको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यावधि समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१८. **कार्यकारी निर्देशक:** (१) कोषको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नको लागि तोकिएको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकको पदपूर्ति नभएसम्मको लागि नेपाल सरकारले समितिसँग परामर्श गरी समितिको वरिष्ठ कर्मचारीलाई बढीमा ३ महिनाको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्ने छ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले कोषलाई हानी नोक्सानी हुने कुनै काम कारवाही गरेमा वा समितिको नीति निर्देशन विपरित काम गरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको दिर्घकालिन तथा अल्पकालीन योजना वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(घ) कोषको दैनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गरी कोषका उद्देश्य अनुसार आवश्यक कार्यहरु गर्ने ।

(ङ) कोषको लगानीमा कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगती विवरण समिति समक्ष पेश गर्ने ।

(च) कोषले संचालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) कोषको काम सुचारु रुपले संचालन गर्नको लागि कोषमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) कोषका कर्मचारीहरुको नियुक्ती, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५

## कोष र लेखापरीक्षण

२१. **कोषः** (१) कोषको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋण ।

(ग) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार ।

(घ) नगर विकाससँग सम्बन्धित निकायलाई प्रदान गरेको सेवा तथा परामर्श वापत प्राप्त गरेको शुल्क ।

(ङ) कोषले गरेको लगानीबाट उठेको रकम ।

(च) डिबेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र जारी गरी प्राप्त गरेका रकम ।

(छ) कोषको चल तथा अचल सम्पत्तिबाट आर्जन भएको रकम ।

(ज) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई प्राप्त हुने सम्पूर्ण रकमहरु नेपाल[∝]........ स्थित कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

२२. **लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

[∝] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) कोषको आय व्ययको वार्षिक लेखा परीक्षण महालेखा परीक्षकबाट मान्यता प्राप्त लेखा परिक्षकहरु मध्येबाट महालेखा परीक्षकको परामर्श लिई समितिले नियुक्त गरेको लेखा परीक्षकबाट हुनेछ ।

(३) कोषले आवश्यक देखेमा कुनै लेखा परीक्षकद्वारा कोषको आन्तरिक लेखापरीक्षण गराउन सक्नेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको वार्षिक हिसाब किताब जाँच्न वा जचाउँन सक्नेछ ।

## परिच्छेद - ६

## विविध

२३. **कोषले पाउने छुटः** कोषले ऋणी वा जमानीबाट लिखत गराई धितो लिंदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराई लिदा वा कोषले अचल सम्पत्ति खरिद बिक्री गर्दा त्यस्तो कारोवारमा आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२४. **आयकर छुटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कोषले आर्जित गरेको आयमा लाग्ने आयकर पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ ।

२५. **निर्णय प्रकृयामा सहभागी हुन नपाउनेः** कोषका सदस्य तथा कुनै कर्मचारीहरुले आफ्नो स्वार्थ भएको कुनै विषय वस्तुसँग सम्बन्धित कोषको कुनै निर्णय प्रकृयामा सहभागी हुन पाउने छैनन् ।

२६. **काम कारवाही वदर नहुनेः** समितिको कुनै सदस्यको मनोनयन नभएको कारणले मात्र समितिको काम कारवाही बदर हुने छैन ।

२७. **गोपनियता तथा इमान्दारीको शपथ ग्रहण गराउनेः** सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनियता र इमान्दारीको सपथ ग्रहण गर्नु पर्नेछ ।

२८. **वार्षिक प्रतिवेदनः** (१) कार्यकारी निर्देशकले कोषको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र समिति समक्ष पेश गर्नु पर्नेछ र समितिबाट पारित प्रतिवेदनको एक प्रति कार्यकारी निर्देशकले नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी निर्देशकले समितिको स्वीकृति लिई उपदफा (१) मा उल्लेख भए बमोजिमको कोषको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२९. **यसै ऐन बमोजिम हुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐनमा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

३०. **बैठक भत्ता:** सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३१. **नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्ने:** नेपाल सरकाले कोषले गरेको काम कारवाहीहरुको आवश्यक जाँचबुझ गरी कोषको उद्देश्य अनुरुप काम कारवाही गर्न कोषलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ ।

३२. **अधिकार प्रत्यायोजन:** (१) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कुनै सदस्य, दफा १७ बमोजिम गठित उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. **नेपाल सरकारले कोषलाई विघटन गर्न सक्ने:** देहायको अवस्थामा नेपाल सरकारले कोषलाई विघटन गर्न सक्नेछः-

(क) कोषले नेपाल सरकार, कुनै विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त ऋण रकम नेपाल सरकार, विदेशी सरकार वा अन्य त्यस्तो संस्थालाई तिर्न कोष असमर्थ छ भन्ने नेपाल सरकारलाई लागेमा ।

(ख) यो ऐनको उद्देश्य अनुरुप कोषले काम गर्न नसकेमा ।

(ग) दफा ३१ बमोजिम नेपाल सरकारले दिएको आदेश वा निर्देशन कोषले उल्लंघन गरेमा कोषलाई विघटन गर्न वाञ्छनीय छ भन्ने नेपाल सरकारलाई लागेमा ।

*(घ) कोष कायम राख्न आवश्यक छैन भन्ने नेपाल सरकारले ठहऱ्याएमा ।

---

*केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा थप ।

३४. **सम्पत्ति तथा दायित्व सर्ने:** दफा ३३ बमोजिम कोष विघटन भएमा कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्वहरु नेपाल सरकारमा सर्नेछ ।

३५. **नेपाल सरकार सँग सम्पर्क:** कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार, ϒ शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

तर कोषसँग सम्बन्धित दैनिक प्रशासकीय कामका लागि सम्बन्धित निकायसँग कोषले सिधै सम्पर्क राख्न सक्नेछ ।

३६. **नियम तथा विनियम बनाउन सक्ने:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) कोषले आफ्नो कार्य संचालन गर्नका लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुका अधिनमा रहि आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

३७. **खारेजी र बचाउ:** (१) नगर विकास कोष समिति (गठन) आदेश, २०४५ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमका गठन आदेश अन्तर्गत गठित समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक र दायित्वहरु यस ऐन बमोजिम स्थापित कोषमा सर्नेछ ।

(३) उप-दफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिले गरेको सम्पूर्ण काम कारवाहीहरु यसै ऐन बमोजिम स्थापित कोषले गरे सरह मानिनेछ ।

(४) उपदफा (१) बमोजिमको गठन आदेश अन्तर्गत गठित समितिमा कार्यरत कार्यकारी निर्देशक तथा कर्मचारीहरु यसै ऐन बमोजिम नियुक्ति भएका मानी कोषमा बहालमा रहनेछन् ।

---

ϒ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

द्रष्टव्य: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएको शब्दहरु:- "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# नगर विकास कोष नियमावली, २०५४

# नगर विकास कोष नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति: २०५४/६/१३

नगर विकास कोष ऐन, २०५३ को दफा ३६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नगर विकास कोष नियमावली, २०५४" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले "नगर विकास कोष ऐन, २०५३" सम्झनु पर्छ ।

(ख) "लगानी" भन्नाले नगर विकाससँग सम्बन्धित निकायले संचालन गरेको आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजनामा र बैंक, वित्तीय संस्था वा अन्य सँगठिन संस्थाको शेयर, डिवेन्चर र अन्य धितोपत्रहरुमा कोषले गरेको लगानी सम्झनु पर्छ ।

(ग) "बैक" भन्नाले वाणिज्य बैंक ऐन, २०३१ बमोजिम स्थापना भएको वाणिज्य बैंक सम्झनु पर्छ ।

(घ) "वित्तीय" संस्था भन्नाले शहरी तथा ग्रामिण विकास, सहकारी, उद्योग वा अन्य कुनै खास प्रयोजनको लागि ऋण दिने उद्देश्यले स्थापना भएको कुनै वित्तीय संस्था सम्झनु पर्छ ।

(ङ) "लगानी प्रवर्द्धन समिति" भन्नाले नियम ४ बमोजिम गठन भएको लगानी प्रवर्द्धन समिति सम्झनु पर्छ ।

३. **कोषको लगानी नीतिः** कोषले लगानी गर्दा लगानीको सुरक्षा, तरलता तथा त्यसबाट प्राप्त हुने लाभांश वा प्रतिफल समेतलाई ध्यानमा राखी देहायका क्षेत्रहरुमा लगानी गर्न सक्नेछः-

(क) नगर विकाससँग सम्बन्धित निकाय आफैले संचालन गरेको वा बैंक वा वित्तीय संस्थाहरुसँग मिलि कर्न्सोटीयम वा ब्रिज फाइनान्सिङमा संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा लगानी गर्न ।

(ख) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्र खरिद गर्न ।

(ग) बैंक, वित्तीय संस्था वा सँगठित संस्थाले जारी गरेको शेयर, डिवेन्चर तथा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्न ।

४. **लगानी प्रवर्द्धन समितिः** (१) कोषको लगानी नीति निर्धारण गर्न तथा कोषको रकम सुरक्षित क्षेत्रमा लगानी गर्ने सम्बन्धमा कोषलाई सुझाव पेश गर्ने काम समेतको लागि कोषले एक लगानी प्रवर्द्धन समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको लगानी प्रवर्द्धन समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

(क) कार्यकारी निर्देशक - अध्यक्ष

(ख) समितिका सदस्यहरु मध्येबाट समितिले मनोनीत गरेको एक जना - सदस्य

(ग) अर्थ तथा लगानी विज्ञहरु मध्येवाट समितिले मनोनीत गरेको एक जना - सदस्य

(३) उपनियम (२) को खण्ड (ख) र (ग) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) लगानी प्रवर्द्धन समितिले आवश्यकता अनुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, सल्लाहकार, ऋण वा अनुदान दिने संस्थाको प्रतिनिधि वा नगर विकाससँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्ति लाई लगानी प्रवर्द्धन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) लगानी प्रवर्द्धन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **कोषले परामर्श सेवा प्रदान गरे वापत लिन पाउने शुल्कः** कोषले ऐनको दफा ७ बमोजिम नगर विकाससँग सम्बन्धित निकायहरुलाई नगर विकास सेवा सम्बन्धी परामर्श सेवा प्रदान गरे वापत लिन पाउने शुल्क समितिले तोकिदिए बमोजिम हुनेछ ।

६. **शेयर, डिबेन्चर वा अन्य ऋणपत्रमा गरिने लगानीको हदः** कुनै बैंक, वित्तीय संस्था वा सँगठित संस्थाले जारी गरेको शेयर, डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्दा उक्त बैंक, वित्तीय संस्था वा सँगठित संस्थाको पूँजीको दश प्रतिशत वा कोषमा जम्मा रहेको पूँजीको दश प्रतिशतमा जुन घटी हुन्छ सो मा नबढ्ने गरी मात्र लगानी गर्न सक्नेछ ।

तर कुनै खास प्रयोजनको लागि खर्च गर्न कुनै संस्थाबाट कोषलाई प्राप्त भएको अनुदान रकम कुनै बैंक, वित्तीय संस्था वा सँगठित संस्थाले जारी गरेको शेयर, डिबेन्चर वा अन्य कुनै

किसिमको ऋणपत्रमा लगानी गर्नु परेमा त्यस्तो संस्थाको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृति लिइएकोमा दश प्रतिशतको बन्देज लागू हुने छैन ।

७. **डिवेन्चर वा अन्य ऋणपत्र जारी गर्ने हदः** (१) कोषले डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा आफ्नो कूल चल तथा अचल सम्पत्तिको पच्चीस प्रतिशतमा नबढ्ने गरी जारी गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले कुनै बैंक वा संस्थाको जमानीमा सो जमानीमा उल्लेख भए बमोजिमको रकम बराबरको ऋणपत्र जारी गर्न सक्नेछ ।

८. **कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ्गमा गरिने लगानीको हदः** कोषले कुनै बैंक वा वित्तीय संस्थासँग मिली नगर विकाससँग सम्बन्धित निकायले संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा कन्सोर्टियम वा ब्रिज फाइनान्सिङ्गको आधारमा लगानी गर्दा कोषमा जम्मा रहेको पूँजीको १५ प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

तर कुनै खास प्रयोजनको लागि खर्च गर्न कुनै संस्थाबाट कोषलाई प्राप्त भएको अनुदान रकम कुनै बैंक वा वित्तीय संस्थासँग मिली नगर विकाससँग सम्बन्धित निकायले संचालन गर्ने आधारभूत सामाजिक सेवा र आयमूलक आयोजनामा लगानी गर्नु परेमा त्यस्तो संस्थाको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृति लिइएकोमा पन्ध्र प्रतिशतको बन्देज लागू हुने छैन ।

९. **डिवेन्चर वा अन्य ऋणपत्र जारी गर्दा अपनाउनु पर्ने प्रक्रियाः** (१) कोषले डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र जारी गर्दा कोषले ऋणको जम्मा मूल्य भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य विवरण समेत खुलाई नेपाल ∝ ....... को कम्तीमा कुनै दुई प्रमुख पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना प्रकाशित भएपछि त्यस्तो डिबेन्चर वा ऋणपत्र खरिद गर्न चाहने व्यक्ति ले आफूलाई चाहिएको डिवेन्चर वा ऋणपत्र बारे सबै कुरा खुलाई आवश्यक रकम समेत संलग्न राखी कोष समक्ष निवेदन दिनु पर्नेछ ।

तर कुनै व्यक्ति वा संस्थाले कति रकमको डिवेन्चर वा ऋणपत्र लिन पाउने भन्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कोषमा निहित रहनेछ ।

---

∝ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

१०. **ऋणपत्र सम्बन्धी कार्यविधिः** कोषले जारी गरेको डिवेन्चर वा अन्य कुनै किसिमको ऋणपत्रको नामसारी, सांवा व्याजको भुक्तानी र तत्सम्बन्धी अन्य कार्यविधिहरु समितिले तोकिदिए बमोजिम हुनेछ । त्यसरी कार्यविधि तोक्दा समितिले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **ब्याजदरको निर्धारणः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले नगर विकाससँग सम्बन्धित निकायलाई दिने ऋणमा लिने ब्याज दरको निर्धारण समितिले लगानी प्रवर्द्धन समितिको सिफारिशमा गर्नेछ ।

१२. **ऋणको भुक्तानीः** ऋणीले ऋण सम्झौतामा उल्लेख भए बमोजिम कुल ऋणको सावा तथा ब्याज रकमलाई एक वा एकभन्दा बढी किस्ताहरुमा विभाजन गरी कोषलाई नियमित रुपमा ऋणको सांवा तथा ब्याज रकमको भुक्तानी गर्नु पर्नेछ ।

१३. **ऋणीको सम्पत्तिको मूल्याङ्कन प्रक्रियाः** (१) ऐनको दफा ११ को उपदफा (३) बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोष आफैले लिनु पर्ने देखिएमा लगानी प्रबर्द्धन समितिको सिफारिशमा कोषले त्यस्तो सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व आफै लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गर्ने सिफारिश गर्दा लगानी प्रबर्द्धन समितिले त्यस्तै प्रकारका अन्य सम्पत्तिको बजार मूल्य तथा प्रचलित ह्रास कट्टी सम्बन्धी व्यवस्थासमेतको अध्ययन गरी त्यस्तो सम्पत्तिको मोल सिफारिश गर्नु पर्नेछ ।

१४. **कार्यकारी निर्देशकको योग्यताः** कार्यकारी निर्देशकको पदमा नियुक्ति हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, व्यवस्थापन, चार्टर एकाउन्टेन्सी वा इन्जिनियरिङ्ग विषयहरु मध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधी हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त गरेको वा उल्लेखित कुनै एक विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रका कम्तीमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

१५. **कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधाः** कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था विनियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ र त्यसरी विनियमावली नबनेसम्म निजको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी व्यवस्था समितिले तोकेबमोजिम हुनेछ ।

१६. **कार्यकारी निर्देशकलाई पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रियाः** (१) कार्यकारी निर्देशकले कोषलाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेको वा समितिको नीति निर्देशन विपरित काम गरेको व्यहोराको जानकारी पाएमा समितिले सो कुराको जाँचबुझ गर्न समितिका सदस्यहरु मध्येबाट तीन जना सदस्यहरु रहेको एउटा जाँचबुझ समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा कार्यकारी निर्देशक, कोषको कर्मचारी तथा सम्बन्धित व्यक्तिहरुलाई आफू समक्ष उपस्थित गराई आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) जाँचबुझ समितिले जाँचबुझको कार्य समाप्त भएपछि आफ्नो राय सहित जाँचबुझको प्रतिवेदन समितिलाई बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ समितिले पेश गरेको जाँचबुझको प्रतिवेदनबाट कार्यकारी निर्देशकले कोषलाई हानी नोक्सानी हुने कुनै काम कारवाही गरेको वा समितिको नीति निर्देशन विपरित काम गरेको देखिएमा समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि कारण र आधार खोली स्पष्टीकरण प्रस्तुत गर्न मनासिव समय दिई सूचना दिनु पर्ने छ सो म्याद भित्र कार्यकारी निर्देशकले कुनै स्पष्टिकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा समितिले कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछ ।

(५) यस नियम बमोजिम कार्यकारी निर्देशक उपर लागेको आरोपको जाँचबुझ गर्न जाँचबुझ समिति गठन भए पछि जाँचबुझको काम नसकिएसम्म कार्यकारी निर्देशकले पदीय कर्तव्य पालन गरेमा कोषको हित विपरित हुने भन्ने कुरा समितिलाई लागेमा समितिले कार्यकारी निर्देशकलाई पदीय काम कारोवार गर्नबाट रोक लगाउनु पर्नेछ ।

(६) कार्यकारी निर्देशकले जानी जानी कोषलाई हानी नोक्सानी पुऱ्याएको कुरा प्रमाणित भएमा निजबाट त्यस्तो हानी नोक्सानी प्रचलित कानून बमोजिम असूल उपर गरिने छ ।

१७. **कोषको लेखा:** (१) कोषको आय-व्ययको लेखा समितिले तोकिदिएबमोजिमको ढाँचामा राख्नु पर्नेछ । समितिले यसरी लेखाको ढाँचा तोक्दा दोहरो लेखा प्रणालीको आधारमा कोषको आय-व्ययको लेखा राख्नु पर्ने गरी तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राख्नु पर्ने कोषको आय-व्ययको लेखा अद्यावधिक गरी राख्नु कोषको कर्तव्य हुनेछ ।

१८. **बैठक भत्ता:** समिति, लगानी प्रवर्द्धन समिति तथा ऐनको दफा १७ बमोजिम गठित उप-समितिका सदस्यहरुले बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको सहमति लिई समितिले तोकिदिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

१९. **शपथ ग्रहण:** सदस्य, कार्यकारी निर्देशक तथा कोषको प्रत्येक कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अघि अनुसूचीमा उल्लेख भए वमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२०. **निर्देशिका बनाई लागू गर्न सक्ने:** (१) ऐन, यस नियमावली र सो अन्तर्गत बनेका विनियमहरुका अधीनमा रही समितिले कोषको लगानी नीतिलाई व्यवस्थित गर्नको लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले बनाएको निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## अनुसूची

(नियम १९ सँग सम्बन्धित)

### शपथ ग्रहण फारामको नमूना

म...................................... ईश्वरको नाममा सत्य / निष्ठापूर्वक शपथ लिन्छु कि नगर विकास कोषको सदस्य/कार्यकारी निर्देशक/कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी कोष प्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही नगर विकास कोष ऐन, २०५३, नगर विकास कोष नियमावली, २०५४ र सो अन्तर्गत बन्ने विनियमावलीहरुका अधीनमा रही आफ्नो कर्तव्यको पालन गर्नेछु । मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म आफ्नो पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| शपथ ग्रहण गर्नेको : | शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको : |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

---

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन २०६३ द्वारा रुपान्तर गरिएको शब्दहरुः- “श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।

# नगर विकास कोष
# लगानी विनियमावली, २०७९

# लगानी विनियमावली, २०७९

सञ्चालक समितिबाट स्वीकृत भएको मितिः २०७९।११।२

**प्रस्तावनाः** शहरी पूर्वाधार निर्माणका लागि प्रवाह गरिने ऋण तथा अनुदान सम्बन्धी प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नगर विकास कोष ऐन, २०५३ को दफा ३६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम **"नगर विकास कोष, लगानी विनियमावली, २०७९"** रहेको छ ।

(२) यो विनियमावली समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "ऐन" भन्नाले नगर विकास कोष ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "आवेदक" भन्नाले कोषबाट लगानीका लागि आवेदन गर्ने निकाय, संस्था वा स्थानीय तह समेतलाई सम्झनु पर्छ ।

(ग) "ऋणी" भन्नाले शहरी पूर्वाधार विकासका लागि कोषबाट ऋण लिने संस्था, निकाय वा आयोजना सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित नगर विकास कोष सम्झनु पर्छ ।

(ङ) "धितो" भन्नाले कोषले प्रदान गर्ने ऋणको सुरक्षणका लागि दिइएको चल, अचल सम्पत्ति, त्यस्तो सम्पत्तिमाथिको हक अधिकार सम्झनु पर्छ ।

(च) "निकाय" भन्नाले नगर विकाससँग सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी निकाय वा गैह्र सरकारी संस्थालाई समेत जनाउँछ ।

(छ) "नियमावली" भन्नाले नगर विकास कोष नियमावली, २०५४ सम्झनु पर्छ ।

(ज) “लगानी” भन्नाले यस विनियमावली बमोजिम शहरी पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई कोषबाट प्रदान गरिने ऋण, अनुदान र त्यस्तै प्रकृतिका अन्य पूँजीगत लगानी सम्झनु पर्छ ।

(झ) “लगानी प्रवर्द्धन समिति” भन्नाले नियमावलीको नियम ४ बमोजिम गठित लगानी प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ञ) “विकास साझेदार” भन्नाले कोषको उद्देश्य प्राप्तिका लागि वित्तीय वा प्राविधिक सहयोग उपलब्ध गराउने अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकाय वा राष्ट्र सम्झनु पर्छ ।

(ट) “स्थानीय तह” भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका समेत सम्झनु पर्छ ।

(ठ) “स्वपूँजी” भन्नाले पूर्वाधार निर्माणमा लगानी गर्नका लागि नेपाल सरकारले उपलब्ध गराएको पूँजी (ईक्विटी), कोषको आफ्नो पूँजी र कोषले आर्जन गरेको वचत रकम समेतलाई सम्झनु पर्छ ।

(ड) “समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठित कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## लगानीको नीति, स्रोत र क्षेत्र

३. **लगानी नीतिः** कोषले शहरी पूर्वाधार विकास, निर्माण र संचालनका लागि देहायका नीतिका आधारमा लगानी गर्नेछः-

(क) शहरी पूर्वाधार विकास, निर्माण र संचालनका लागि लगानी गर्ने,

(ख) भौगोलिक क्षेत्र, संस्थागत सुशासन र रणनैतिक स्थानमा ऋण उपयोग तथा भुक्तानी गर्ने क्षमताका आधारमा लगानी गर्ने,

(ग) लगानी प्रोत्साहनका लागि अनुदान मिश्रित ऋण प्रवाह गर्ने,

(घ) लगानी आयोजना बैंक तयार गर्ने,

(ङ) सम्भाव्य आयोजना विकास, निर्माण र सञ्चालनका लागि प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) सुरक्षित लगानी सुनिश्चितताको लागि प्रभावकारी अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन प्रणाली अवलम्वन गर्ने,

(छ) जलवायु उत्थानशील पूर्वाधारका क्षेत्रहरु पहिचान गरी हरित वित्तका स्रोतहरु परिचालन गर्ने ।

४. **लगानीका स्रोतहरुः** (१) कोषले शहरी पूर्वाधारमा लगानीका लागि देहाय बमोजिमका स्रोतको उपयोग गर्न सक्नेछः-

(क) नेपाल सरकारबाट प्राप्त पूँजी,

(ख) नेपाल सरकारवाट साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना अन्तर्गत प्राप्त पूँजी,

(ग) नगर विकास कार्यक्रम अन्तर्गत स्थापित चक्रीय कोषमा रहेको रकम,

(घ) दिगो शहरी यातायात क्षेत्र अन्तर्गत प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त ऋण एवम् अनुदान रकम,

(च) कोषको सञ्चित बचत रकम,

(छ) विकास साझेदारबाट प्राप्त ऋण तथा अनुदान रकम,

(ज) प्रचलित कानून बमोजिम जारी गरिने विकास ऋणपत्र वा डिवेञ्चरबाट प्राप्त रकम,

(झ) समितिले समय समयमा लगानी गर्ने गरी तोकिदिएको रकम ।

(२) उप विनियम (१) को खण्ड (ख) र (घ) मा उल्लेखित रकम नेपाल सरकारले तोकेको क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

५. **पूर्वाधार लगानीका क्षेत्रहरुः** कोषले विनियम ४ बमोजिमको स्रोतलाई **अनुसूची १** बमोजिम आधारभूत सामाजिक पूर्वाधार र आयमूलक पूर्वाधार क्षेत्रका आयोजनामा लगानी गर्नेछ ।

## परिच्छेद-३

## लगानी संरचना तथा जिम्मेवारी

६. **लगानी स्वीकृत गर्ने अधिकारः** (१) कोषको तर्फबाट हुने लगानी स्वीकृत गर्ने अधिकार कोष सञ्चालक समितिमा रहनेछ ।

(२) उपविनियम (१) बमोजिमको अधिकार प्रयोग गर्ने सन्दर्भमा समितिले देहाय बमोजिमको कार्यहरु गर्नेछ :

(क) लगानी सम्बन्धी नीति, नियम, निर्देशिकाहरु स्वीकृत गर्ने तथा समयानुकुल परिमार्जन गर्ने, गराउने,

(ख) कोषबाट भएको लगानी सम्बन्धमा आवधिक समीक्षा गर्ने,

(ग) लगानी सम्बन्धी कार्यलाई व्यवस्थित गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(घ) कोषको लगानी सम्बन्धी केही वा सबै अधिकार लगानी प्रवर्द्धन समिति र कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्ने ।

(३) यस विनियमावली बमोजिम आयोजनामा लगानी स्वीकृत गर्ने सिमा र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दश करोडसम्म कार्यकारी निर्देशक,

(ख) दश करोड भन्दा माथि बीस करोडसम्म लगानी प्रवर्द्धन समिति,

(ग) बीस करोड भन्दा माथि सञ्चालक समिति ।

(४) उपविनियम (३) को (क) र (ख) बमोजिम लगानी स्वीकृत गरिएका आयोजनाहरुको जानकारी संचालक समितिलाई गराउनुपर्नेछ ।

७. **लगानी प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः** नियमावलीमा उल्लेख भए बाहेक लगानी प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको तर्फबाट गरिने लगानीलाई व्यवस्थित गर्न नीति, विनियम, निर्देशिका, ढाँचा तथा व्यावसायिक कार्ययोजना तर्जुमा गरी संचालक समिति समक्ष सिफारिस गर्ने,

(ख) व्यवस्थापनबाट पेश भएको आयोजना मूल्याङ्कन प्रतिवेदन उपर समीक्षा गरी लगानी स्वीकृतीका लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ग) सञ्चालक समितिले प्रत्योजित गरेको अधिकार अनुरुप लगानी स्वीकृत गर्ने,

(घ) कोषको लगानी सम्बन्धी कार्यहरुको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने,

(ङ) सञ्चालक समितिले तोकिदिए बमोजिमका अन्य निर्दिष्ट कार्य गर्ने ।

८. **सम्पत्ति तथा दायित्व व्यवस्थापन उपसमितिः** (१) कोषको सम्पत्ति तथा दायित्वलाई प्रभावकारीरुपमा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको सम्पत्ति तथा दायित्व व्यवस्थापन उपसमिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक | संयोजक |
| (ख) | कार्यकारी निर्देशकले तोकेको आन्तरिक वित्त विज्ञ | सदस्य |
| (ग) | प्रमुख लगानी अधिकृत | सदस्य-सचिव |

(२) उपविनियम (१) बमोजिम उपसमितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

(क) लगानीको स्रोत उपलब्धता र तरलताको अवस्थाका समसामयिक विश्लेषण गर्ने,

(ख) लगानीको पोर्टफोलियो, ब्याजदर, शर्त र सिमाको विश्लेषण गर्ने,

(ग) लगानीको आवश्यकता, विधि तथा क्षेत्रको विश्लेषण गर्ने,

(घ) लगानी तथा जोखिम व्यवस्थापनसँग सम्बन्धित कार्यको अनुगमन र मूल्याङ्कन गर्ने,

(ङ) सम्पत्ति तथा दायित्य सम्बन्धी विषयमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी लगानी प्रबर्द्धन समितिमा पेश गर्ने,

(च) समितिले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने,

(छ) उपसमितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** ऐन तथा नियमावलीमा उल्लेख भए बाहेक कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजना मूल्याङ्कन प्रतिवेदन पुनरावलोकन गरी लगानी प्रबर्द्धन समिति समक्ष पेश गर्ने,

(ख) लगानीका लागि जोखिमयुक्त देखिएको आयोजना सम्बन्धी मूल्याङ्कन प्रतिवदेन पुनरावलोकनका लागि जोखिम व्यवस्थापन उपसमिति समक्ष पेश गर्ने,

(ग) समितिले प्रत्योजित गरेको अधिकार अनुरुप लगानी स्वीकृत गर्ने,

(घ) प्राप्त अधिकार भन्दा बढी लगानी स्वीकृतीको लागि लगानी प्रबर्द्धन समिति समक्ष सिफारिस गर्ने,

(ङ) लगानी सम्बन्धी कार्यहरुको प्रगति प्रतिवेदन तयार गरी लगानी प्रबर्द्धन समिति तथा समिति समक्ष पेश गर्ने,

(च) लगानी प्रबर्द्धन समितिले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(छ) समितिले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने ।

१०. **<u>प्रमुख लगानी अधिकृतः</u>** (१) कोषको लगानी सम्बन्धी दैनिक कार्य सम्पादनको लागि एक प्रमुख लगानी अधिकृत रहनेछ ।

(२) उपविनियम (१) बमोजिमको प्रमुख लगानी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषका विभिन्न शाखा/महाशाखाहरुको समन्वयमा आयोजना मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यकारी निर्देशक समक्ष पेश गर्ने,

(ख) कोषको लगानी सम्बन्धी नीति, निर्देशिका तथा लगानीको व्यवसायिक योजना तर्जुमा गरी कार्यकारी निर्देशक समक्ष पेश गर्ने,

(ग) कोषको लगानी सम्बन्धी प्रगति प्रतिवेदन त्रैमासिक रुपमा तयार गरी कार्यकारी निर्देशक समक्ष पेश गर्ने,

(घ) लगानी सम्बन्धी भईरहेका कार्यक्रमहरुको अनुगमन गरी कार्यकारी निर्देशक समक्ष प्रतिवेदन पेश गर्ने,

(ङ) कार्यकारी निर्देशकले दिएका अन्य निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

## परिच्छेद-४

## लगानी योग्य ऋणी, जग्गा तथा लगानी सूचक

११. **लगानी योग्य ऋणी:** कोषबाट गरिने नियमित लगानीका लागि देहायका संस्था तथा आयोजना योग्य हुनेछन् ।

(क) स्थानीय तह,

(ख) नगर विकाससँग सम्बन्धित निकाय,

(ग) प्रचलित कानून बमोजिम स्थापित उपभोक्ता समिति,

(घ) नगर विकासको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था वा साझेदार संस्था,

(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहद्वारा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप छनौट वा सिफारिस भएका आयोजना ।

१२. **आयोजना निर्माण हुने जग्गा सम्बन्धी व्यवस्था:** (१) कोषले देहाय बमोजिमको जग्गामा निर्माण हुने आधारभूत सामाजिक पूर्वाधार तथा आयमूलक पूर्वाधार आयोजनामा लगानी गर्न सक्नेछः-

(क) ऋणीको नाममा स्वामित्व प्राप्त भएको जग्गा,

(ख) ऋण अवधि भन्दा थप ५ वर्ष अवधिका लागि लिज वा भाडा सम्झौता भएको जग्गा,

(ग) नेपाल सरकारले प्रचलित कानून बमोजिम लिजमा उपलब्ध गराएको वा प्रयोग गर्न अनुमति प्राप्त जग्गा,

(घ) जग्गा प्राप्ती गर्ने सम्बन्धी प्रचलित कानून अनुसार प्राप्त गरेको जग्गा ।

(२) उप विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत सामाजिक पूर्वाधार आयोजनाको हकमा संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहको लगानी हुने गरी स्वीकृत भएको अवस्थामा कोषबाट लगानी गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

१३. **लगानीका सूचक तथा मापदण्ड:** (१) कोषले गर्ने लगानीका लागि ऋणी तथा आयोजनाको निमित्त ऋण वहन क्षमता, व्यावसायिक सम्भाव्यता, लगानी प्रतिफलको अवस्था र वित्तीय योग्यता सम्बन्धी सूचक तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) कोषले उपविनियम (१) बमोजिम गरिने सूचक तथा मापदण्ड मूल्याङ्कनका लागि **आयोजना मूल्याङ्कन निर्देशिका** बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद ५

## लगानी विधि र प्रक्रिया सम्बन्धी व्यवस्था

१४. **ऋण लगानीका विधिहरुः** कोषले यस विनियमावली बमोजिम लगानी गर्दा धितो लिई वा नलिई देहायका मध्ये कुनै विधिको प्रयोग गरी आयोजना लागतको नब्बे प्रतिशतसम्म लगानी गर्न सक्नेछः-

(क) **साधारण विधिः** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत= कोषको ऋण+ऋणीको योगदान**

(ख) **मिश्रित विधिः** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण, अनुदान र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत= कोषको ऋण+कोषको अनुदान+ऋणीको योगदान**

(ग) **सहलगानी विधिः** प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोषबाट प्रवाह गरिने ऋण, ऋणीको योगदान र संघीय सरकार वा प्रदेश सरकार वा दातृ निकायहरुबाट प्राप्त अनुदान समेतका आधारमा गरिने लगानी ।

**आयोजना लागत= कोषको ऋण+ऋणीको योगदान+ केन्द्रीय सरकार/ प्रदेश सरकार/दातृ निकायको अनुदान**

(घ) **सार्वजनिक नीजि साझेदारी विधिः** नीजि क्षेत्र र सार्वजनिक निकायबीच सम्पन्न आयोजना विकास सम्झौता तथा आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोष, नीजि क्षेत्र र सार्वजनिक निकायबीच गरिने त्रिपक्षीय सम्झौता बमोजिम सार्वजनिक निकायको ऋण जमानीमा गरिने आयोजना लगानी ।

**आयोजना लागत= कोषको ऋण+निजी क्षेत्रको लगानी + सार्वजनिक निकायको योगदान**

*स्पष्टीकरण: आयोजनालाई लगानी योग्य बनाउन सार्वजनिक निकायको योगदानको रुपमा आयोजनालाई उपलब्ध गराएको भाएविलिटी ग्याप फण्ड समेतलाई यस विधि अनुसार सार्वजनिक निकायको योगदान मानिनेछ ।*

(ङ) **सहवित्तीय (कन्सोर्टियम) विधिः** आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा कोष, बैंक तथा वित्तीय संस्थाको संयुक्त ऋण र ऋणीको योगदान समेतका आधारमा गरिने लगानी । यस्तो आयोजनामा संघीय वा प्रदेश सरकारको अनुदान समेत लगानी हुन सक्नेछ ।

तर यसरी लगानी गर्दा कोषमा जम्मा रहेको पूँजीको १५ (पन्ध्र) प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

| **आयोजना लागत= कोष तथा वित्तीय संस्थाको संयुक्त ऋण+ऋणीको योगदान** |
|---|

१५. **शेयर लगानी विधिः** (१) कोषले यस विनियमावली बमोजिम लगानी योग्य शहरी पूर्वाधार विकास आयोजनाको मूल्याङ्कन प्रतिवेदनको आधारमा पूँजीको बढीमा १० (दश) प्रतिशतसम्म मात्र शेयर लगानी गर्न सक्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कूल पूँजीको १० (दश) प्रतिशत भन्दा बढी रकम यस विधि मार्फत लगानी गर्न सकिने छैन ।

१६. **विशेष लगानी विधिः** (१) आयोजना मूल्याङ्कन प्रतिवेदनको आधारमा आयोजनाको प्रकृति एवं विशिष्ठकृत अवस्थामा विशेष लगानी विधी तय गरी लगानी गर्न सकिनेछ ।

१७. **सम्झौता बमोजिम हुनेः** यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार र दातृ निकायबीच वित्तीय सम्झौता भई कुनै आयोजना कोषवाट संचालन गर्नुपर्ने भएमा लगानी विधि र प्रकृया सोहि सम्झौंतामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## अनुदान सम्बन्धी व्यवस्था

१८. **अनुदान उपलब्ध गराउन सक्नेः** (१) कोषले आयोजना निर्माण, आयोजना अध्ययन, मूल्याङ्कन र सुपरिवेक्षणका लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम उपलब्ध गराईने अनुदान नेपाल सरकार वा दातृ निकायबाट प्राप्त अनुदानको शर्त र सीमा तोकिए बमोजिम हुनेछ ।

१९. **आयोजना निर्माण अनुदानः** (१) आधारभूत सामाजिक पूर्वाधार र आयमूलक पूर्वाधार क्षेत्रमा नगरपालिकाको वर्गिकरणको आधार र आयोजना मूल्याङ्कन प्रतिवेदनलाई आधार लिई आयोजना लागत तथा प्रकृति अनुसार बढीमा ३० (तीस) प्रतिशत सम्म अनुदान उपलब्ध गराइनेछ ।

(२) कोषको लगानीमा निर्माण भएका आयोजनाको सुधार एवं पुर्ननिर्माणका लागि आयोजना मूल्याङ्कन गरी आयोजना लागतको बढीमा ३० (तीस) प्रतिशत सम्म अनुदान उपलब्ध गराइनेछ ।

२०. **आयोजना अध्ययन तथा विकास अनुदानः** (१) सम्भावित लगानी योग्य शहरी पूर्वाधार सम्बन्धी आयोजनामा आयोजना अध्ययन तथा विकास लागतको बढीमा ९० (नब्वे) प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

(२) विनियम १८ को उपविनियम (२) बमोजिम अनुदान प्राप्त नभएको अवस्थामा मात्र कोषको संचित आम्दानीबाट आयोजना अध्ययन तथा विकास अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) कोषले लगानीको लागि आयोजना बैंक तयार गर्न सम्भाव्यता एवम् विस्तृत अध्ययन गर्न नेपाल सरकारबाट प्राप्त अनुदान वा कोषको संचित आम्दानीबाट गराउन सक्नेछ ।

२१. **आयोजना सुपरिवेक्षण अनुदानः** (१) कोषले लगानी गरेका निर्माणाधिन आयोजनामा ऋणीले माग गरेको आधारमा आयोजना निर्माण अवधीका लागि आयोजना सुपरिवेक्षण लागतको बढीमा ९० (नब्वे) प्रतिशतसम्म आयोजना सुपरिवेक्षण अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपविनियम (१) बमोजिमको सुपरिवेक्षण अनुदान कोषले नियुक्त गरेको सुपरिवेक्षण परामर्शदाताको लागि गरिने खर्चको रुपमा उपलब्ध गराईनेछ ।

(३) विनियम १८ को उपविनियम (२) बमोजिम अनुदान प्राप्त नभएको अवस्थामा मात्र कोषको संचित आम्दानीबाट आयोजना सुपरिवेक्षण अनुदान उपलब्ध गराउन सकिनेछ ।

२२. **क्षमता विकास कार्यक्रम संचालन गर्न सकिनेः** लगानी संभाव्य आयोजना पहिचान, आयोजना विकास गर्न र लगानी योग्य ऋणीको प्राविधिक एवं व्यबस्थापकीय क्षमता अभिबृद्धि गर्न आवश्यकता पहिचानको आधारमा कोषको संचित आम्दानीको बढीमा १५ (पन्ध्र) प्रतिशत सम्म वा प्राप्त अनुदान रकमबाट क्षमता विकास कार्यक्रम संचालन गर्न सकिने छ ।

२३. **आयोजनामा अनुदानको अनुपातः** यस विनियम बमोजिम नगरपालिका तथा आयोजना वर्गिकरणको आधारमा आयोजना अनुदानको अनुपात **अनुसूची २** मा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## लगानीका सीमा तथा शर्त

२४. **लगानीको सीमाः** (१) कोषले आधारभूत सामाजिक पूर्वाधार र आयमूलक पूर्वाधार क्षेत्रमा जोखिम व्यवस्थापनलाई मध्येनजर गरी सन्तुलित रुपमा लगानी गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम लगानी गर्दा प्रति आयोजना न्यूनतम पचास लाख रुपैया देखि बढीमा एक अर्व रुपैयासम्म लगानी गर्नेछ ।

(३) कोषले उपविनियम (१) बमोजिम लगानी गर्दा प्रति महानगरपालिकामा बढीमा एक अर्व रुपैया, प्रति उपमहानगरपालिकामा बढीमा पचहत्तर करोड रुपैया र प्रति नगरपालिकामा बढीमा पचास करोडसम्म लगानी गर्नेछ ।

तर विशेष आयोजनाको हकमा भने समितिले यो सीमालाई थप घट गर्न सक्नेछ ।

२५. **व्याज दरः** (१) लगानीको स्रोत, आयोजनाको क्षेत्र तथा प्रकृति, पूँजीको लागत, आधार दरका आधारमा समितिबाट ब्याजदर निर्धारण गरी लागु गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम व्याजदर निर्धारण गर्दा पुनरावलोकन प्रतिवेदनको आधारमा लगानी प्रबर्द्धन समितिको सिफारिसमा गरिनेछ ।

२६. **लगानी अवधिः** लगानीको स्रोत, आयोजनाको क्षेत्र, आयोजना मूल्याङ्कन र आयोजनाको नगद प्रवाहको आधारमा कोषले गर्ने लगानीको अवधि बढीमा ५ (पाँच) वर्षको सहुलियत अवधी सहित बढीमा ३० (तीस) वर्षसम्म हुनेछ ।

२७. **किस्ता निर्धारणः** कोषले लगानीको स्रोत, आयोजनाको क्षेत्र, आयोजना मूल्याङ्कन र आयोजनाको नगद प्रवाहको आधारमा बराबर किस्तामा मासिक वा त्रैमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा किस्ता निर्धारण गर्नेछ ।

२८. **सहुलियत अवधिमा ब्याज भुक्तानीः** (१) ऋणीले आयोजनाको सहुलियत अवधिमा कायम हुने ब्याज भुक्तानी गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम ऋणीले ब्याज भुक्तानी नगरेमा उक्त रकमलाई वार्षिक रुपमा लगानीमा पूँजीकृत गरिनेछ ।

२९. **अग्रिम भुक्तानीः** ऋणीले तोकिएको अवधि भन्दा अगावै ऋणको किस्ता वा पूरै बाँकी रकम भुक्तानी गर्न सक्नेछ ।

तर तोकिएको अवधि भन्दा अगावै ऋणीले आंशिक वा पूर्ण भुक्तानी गरेमा कोषले थप शुल्क लिनसक्नेछ ।

३०. **प्रतिवद्धता शुल्कः** कोषले तोकिएको समयमा ऋणीले स्वीकृत ऋणको न्यूनतम् ५० (पचास) प्रतिशत उपयोग नगरेमा बाँकी स्वीकृत ऋणको ०.२५ प्रतिशत प्रतिबद्धता शुल्क लिन सक्नेछ ।

३१. **जरिवानाः** (१) ऋणीले किस्ता रकम नियमित भुक्तानी नगरेमा कोषले जरिवाना लगाउन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम जरिवाना लगाउँदा भाखा नाघेको साँवा रकमको वार्षिक एक प्रतिशत हुनेछ ।

३२. **छुट दिनेः** ऋणीले किस्ता रकम नियमित ३(तीन) वर्षसम्म भुक्तानी गरेमा प्रोत्साहन स्वरुप ब्याज रकममा एक प्रतिशत छूट दिईनेछ ।

३३. **लगानी सम्झौताको वैद्यताः** (१) ऋणीले देहायको मध्ये कुनै एक अवस्था पुरा नगरेमा लगानी सम्झौताको वैद्यता समाप्त भएको मानिनेछः

(क) लगानी सम्झौता भएको मितिले १ (एक) वर्ष भित्र खरिद प्रक्रिया शुरु नगरेमा,

(ख) लगानी सम्झौता भएको मितिले २ (दुई) वर्ष भित्र लगानी प्रवाह नभएमा,

(ग) लगानी सम्झौतामा उल्लेख भएका शर्तहरु तोकिएको समयमा पूरा नगरेमा,

(घ) कोषमा लगानीका लागि नेपाल सरकार एवं विकास साझेदारबाट प्राप्त हुने स्रोत कुनै कारणवस उपलब्ध हुन नसकेमा,

(ङ) काबु बाहिरको परिस्थिति परेमा ।

३४. **लगानी नवीकरणः** (१) कोषले गरेको लगानी कुनै कारणवस नविकरण गर्नुपर्ने भएमा आवश्यक आधार र औचित्य सहित तोकिएको शर्त पालना गरी नवीकरण गर्न सक्नेछ ।

३५. **सार्वजनिक निजी साझेदारी लगानीको आयोजनामा लागु हुने विशेष शर्तः** (१) कोषले सार्वजानिक नीजि साझेदारीका आयोजनामा लगानी गर्दा लगानी सम्झौतामा देहाय बमोजिमका शर्त समावेश गर्नेछः

(क) स्थानीय तह र निजी क्षेत्रका बीच भएको साझेदारी आयोजनाले दीर्घकालीन रुपमा सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने,

(ख) आयोजना विकास सम्झौता बमोजिम आवश्यक स्रोत व्यवस्थापन गरी आयोजना निर्धारित समय भित्र सम्पन्न गर्नुपर्ने ।

## परिच्छेद-८

## ऋण तथा अनुदान लगानी प्रक्रिया

३६. **आवेदन दिनुपर्ने:** (१) आयोजना अध्ययन, निर्माण, सुपरिवेक्षण एवम् क्षमता विकासका लागि ऋण तथा अनुदान लिनका लागि अनुसूची ३ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ।

(२) उपविनियम (१) बमोजिमको ढाँचामा आवेदन पेश गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ:

(क) आवेदकको अख्तियार प्राप्त तहवाट ऋण तथा अनुदान लिने निर्णय,

(ख) आयोजना स्थलको जग्गा स्वामित्व सम्बन्धी विवरण,

(ग) प्रस्तावित आयोजनाको संक्षिप्त विवरण वा विस्तृत आयोजना अध्ययन प्रतिवेदन,

(घ) वातावरण अध्ययन प्रतिवेदन,

(ङ) आयोजना सम्बन्धी अन्य कागजातहरु।

३७. **आवेदनको प्राथमिकिकरण:** (१) विनियम ३६ बमोजिम प्राप्त आवेदनहरुको प्राथमिकीकरणको आधार कोषको आयोजना मूल्याङ्कन निर्देशिका बमोजिम गरिनेछ।

३८. **आयोजना मूल्याङ्कन:** (१) विनियम ३६ बमोजिम प्राप्त आयोजनाको प्राविधिक, वित्तीय, वातावरणीय तथा सामाजिक, जलवायु, कानूनी र संस्थागत मूल्याङ्कन कोषको आयोजना मूल्याङ्कन निर्देशिका बमोजिम गरिनेछ।

३९. **आवेदकसँग वार्ता:** (१) विनियम ३८ अनुसार आयोजना मूल्याङ्कन अनुसार लगानी योग्य आयोजना स्वीकृतिका लागि पेश गर्नु पूर्व सम्वन्धित आवेदकसँग लगानीको शर्त सम्झौताका विषयमा वार्ता गरिनेछ।

(२) उपविनियम (१) बमोजिम लगानीको शर्त सम्झौतामा सहमति भएमा आयोजना स्वीकृतीका लागि पेश गरिनेछ।

(३) उपविनियम (२) बमोजिम लगानीको शर्त सम्झौतामा सहमति हुन नसकेकमा अस्वीकृत हुनाको मुनासिव कारण सहितको जानकारी सम्बन्धित आवेदकलाई दिईनेछ।

४०. **लगानी स्वीकृती:** (१) विनियम ३९ को उपविनियम (२) बमोजिम लगानीको शर्त सम्झौतामा सहमति भएका आयोजना विनियम ६ बमोजिम लगानी स्वीकृत गरिनेछ।

(२) उपविनियम (१) बमोजिम लगानी स्वीकृतीको लिखित जानकारी (आशय पत्र) सम्बन्धित पक्षलाई गराईनेछ ।

४१. **लगानी सम्झौता:** (१) विनियम ४० बमोजिम स्वीकृत आयोजनाको लगानी सम्झौता आवेदकसँग गरिनेछ ।

(२) विनियम (१) बमोजिम सम्झौता गर्दा आवेदकले हस्ताक्षरका लागि अख्तियारी पत्र पेश गर्नुपर्नेछ ।

(३) कोषले उपविनियम (१) बमोजिम प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी निकाय बाहेकका अन्य ऋणीसँग लगानी सम्झौता गर्दा सम्बन्धित प्रदेश सरकार/स्थानीय तहको जमानीमा लगानी सम्झौता गर्नेछ ।

## परिच्छेद- ९

## ऋण लगानी सुरक्षण र जोखिम व्यवस्थापन

४२. **ऋण लगानी सुरक्षण:** (१) कोषले प्रवाह गर्ने ऋण लगानीको सुरक्षण सम्बन्धमा देहायको कुनै अवस्थामा स्वीकार योग्य सुरक्षण मानिनेछ:

(क) स्थानीय तहको नगर सभा/गाउँ सभा तथा सम्बन्धित सार्वजनिक निकायको अख्तियार प्राप्त तहको लगानी स्वीकार गर्ने निर्णय,

तर, तत्कालै सम्बन्धित स्थानीय तहको नगर सभा/गाउँ सभाको बैठक बस्न नसकिने अवस्थामा सम्झौता पश्चात् बसेको नगर सभा/गाउँ सभाको वैठकबाट निर्णय अनुमोदन गराउने गरी भएको कार्यपालिकाको निर्णय स्वीकार हुनेछ ।

(ख) गैर सरकारी वा सामुदायिक संस्थाको हकमा सम्बन्धित संस्थाको साधारण सभाको लगानी स्वीकार गर्ने निर्णय र सम्बन्धित स्थानीय तहको जमानी बस्ने निर्णय,

तर, साधारण सभा नहुने संस्थाको हकमा सम्बन्धित संस्थाको कार्यसमिति/संचालक समितिको निर्णय मान्य हुनेछ ।

(ग) सार्वजनिक नीजि साझेदारी आयोजनाको हकमा सम्बन्धित सरकारको जमानी बस्ने निर्णय र नीजि क्षेत्रबाट कोषलाई प्राप्त संस्थागत जमानी,

(घ) कोषबाट गरिने लगानी बराबरको धितोको रुपमा प्राप्त चल वा अचल सम्पत्ति,

(ङ) कोषबाट गरिने लगानी बराबरको ऋणीबाट प्राप्त बैंक ग्यारेण्टी,

(२) उपविनियम (१) बमोजिम प्रस्तावित धितोको मूल्याङ्कन कोषको मान्यता प्राप्त धितो मूल्याङ्कनकर्ताबाट गराइनेछ ।

४३. **जोखिम व्यवस्थापनः** (१) कोषले लगानी स्वीकृत गर्नु पूर्व आयोजना मूल्याङ्कनको चरणमा आयोजनाका सम्भावित जोखिम मूल्याङ्कन गर्नेछ ।

(२) कोषसँग भएको लगानी सम्झौता बमोजिम प्रवाह भएको लगानी जोखिम पहिचान, जोखिम मापन, जोखिमको स्तर निर्धारण, ऋण वर्गिकरण, जोखिम नियन्त्रण र जोखिम अनुगमन सम्बन्धी आवश्यक कार्य कोषको जोखिम व्यवस्थापन निर्देशिका बमोजिम गरिनेछ ।

## परिच्छेद-१०

## लगानी प्रवाह र अभिलेखिकरण

४४. **निर्माण लगानी प्रवाहः** (१) स्वीकृत लगानी प्रवाह गर्दा कोषको लगानी अनुपात, ऋण तथा अनुदानको अनुपात, लगानी विधी तथा आयोजना र सम्बन्धित निकाय बीच भएको निमार्ण सम्झौता तथा कोषसँग भएको लगानी सम्झौता बमोजिम आवश्यक कागजातको आधारमा विभिन्न किस्तामा लगानी प्रवाह गरिनेछ ।

(२) आयोजना निर्माण चरणमा कार्य प्रगतिको प्रतिवेदन, रनिङ्ग बील तथा सुपरिवेक्षकको सिफारिसको आधारमा आयोजना सम्झौता लागतको बढीमा २० (बीस) प्रतिशतसम्म अन्तिम किस्ता प्रवाह नहुँदासम्म निर्वाह भरण (ब्रिज ग्याप) भुक्तानी दिन सकिनेछ ।

४५. **अनुदान प्रवाहः** आयोजना अध्ययन, विकास, सुपरिवेक्षण र क्षमता विकासका लागि कोषबाट गरिने अनुदानको प्रवाह कोष र सम्बन्धित पक्षहरु बीच भएको सम्झौताको आधारमा गरिनेछ ।

४६ **लगानी अभिलेखिकरणः** कोषको सम्पूर्ण लगानीको अभिलेखिकरण तथा श्रेस्ता कोषको आर्थिक विनियमावली तथा लेखा कार्यविधी अनुसार राखिनेछ ।

४७. **लगानी स्थगन गर्नेः** कोषले देहायको अवस्थामा स्वीकृत रकमको बाँकी लगानी स्थगन गर्न सक्नेछः

(क) ऋणीले तोकिएको प्रयोजनका लागि ऋण उपभोग नगरेमा,

(ख) लगानी सम्झौता बमोजिम ऋणीले ऋण सम्बन्धी शर्त बन्देजहरु पालना नगरेको कारण विकास साझेदारहरु वा नेपाल सरकारले ऋण तथा अनुदान प्रदान नगरेमा,

(ग) आयोजना निर्माणका लागि तोकिएको निर्माण अवधी बराबर थप म्यादमा आयोजना सम्पन्न नभएमा,

(घ) काबू बाहिरको परिस्थिति भई प्राविधिक वा व्यावसायिक दृष्टिकोणले आयोजना कार्यान्वयन गर्न नसकिने भएमा ।

४८. **जानकारी गराएको मानिने:** (१) यस विनियमावली बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात सम्बन्धित निकायको ठेगानामा पत्र वा रजिष्ट्री गरी पठाएको वा सार्वजनिक सूचना प्रकाशन गरेको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा बुझाएको वा पठाएको अवस्थामा सम्बन्धितलाई जानकारी गराएको मानिनेछ ।

(२) विनियम (१) को प्रयोजनको लागि प्रमुख लगानी अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

## परिच्छेद-११

## अनुगमन तथा मूल्याङ्कन

४९. **लगानी अनुगमन तथा मूल्याङ्कन:** (१) लगानी सम्झौता बमोजिम लगानीको सदुपयोग भए/नभएको एकिन गर्न कोषले अनुगमन तथा मूल्याङ्कन गर्ने/गराउनेछ ।

(२) कोषले लगानी गरेको आयोजनाको निर्माण, गुणस्तर, समयावधी र संचालन एवं व्यवस्थापनको स्थलगत निरीक्षण, अनुगमन र सुपरीवेक्षण गर्ने गराउनेछ ।

५०. **विवरण माग गर्ने:** लगानी सम्झौताका शर्त बन्देजहरुको पालना गरे नगरेको, ऋणीले पालना गर्नुपर्ने अन्य कानूनी व्यवस्थाहरु पालना गरे नगरेको, लगानी रकमको सदुपयोग भए नभएको, आयोजना निर्माण, व्यवस्थापन र सञ्चालन उचित रुपमा भए नभएको विषयमा कोषले जुनसुकै समयमा आवश्यक कागजात तथा विवरण माग गर्न सक्नेछ ।

५१. **आवधिक प्रगति प्रतिवेदन माग गर्ने:** कोषले लगानी प्रवाह गरेको आयोजनाको प्रगतिका बारेमा लगानी सम्झौता बमोजिम प्रगति प्रतिवेदन माग गर्न सक्नेछ ।

५२. **<u>निर्देशन दिन सकिने:</u>** कोषमा प्राप्त विवरण तथा प्रतिवेदन, आयोजनाको अनुगमन तथा मूल्याङ्कनका आधारमा सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

५३. **<u>लेखापरीक्षण प्रतिवेदन माग गर्ने:</u>** कोषले प्रवाह गरेको लगानीको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ऋणीसँग माग गर्न सक्नेछ ।

५४. **<u>आन्तरिक नियन्त्रण प्रणाली:</u>** (१) कोषले लगानीको सम्भावित नोक्सानीबाट जोगाउन आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीमा देहायका विषयहरु समावेस हुनेछन् :

(क) लगानीमा स्वार्थ बाझिने विषय,

(ख) आयोजना विकास गर्ने, ऋणीको विश्लेषण गर्ने, ऋण स्वीकृत गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने जस्ता कार्यको पृथकीकरण,

(ग) लगानी सम्बन्धी स्पष्ट कार्य विवरण तथा अधिकार प्रत्यायोजन,

(घ) लगानी विनियमावलीको परिपालना ।

## परिच्छेद-१२

## <u>विविध</u>

५५. **<u>निर्देशिका तयार गर्ने:</u>** (१) यस विनियमावलीको प्रभावकारी कार्यान्वयनका लागि जोखिम व्यवस्थापन निर्देशिका र आयोजना मूल्याङ्कन निर्देशिका बनाई लागु गर्नेछ ।

(२) उपविनियम (१) बमोजिमका निर्देशिकाहरु समितिबाट स्वीकृत नहुँदासम्म कोषको विद्यमान कार्य प्रणाली बमोजिम तयार हुने जोखिम मूल्याङ्कन र आयोजना मूल्याङ्कन प्रतिवेनका आधारमा लगानी गरिनेछ ।

५६. **<u>संशोधन तथा हेरफेर:</u>** समितिले यस विनियमावलीमा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्नसक्नेछ ।

५७. **<u>लगानी असुली:</u>** कोषले ऋण असूली विनियमावली, २०७९ बमोजिम ऋण असुली गर्नेछ ।

५८. **<u>व्याख्या:</u>** यस विनियमावलीको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।

५९. **खारेजी र बचाउः** (१) कोषबाट लगानीका लागि प्रयोजनमा रहेका Town Development Programme, Investment Guideline 2015 / Loan & Grant Policy, 2068 खारेज गरिएको छ ।

(२) उप विनियम (१) बमोजिम भएका लगानी एवम् कार्यहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

## (विनियम ५ सँग सम्वन्धित)

### (क) आधारभूत सामाजिक पूर्वाधारहरु

(१) जग्गा एकीकरण आयोजना, स्मार्ट सिटी, आवास योजना, एकीकृत वस्ती विकास, शहरी पुनःउद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङ्ग लगायत अन्य नगर विकास पूर्वाधार ।

(२) फोहरमैला व्यवस्थापन, सतह ढल, ढल प्रशोधन केन्द्र, फोहर मैला प्रशोधन केन्द्र, सार्वजनिक शौचालय, दिशाजन्य लेदो पदार्थ प्रशोधन आयोजना, जैविक मल उत्पादन आयोजना लगायत अन्य फोहरमैलाजन्य पूर्वाधार ।

(३) खुल्ला क्षेत्र पेटी आयोजना, एकीकृत शहरी सडक सुधार आयोजना, खानेपानी तथा सरसफाई, सडक बत्ती, वस विसौनी, सँग्राहलय, नगर अस्पताल, सामुदायिक भवन, विद्यालय भवन, पुस्तकालय भवन, प्रशासनिक भवन लगायत अन्य पूर्वाधार ।

(४) पार्क, सार्वजनिक हरित क्षेत्र, पदमार्ग, साईकल लेन, पोखरी सुधार तथा पर्यटकिय मानव निर्मित ताल, वातावरणीय अनुकुलन र अल्पीकरण आयोजना, शहरी हरित प्रबर्द्धन आयोजना लगायत अन्य पूर्वाधार ।

### (ख) आयमूलक पूर्वाधारहरु :

(१) बहुउद्देश्यीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, सार्वजनिक यातायात सम्बन्धी पार्क, बहुतल्ले व्यापारिक पार्किङ्ग लगायत अन्य व्यावसायिक पूर्वाधार ।

(२) केवल कार परियोजना, विद्युतीय यातायात सेवा, सार्वजनिक यातायात सेवा, मेट्रो रेल, मोनो रेल, जल यातायात, फ्ल्याई ओभर, ट्राम, विद्युतीय सवारी चार्जिङ्ग स्टेशन, भेहिकल वासिङ्ग सेन्टर लगायत अन्य यातायात पूर्वाधार ।

(३) स्थानीय उत्पादन बिक्रि केन्द्र, कृषि बजार, शित भण्डार, कृषि तथा वनजन्य वस्तुहरुको व्यावसायिक उत्पादन तथा प्रशोधन भण्डार, वधशाला तथा प्रशोधन केन्द्र लगायत अन्य कृषि पूर्वाधार ।

(४) रोड साईड रिफ्रेशमेन्ट सेन्टर, जिपलाईन, बन्जीजम्पिङ्ग, मनोरन्जन पार्क, खेलकुद पार्क, चिडिया घर, रंगशाला, कभर्ड हल, रिसोर्ट तथा पार्क लगायत अन्य पर्यटकीय पूर्वाधार ।

## अनुसूची-२

## आयोजनामा अनुदानको अनुपात

**(विनियम २३ सँग सम्वन्धित)**

| अनुदान व्यवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना | नगरपालिकाको वर्गीकरण/अनुदान प्रतिशत | | | गाउँपालिका |
| | | **क** | **ख** | **ग** | **घ** |
| १. आयोजना निर्माण अनुदान | | | | | |
| १.१ | आधारभूत सामाजिक पूर्वाधारहरु | १० % | २० % | २५ % | ३० % |
| १.२ | आयमूलक पूर्वाधारहरु : | ५% | १०% | १५ % | २० % |
| २. आयोजना अध्ययन तथा विकास अनुदान | | ७० % | ८० % | ९० % | ९० % |
| ३. आयोजना सुपरिवेक्षण अनुदानः | | ७० % | ८० % | ९० % | ९० % |
| ४. क्षमता विकास कार्यक्रम | | १०० % | १०० % | १०० % | १०० % |

आयोजनामा अनुदानको अनुपात एवम् स्थानीय तहको वर्गीकरण गर्न देहायका आधारहरु लिईएको छः-

(क) क्षमता र आवश्यकताको आधारमा अनुदान वितरण गरिने सिद्धान्तलाई परिपालना हुने गरी नगरपालिकाको वर्गीकरणका लागि जनसंख्या, अन्तर सरकारी वित्त हस्तान्तरण र आन्तरिक राजश्वलाई आधार लिईएको छ ।

| क्र.सं | वर्गीकरणका आधार | आधारहरुको गणना तथा प्रतिशत | औषत अंकभार/ प्रतिशत |
|---|---|---|---|
| १. | नगरपालिकाको जनसंख्खा (जनगणना २०७८ अनुसार) | १) नगरपालिकाको जनसंख्या अनुसार बढी जनसंख्या भएकोलाई बढी अंक र कम जनसंख्या भएको न.पा.लाई कम अंक प्रदान गरी प्रतिशत गणना गरिएको छ ।<br><br>२) पच्चीस हजार भन्दा कम जनसंख्या भएको नगरपालिकालाई कम अंकभार र दुई लाख भन्दा बढी जनसंख्या भएको नगरपालिकालाई बढी अंकभार दिई दश देखि सय अंकसम्म विभिन्न दशवटा तहमा वर्गीकरण गरी अंकभार निर्धारण गरिएको छ । | १५ प्रतिशत |
| २. | अन्तर सरकारी वित्त हस्तान्तरण (आ.व.२०७७/७८)<br><br>महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदन) Consolidated Financial Statement 2020-2021 | १) अन्तर सरकारी वित्त हस्तान्तरण अनुसार बढी अनुदान प्राप्त गर्ने न.पा.लाई कम अंक र कम अनुदान प्राप्त गर्ने न.पा.लाई बढी अंक प्रदान गरी गणना गरिएको छ ।<br><br>२) तीस करोड भन्दा कम अन्तर सरकारी अनुदान प्राप्त गर्ने नगरपालिकालाई बढी अंकभार र एक अर्व भन्दा बढी अन्तर सरकारी अनुदान प्राप्त गर्ने नगरपालिकालाई कम अंकभार दिई दश देखि सय अंकसम्म विभिन्न दशवटा तहमा वर्गीकरण गरी अंकभार निर्धारण गरिएको छ । | ४० प्रतिशत |
| ३. | नगरपालिकाको आन्तरिक आय (आ.व. २०७७/७८) : महालेखापरीक्षक कार्यालयको लेखापरीक्षण प्रतिवेदन अनुसार | १) नगरपालिकाको आन्तरिक आय बढि हुनेलाई कम अंक र कम आन्तरिक आय हुने न.पा.लाई बढी अंक प्रदान गरी गणना गरिएको छ ।<br><br>२) दुई करोड भन्दा कम आन्तरिक आय हुने नगरपालिकालाई बढी अंकभार र एक अर्व भन्दा बढी आन्तरिक आय हुने नगरपालिकालाई कम अंकभार दिई दश देखि सय अंकसम्म विभिन्न दशवटा तहमा वर्गीकरण गरी अंकभार निर्धारण गरिएको छ । | ४५ प्रतिशत |

(ख) प्रकरण (क) बमोजिमको प्राप्त भारित औषत बमोजिम देहाय अनुसार क, ख र ग वर्गमा वर्गीकरण गरिएको छ:

| **नगरपालिकाको वर्गीकरण** | **औषतभारको सीमा** | **नगरपालिकाको संख्या** |
|---|---|---|
| क | ४० < | ३३ |
| ख | ४०-७० | १२५ |
| ग | ७०> | १३५ |
| जम्मा नगरपालिका | | २९३ |

## "क" वर्गमा पर्ने नगरपालिकाहरु

| **क्र.सं.** | **प्रदेश** | **जिल्ला** | **स्थानीय तह** | **औसत भार** |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश | सुर्खेत | बीरेन्द्रनगर नगरपालिका | ३३.५० |
| २ | गण्डकी प्रदेश | कास्की | पोखरा महानगरपालिका | २३.५० |
| ३ | गण्डकी प्रदेश | तनहुँ | व्यास नगरपालिका | ३५.०० |
| ४ | गण्डकी प्रदेश | नवलपुर | कावासोती नगरपालिका | ३९.०० |
| ५ | प्रदेश नं. १ | इलाम | ईलाम नगरपालिका | ३५.५० |
| ६ | प्रदेश नं. १ | झापा | मेचीनगर नगरपालिका | ३८.०० |
| ७ | प्रदेश नं. १ | झापा | दमक नगरपालिका | ३६.०० |
| ८ | प्रदेश नं. १ | मोरङ | विराटनगर महानगरपालिका | ३२.५० |
| ९ | प्रदेश नं. १ | सुनसरी | धरान उपमहानगरपालिका | ३५.०० |
| १० | प्रदेश नं. १ | सुनसरी | ईटहरी उपमहानगरपालिका | ३५.०० |
| ११ | बागमती प्रदेश | काठमाडौँ | काठमाडौँ महानगरपालिका | २३.५० |
| १२ | बागमती प्रदेश | काठमाडौँ | चन्द्रागिरी नगरपालिका | ३७.५० |
| १३ | बागमती प्रदेश | काठमाडौँ | बुढानिलकण्ठ नगरपालिका | ३४.५० |
| १४ | बागमती प्रदेश | काठमाडौँ | तारकेश्वर नगरपालिका | ३७.०० |
| १५ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | ३९.५० |
| १६ | बागमती प्रदेश | चितवन | भरतपुर महानगरपालिका | २३.५० |
| १७ | बागमती प्रदेश | भक्तपुर | चाँगुनारायण नगरपालिका | ३८.५० |
| १८ | बागमती प्रदेश | मकवानपुर | हेटौडा उपमहानगरपालिका | ३१.०० |

| | | | | |
|---|---|---|---|---|
| १९ | बागमती प्रदेश | ललितपुर | ललितपुर महानगरपालिका | २३.५० |
| २० | बागमती प्रदेश | ललितपुर | गोदावरी नगरपालिका | ३६.०० |
| २१ | बागमती प्रदेश | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका | ३०.०० |
| २२ | बागमती प्रदेश | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका | ३०.०० |
| २३ | मधेश प्रदेश | धनुषा | जनकपुरधाम उपमहानगरपालिका | ३५.५० |
| २४ | मधेश प्रदेश | पर्सा | वीरगंज महानगरपालिका | २८.०० |
| २५ | लुम्बिनी प्रदेश | दाङ | घोराही उपमहानगरपालिका | ३७.०० |
| २६ | लुम्बिनी प्रदेश | दाङ | तुल्सीपुर उपमहानगरपालिका | ३१.०० |
| २७ | लुम्बिनी प्रदेश | बाँके | नेपालगञ्ज उपमहानगरपालिका | ३९.५० |
| २८ | लुम्बिनी प्रदेश | बाँके | कोहलपुर नगरपालिका | ३६.०० |
| २९ | लुम्बिनी प्रदेश | रुपन्देही | बुटवल उपमहानगरपालिका | ३०.५० |
| ३० | लुम्बिनी प्रदेश | रुपन्देही | तिलोत्तमा नगरपालिका | ३७.५० |
| ३१ | लुम्बिनी प्रदेश | रुपन्देही | सिद्धार्थनगर नगरपालिका | ३९.०० |
| ३२ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | भिमदत्त नगरपालिका | ३३.५० |
| ३३ | सुदूरपश्चिम प्रदेश | कैलाली | धनगढी उपमहानगरपालिका | ३६.५० |

## “ख” वर्गमा पर्ने नगरपालिकाहरु

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | औसत भार |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश | जाजरकोट | भेरी नगरपालिका | ६५.५० |
| २ | कर्णाली प्रदेश | जाजरकोट | छेडागाड नगरपालिका | ६९.५० |
| ३ | कर्णाली प्रदेश | दैलेख | दुल्लू नगरपालिका | ६५.५० |
| ४ | कर्णाली प्रदेश | रुकुम | मुसिकोट नगरपालिका | ६४.०० |
| ५ | कर्णाली प्रदेश | रुकुम | चौरजहारी नगरपालिका | ५९.५० |
| ६ | कर्णाली प्रदेश | रुकुम | आठबिसकोट नगरपालिका | ६०.५० |
| ७ | कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट नगरपालिका | ६६.५० |
| ८ | कर्णाली प्रदेश | सुर्खेत | लेकबेसी नगरपालिका | ६८.०० |
| ९ | गण्डकी प्रदेश | गोरखा | गोरखा नगरपालिका | ४४.५० |
| १० | गण्डकी प्रदेश | गोरखा | पालुङटार नगरपालिका | ६०.५० |
| ११ | गण्डकी प्रदेश | तनहुँ | भानु नगरपालिका | ६१.०० |

| | | | | |
|---|---|---|---|---|
| १२ | गण्डकी प्रदेश | तनहुँ | शुक्लागण्डकी नगरपालिका | ४१.०० |
| १३ | गण्डकी प्रदेश | नवलपुर | गैंडाकोट नगरपालिका | ४३.०० |
| १४ | गण्डकी प्रदेश | नवलपुर | देवचुली नगरपालिका | ५५.०० |
| १५ | गण्डकी प्रदेश | नवलपुर | मध्यविन्दु नगरपालिका | ५९.०० |
| १६ | गण्डकी प्रदेश | पर्बत | कुश्मा नगरपालिका | ६१.०० |
| १७ | गण्डकी प्रदेश | बागलुङ | बाग्लुङ नगरपालिका | ५५.५० |
| १८ | गण्डकी प्रदेश | बागलुङ | जैमिनी नगरपालिका | ६६.५० |
| १९ | गण्डकी प्रदेश | म्याग्दी | बेनी नगरपालिका | ६७.५० |
| २० | गण्डकी प्रदेश | लमजुङ | मध्यनेपाल नगरपालिका | ५६.५० |
| २१ | गण्डकी प्रदेश | लमजुङ | बेसीशहर नगरपालिका | ५०.५० |
| २२ | गण्डकी प्रदेश | लमजुङ | राईनास नगरपालिका | ६५.०० |
| २३ | गण्डकी प्रदेश | स्यांजा | वालिङ नगरपालिका | ५४.०० |
| २४ | गण्डकी प्रदेश | स्यांजा | पुतलीबजार नगरपालिका | ५२.५० |
| २५ | गण्डकी प्रदेश | स्यांजा | गल्याङ नगरपालिका | ६४.०० |
| २६ | प्रदेश नं. १ | इलाम | सुर्योदय नगरपालिका | ५९.५० |
| २७ | प्रदेश नं. १ | इलाम | देउमाई नगरपालिका | ६३.०० |
| २८ | प्रदेश नं. १ | उदयपुर | त्रियुगा नगरपालिका | ४५.०० |
| २९ | प्रदेश नं. १ | उदयपुर | चौदण्डीगढी नगरपालिका | ६६.५० |
| ३० | प्रदेश नं. १ | उदयपुर | कटारी नगरपालिका | ६३.५० |
| ३१ | प्रदेश नं. १ | खोटांग | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | ६१.५० |
| ३२ | प्रदेश नं. १ | झापा | शिवसताक्षी नगरपालिका | ५६.५० |
| ३३ | प्रदेश नं. १ | झापा | विर्तामोड नगरपालिका | ४४.५० |
| ३४ | प्रदेश नं. १ | झापा | भद्रपुर नगरपालिका | ५६.०० |
| ३५ | प्रदेश नं. १ | झापा | गौरादह नगरपालिका | ६८.०० |
| ३६ | प्रदेश नं. १ | झापा | अर्जुनधारा नगरपालिका | ६०.५० |
| ३७ | प्रदेश नं. १ | झापा | कन्काई नगरपालिका | ४३.५० |
| ३८ | प्रदेश नं. १ | ताप्लेजुङ | फुङलिङ नगरपालिका | ६८.०० |
| ३९ | प्रदेश नं. १ | धनकुटा | धनकुटा नगरपालिका | ६१.०० |

| | | | | |
|---|---|---|---|---|
| ४० | प्रदेश नं. १ | पाँचथर | फिदिम नगरपालिका | ६३.०० |
| ४१ | प्रदेश नं. १ | मोरङ | सुन्दर हरैचा नगरपालिका | ४२.०० |
| ४२ | प्रदेश नं. १ | मोरङ | उर्लाबारी नगरपालिका | ५६.५० |
| ४३ | प्रदेश नं. १ | मोरङ | पथरी शनिश्चरे नगरपालिका | ६९.५० |
| ४४ | प्रदेश नं. १ | मोरङ | बेलवारी नगरपालिका | ६९.५० |
| ४५ | प्रदेश नं. १ | मोरङ | रंगेली नगरपालिका | ६८.०० |
| ४६ | प्रदेश नं. १ | मोरङ | लेटाङ नगरपालिका | ५०.०० |
| ४७ | प्रदेश नं. १ | संखुवासभा | खाँदवारी नगरपालिका | ४७.०० |
| ४८ | प्रदेश नं. १ | संखुवासभा | पाँचखपन नगरपालिका | ६९.५० |
| ४९ | प्रदेश नं. १ | सुनसरी | बराहक्षेत्र नगरपालिका | ६३.०० |
| ५० | प्रदेश नं. १ | सुनसरी | इनरुवा नगरपालिका | ५१.०० |
| ५१ | प्रदेश नं. १ | सुनसरी | दुहवी नगरपालिका | ६३.०० |
| ५२ | प्रदेश नं. १ | सुनसरी | रामधुनी नगरपालिका | ५३.५० |
| ५३ | प्रदेश नं. १ | सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | ६७.५० |
| ५४ | बागमती प्रदेश | काठमाडौं | गोकर्णेश्वर नगरपालिका | ४१.५० |
| ५५ | बागमती प्रदेश | काठमाडौं | कीर्तिपुर नगरपालिका | ५१.५० |
| ५६ | बागमती प्रदेश | काठमाडौं | कागेश्वरी मनोहरा नगरपालिका | ४५.५० |
| ५७ | बागमती प्रदेश | काठमाडौं | नागार्जुन नगरपालिका | ४८.०० |
| ५८ | बागमती प्रदेश | काठमाडौं | शङ्खरापुर नगरपालिका | ४८.५० |
| ५९ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका | ४६.५० |
| ६० | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | ६३.५० |
| ६१ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका | ६४.५० |
| ६२ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | ६४.५० |
| ६३ | बागमती प्रदेश | चितवन | रत्ननगर नगरपालिका | ६३.०० |
| ६४ | बागमती प्रदेश | चितवन | माडी नगरपालिका | ४७.०० |
| ६५ | बागमती प्रदेश | चितवन | राप्ती नगरपालिका | ६३.०० |
| ६६ | बागमती प्रदेश | चितवन | खैरहनी नगरपालिका | ४५.०० |
| ६७ | बागमती प्रदेश | दोलखा | भिमेश्वर नगरपालिका | ४७.५० |
| ६८ | बागमती प्रदेश | धादिङ्ग | नीलकण्ठ नगरपालिका | ६०.०० |

| | | | | |
|---|---|---|---|---|
| ६९ | बागमती प्रदेश | नुवाकोट | विदुर नगरपालिका | ४२.०० |
| ७० | बागमती प्रदेश | नुवाकोट | बेलकोटगढी नगरपालिका | ५६.०० |
| ७१ | बागमती प्रदेश | भक्तपुर | भक्तपुर नगरपालिका | ६५.५० |
| ७२ | बागमती प्रदेश | भक्तपुर | सूर्यविनायक नगरपालिका | ४१.५० |
| ७३ | बागमती प्रदेश | भक्तपुर | मध्यपुर थिमी नगरपालिका | ५६.५० |
| ७४ | बागमती प्रदेश | मकवानपुर | थाहा नगरपालिका | ४२.०० |
| ७५ | बागमती प्रदेश | रामेछाप | मन्थली नगरपालिका | ६१.५० |
| ७६ | बागमती प्रदेश | रामेछाप | रामेछाप नगरपालिका | ६८.०० |
| ७७ | बागमती प्रदेश | ललितपुर | महालक्ष्मी नगरपालिका | ४४.०० |
| ७८ | बागमती प्रदेश | सिन्धुली | कमलामाई नगरपालिका | ५२.५० |
| ७९ | बागमती प्रदेश | सिन्धुली | दुधौली नगरपालिका | ६१.०० |
| ८० | मधेश प्रदेश | धनुषा | गणेशमान चारनाथ नगरपालिका | ६८.०० |
| ८१ | मधेश प्रदेश | बारा | जीतपुरसिमरा उपमहानगरपालिका | ४५.५० |
| ८२ | मधेश प्रदेश | बारा | कलैया उप महानगरपालिका | ६०.५० |
| ८३ | मधेश प्रदेश | बारा | कोल्हवी नगरपालिका | ६५.५० |
| ८४ | मधेश प्रदेश | महोत्तरी | बर्दिबास नगरपालिका | ५९.५० |
| ८५ | मधेश प्रदेश | महोत्तरी | जलेश्वर नगरपालिका | ५४.५० |
| ८६ | मधेश प्रदेश | महोत्तरी | गौशाला नगरपालिका | ६९.५० |
| ८७ | मधेश प्रदेश | रौतहट | चन्द्रपुर नगरपालिका | ५६.५० |
| ८८ | मधेश प्रदेश | रौतहट | मौलापुर नगरपालिका | ६१.५० |
| ८९ | मधेश प्रदेश | सप्तरी | कञ्चनरुप नगरपालिका | ६८.०० |
| ९० | मधेश प्रदेश | सर्लाही | लालबन्दी नगरपालिका | ६३.५० |
| ९१ | मधेश प्रदेश | सर्लाही | बरहथवा नगरपालिका | ६९.०० |
| ९२ | मधेश प्रदेश | सिराहा | सिरहा नगरपालिका | ६७.५० |
| ९३ | मधेश प्रदेश | सिराहा | लहान नगरपालिका | ६७.५० |
| ९४ | मधेश प्रदेश | सिराहा | गोलबजार नगरपालिका | ६८.५० |
| ९५ | लुम्बिनी प्रदेश | अर्घाखाँची | सन्धिखर्क नगरपालिका | ६५.५० |
| ९६ | लुम्बिनी प्रदेश | अर्घाखाँची | शितगंगा नगरपालिका | ६५.०० |
| ९७ | लुम्बिनी प्रदेश | कपिलवस्तु | बाणगंगा नगरपालिका | ५८.५० |

| | | | | |
|---|---|---|---|---|
| ९८ | लुम्बिनी प्रदेश | कपिलवस्तु | कपिलवस्तु नगरपालिका | ६५.५० |
| ९९ | लुम्बिनी प्रदेश | कपिलवस्तु | शिवराज नगरपालिका | ६५.५० |
| १०० | लुम्बिनी प्रदेश | कपिलवस्तु | बुद्दभुमी नगरपालिका | ६१.०० |
| १०१ | लुम्बिनी प्रदेश | कपिलवस्तु | कृष्णनगर नगरपालिका | ६९.५० |
| १०२ | लुम्बिनी प्रदेश | कपिलवस्तु | महाराजगंज नगरपालिका | ६८.०० |
| १०३ | लुम्बिनी प्रदेश | गुल्मी | मुसिकोट नगरपालिका | ६८.०० |
| १०४ | लुम्बिनी प्रदेश | नवलपरासी | सुनवल नगरपालिका | ४७.५० |
| १०५ | लुम्बिनी प्रदेश | नवलपरासी | बर्दघाट नगरपालिका | ६५.५० |
| १०६ | लुम्बिनी प्रदेश | नवलपरासी | रामग्राम नगरपालिका | ६७.५० |
| १०७ | लुम्बिनी प्रदेश | पाल्पा | तानसेन नगरपालिका | ५४.०० |
| १०८ | लुम्बिनी प्रदेश | पाल्पा | रामपुर नगरपालिका | ६५.०० |
| १०९ | लुम्बिनी प्रदेश | प्युठान | प्युठान नगरपालिका | ६५.०० |
| ११० | लुम्बिनी प्रदेश | बर्दिया | गुलरिया नगरपालिका | ५६.५० |
| १११ | लुम्बिनी प्रदेश | बर्दिया | बारबर्दिया नगरपालिका | ६१.०० |
| ११२ | लुम्बिनी प्रदेश | बर्दिया | राजापुर नगरपालिका | ५५.०० |
| ११३ | लुम्बिनी प्रदेश | बर्दिया | बाँसगढी नगरपालिका | ६८.०० |
| ११४ | लुम्बिनी प्रदेश | बर्दिया | ठाकुरबाबा नगरपालिका | ६६.०० |
| ११५ | लुम्बिनी प्रदेश | रुपन्देही | सैनामैना नगरपालिका | ५५.५० |
| ११६ | लुम्बिनी प्रदेश | रुपन्देही | देवदह नगरपालिका | ६४.५० |
| ११७ | सुदूरपश्चिम प्रदेश | अछाम | साँफेबगर नगरपालिका | ६४.०० |
| ११८ | सुदूरपश्चिम प्रदेश | कैलाली | लम्किचुहा नगरपालिका | ४५.०० |
| ११९ | सुदूरपश्चिम प्रदेश | कैलाली | घोडाघोडी नगरपालिका | ६१.५० |
| १२० | सुदूरपश्चिम प्रदेश | कैलाली | गोदावरी नगरपालिका | ५३.५० |
| १२१ | सुदूरपश्चिम प्रदेश | कैलाली | टिकापुर नगरपालिका | ६६.५० |
| १२२ | सुदूरपश्चिम प्रदेश | डडेल्धुरा | परशुराम नगरपालिका | ५६.५० |
| १२३ | सुदूरपश्चिम प्रदेश | बझाङ | बुंगल नगरपालिका | ६८.०० |
| १२४ | सुदूरपश्चिम प्रदेश | बैतडी | दशरथचन्द नगरपालिका | ६४.०० |
| १२५ | सुदूरपश्चिम प्रदेश | बैतडी | पुर्चौडी नगरपालिका | ६९.५० |

## "ग" वर्गमा पर्ने नगरपालिकाहरु

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | औसत भार |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश | कालिकोट | तिलागुफा नगरपालिका | ७८.५० |
| २ | कर्णाली प्रदेश | कालिकोट | खाडाचक्र नगरपालिका | ७८.५० |
| ३ | कर्णाली प्रदेश | कालिकोट | रास्कोट नगरपालिका | ७८.५० |
| ४ | कर्णाली प्रदेश | जाजरकोट | नलगाड नगरपालिका | ७२.०० |
| ५ | कर्णाली प्रदेश | जुम्ला | चन्दननाथ नगरपालिका | ७४.५० |
| ६ | कर्णाली प्रदेश | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | ७८.५० |
| ७ | कर्णाली प्रदेश | डोल्पा | ठूलीभेरी नगरपालिका | ७८.५० |
| ८ | कर्णाली प्रदेश | दैलेख | नारायण नगरपालिका | ७२.०० |
| ९ | कर्णाली प्रदेश | दैलेख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | ७६.०० |
| १० | कर्णाली प्रदेश | दैलेख | आठबीस नगरपालिका | ८०.०० |
| ११ | कर्णाली प्रदेश | मुगु | छायाँनाथ रारा नगरपालिका | ७२.०० |
| १२ | कर्णाली प्रदेश | सल्यान | शारदा नगरपालिका | ७२.०० |
| १३ | कर्णाली प्रदेश | सल्यान | बागचौर नगरपालिका | ७६.०० |
| १४ | कर्णाली प्रदेश | सल्यान | बनगाँड कुपिण्डे नगरपालिका | ७६.०० |
| १५ | कर्णाली प्रदेश | सुर्खेत | पञ्चपुरी नगरपालिका | ७३.५० |
| १६ | कर्णाली प्रदेश | सुर्खेत | भेरीगंगा नगरपालिका | ७०.५० |
| १७ | गण्डकी प्रदेश | तनहुँ | भिमाद नगरपालिका | ७६.०० |
| १८ | गण्डकी प्रदेश | पर्बत | फलेवास नगरपालिका | ७०.५० |
| १९ | गण्डकी प्रदेश | बागलुङ | गल्कोट नगरपालिका | ७२.०० |
| २० | गण्डकी प्रदेश | बागलुङ | ढोरपाटन नगरपालिका | ८०.०० |
| २१ | गण्डकी प्रदेश | लमजुङ | सुन्दरबजार नगरपालिका | ८०.०० |
| २२ | गण्डकी प्रदेश | स्यांजा | चापाकोट नगरपालिका | ७०.०० |
| २३ | गण्डकी प्रदेश | स्याङ्जा | भीरकोट नगरपालिका | ७४.०० |
| २४ | प्रदेश नं . १ | इलाम | माई नगरपालिका | ७६.०० |
| २५ | प्रदेश नं. १ | उदयपुर | वेलका नगरपालिका | ७०.५० |
| २६ | प्रदेश नं. १ | ओखलढुंगा | सिद्धिचरण नगरपालिका | ७२.०० |
| २७ | प्रदेश नं. १ | खोटांग | हलेसी तुवाचुङ नगरपालिका | ७२.०० |

| | | | | |
|---|---|---|---|---|
| २८ | प्रदेश नं. १ | तेह्रथुम | म्याङलुङ नगरपालिका | ७८.५० |
| २९ | प्रदेश नं. १ | तेह्रथुम | लालीगुराँस नगरपालिका | ८२.५० |
| ३० | प्रदेश नं. १ | धनकुटा | महालक्ष्मी नगरपालिका | ७०.५० |
| ३१ | प्रदेश नं. १ | धनकुटा | पाख्रिवास नगरपालिका | ८२.५० |
| ३२ | प्रदेश नं. १ | भोजपुर | षडानन्द नगरपालिका | ७२.०० |
| ३३ | प्रदेश नं. १ | भोजपुर | भोजपुर नगरपालिका | ७१.५० |
| ३४ | प्रदेश नं. १ | मोरङ | रतुवामाई नगरपालिका | ७६.५० |
| ३५ | प्रदेश नं. १ | मोरङ | सुनवर्षी नगरपालिका | ७६.०० |
| ३६ | प्रदेश नं. १ | संखुवासभा | चैनपुर नगरपालिका | ७२.०० |
| ३७ | प्रदेश नं. १ | संखुवासभा | धर्मदेवी नगरपालिका | ८२.५० |
| ३८ | प्रदेश नं. १ | संखुवासभा | मादी नगरपालिका | ८२.५० |
| ३९ | बागमती प्रदेश | काठमाडौँ | टोखा नगरपालिका | ७२.०० |
| ४० | बागमती प्रदेश | काठमाडौँ | दक्षिणकाली नगरपालिका | ७१.०० |
| ४१ | बागमती प्रदेश | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका | ७२.०० |
| ४२ | बागमती प्रदेश | चितवन | कालिका नगरपालिका | ७०.५० |
| ४३ | बागमती प्रदेश | दोलखा | जिरी नगरपालिका | ८२.५० |
| ४४ | बागमती प्रदेश | धादिंग | धुनीबेंशी नगरपालिका | ७१.५० |
| ४५ | बागमती प्रदेश | सिन्धुपाल्चोक | बाह्रविसे नगरपालिका | ७०.०० |
| ४६ | मधेश प्रदेश | धनुषा | सबैला नगरपालिका | ८०.५० |
| ४७ | मधेश प्रदेश | धनुषा | मिथिला नगरपालिका | ७७.५० |
| ४८ | मधेश प्रदेश | धनुषा | शहिदनगर नगरपालिका | ८३.०० |
| ४९ | मधेश प्रदेश | धनुषा | धनुषाधाम नगरपालिका | ७८.५० |
| ५० | मधेश प्रदेश | धनुषा | विदेह नगरपालिका | ८१.५० |
| ५१ | मधेश प्रदेश | धनुषा | हंसपुर नगरपालिका | ८१.५० |
| ५२ | मधेश प्रदेश | धनुषा | क्षिरेश्वरनाथ नगरपालिका | ८२.५० |
| ५३ | मधेश प्रदेश | धनुषा | कमला नगरपालिका | ८७.०० |
| ५४ | मधेश प्रदेश | धनुषा | मिथिला बिहारी नगरपालिका | ८५.५० |
| ५५ | मधेश प्रदेश | धनुषा | नगराइन नगरपालिका | ८५.५० |
| ५६ | मधेश प्रदेश | पर्सा | पोखरिया नगरपालिका | ८१.५० |

| | | | | |
|---|---|---|---|---|
| ५७ | मधेश प्रदेश | पर्सा | बहुदरमाई नगरपालिका | ८५.५० |
| ५८ | मधेश प्रदेश | पर्सा | पर्सागढी नगरपालिका | ८५.५० |
| ५९ | मधेश प्रदेश | बारा | महागढीमाई नगरपालिका | ८०.५० |
| ६० | मधेश प्रदेश | बारा | सिम्रौनगढ नगरपालिका | ८३.०० |
| ६१ | मधेश प्रदेश | बारा | निजगढ नगरपालिका | ७२.५० |
| ६२ | मधेश प्रदेश | बारा | पचरौता नगरपालिका | ८५.५० |
| ६३ | मधेश प्रदेश | महोत्तरी | मनरा शिसवा नगरपालिका | ७९.०० |
| ६४ | मधेश प्रदेश | महोत्तरी | भँगाहा नगरपालिका | ८४.५० |
| ६५ | मधेश प्रदेश | महोत्तरी | बलवा नगरपालिका | ८३.०० |
| ६६ | मधेश प्रदेश | महोत्तरी | लोहरपट्टी नगरपालिका | ८३.०० |
| ६७ | मधेश प्रदेश | महोत्तरी | मटिहानी नगरपालिका | ८१.०० |
| ६८ | मधेश प्रदेश | महोत्तरी | रामगोपालपुर नगरपालिका | ८५.५० |
| ६९ | मधेश प्रदेश | महोत्तरी | औरही नगरपालिका | ८९.५० |
| ७० | मधेश प्रदेश | रौतहट | गरुडा नगरपालिका | ७६.०० |
| ७१ | मधेश प्रदेश | रौतहट | बृन्दावन नगरपालिका | ७०.०० |
| ७२ | मधेश प्रदेश | रौतहट | गुजरा नगरपालिका | ८३.०० |
| ७३ | मधेश प्रदेश | रौतहट | कटहरिया नगरपालिका | ८३.०० |
| ७४ | मधेश प्रदेश | रौतहट | गौर नगरपालिका | ८१.५० |
| ७५ | मधेश प्रदेश | रौतहट | देवाही गोनाही नगरपालिका | ८५.५० |
| ७६ | मधेश प्रदेश | रौतहट | राजदेवी नगरपालिका | ८४.०० |
| ७७ | मधेश प्रदेश | रौतहट | परोहा नगरपालिका | ८२.५० |
| ७८ | मधेश प्रदेश | रौतहट | गढीमाई नगरपालिका | ८७.०० |
| ७९ | मधेश प्रदेश | रौतहट | फतुवा विजयपुर नगरपालिका | ८१.०० |
| ८० | मधेश प्रदेश | रौतहट | ईशनाथ नगरपालिका | ८२.५० |
| ८१ | मधेश प्रदेश | रौतहट | माधव नारायण नगरपालिका | ८५.५० |
| ८२ | मधेश प्रदेश | रौतहट | राजपुर नगरपालिका | ८७.०० |
| ८३ | मधेश प्रदेश | रौतहट | बौधीमाई नगरपालिका | ८९.५० |
| ८४ | मधेश प्रदेश | सप्तरी | राजबिराज नगरपालिका | ७४.०० |
| ८५ | मधेश प्रदेश | सप्तरी | खडक नगरपालिका | ७१.०० |

| | | | | |
|---|---|---|---|---|
| ८६ | मधेश प्रदेश | सप्तरी | डाक्नेश्वरी नगरपालिका | ७९.०० |
| ८७ | मधेश प्रदेश | सप्तरी | सुरुङ्गा नगरपालिका | ७९.०० |
| ८८ | मधेश प्रदेश | सप्तरी | बोदेबरसाइन नगरपालिका | ७९.०० |
| ८९ | मधेश प्रदेश | सप्तरी | हनुमाननगर कंकालिनी नगरपालिका | ७९.०० |
| ९० | मधेश प्रदेश | सप्तरी | शम्भुनाथ नगरपालिका | ८१.५० |
| ९१ | मधेश प्रदेश | सप्तरी | सप्तकोशी नगरपालिका | ७८.५० |
| ९२ | मधेश प्रदेश | सर्लाही | ईश्वरपुर नगरपालिका | ७६.५० |
| ९३ | मधेश प्रदेश | सर्लाही | हरिवन नगरपालिका | ७५.०० |
| ९४ | मधेश प्रदेश | सर्लाही | गोडैटा नगरपालिका | ७९.०० |
| ९५ | मधेश प्रदेश | सर्लाही | मलंगवा नगरपालिका | ७९.०० |
| ९६ | मधेश प्रदेश | सर्लाही | बलरा नगरपालिका | ८३.०० |
| ९७ | मधेश प्रदेश | सर्लाही | कविलासी नगरपालिका | ८१.५० |
| ९८ | मधेश प्रदेश | सर्लाही | बागमती नगरपालिका | ७४.०० |
| ९९ | मधेश प्रदेश | सर्लाही | हरिपुर नगरपालिका | ८५.५० |
| १०० | मधेश प्रदेश | सर्लाही | हरिपुर्वा नगरपालिका | ८९.५० |
| १०१ | मधेश प्रदेश | सिराहा | मिर्चैया नगरपालिका | ७६.०० |
| १०२ | मधेश प्रदेश | सिराहा | धनगढीमाई नगरपालिका | ७०.०० |
| १०३ | मधेश प्रदेश | सिराहा | कल्याणपुर नगरपालिका | ८४.५० |
| १०४ | मधेश प्रदेश | सिराहा | सुखीपुर नगरपालिका | ८१.५० |
| १०५ | मधेश प्रदेश | सिराहा | कर्जन्हा नगरपालिका | ७६.०० |
| १०६ | लुम्बिनी प्रदेश | अर्घाखाँची | भुमिकास्थान नगरपालिका | ७२.०० |
| १०७ | लुम्बिनी प्रदेश | गुल्मी | रेसुङ्गा नगरपालिका | ७२.०० |
| १०८ | लुम्बिनी प्रदेश | दाङ | लमही नगरपालिका | ७१.५० |
| १०९ | लुम्बिनी प्रदेश | प्युठान | स्वर्गद्वारी नगरपालिका | ७६.०० |
| ११० | लुम्बिनी प्रदेश | बर्दिया | मधुवन नगरपालिका | ७०.५० |
| १११ | लुम्बिनी प्रदेश | रुपन्देही | लुम्बिनी सांस्कृतिक नगरपालिका | ७०.०० |
| ११२ | लुम्बिनी प्रदेश | रोल्पा | रोल्पा नगरपालिका | ७३.५० |
| ११३ | सुदूरपश्चिम प्रदेश | अछाम | मंगलसेन नगरपालिका | ७२.०० |
| ११४ | सुदूरपश्चिम प्रदेश | अछाम | कमलबजार नगरपालिका | ७४.५० |

| | | | | |
|---|---|---|---|---|
| ११५ | सुदूरपश्चिम प्रदेश | अछाम | पंचदेवल विनायक नगरपालिका | ७६.०० |
| ११६ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | पुनर्वास नगरपालिका | ७२.०० |
| ११७ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | बेलौरी नगरपालिका | ७०.५० |
| ११८ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | कृष्णपुर नगरपालिका | ७७.५० |
| ११९ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | बेदकोट नगरपालिका | ८०.५० |
| १२० | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | शुक्लाफाँटा नगरपालिका | ७८.५० |
| १२१ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर | दोधारा चाँदनी नगरपालिका | ८१.५० |
| १२२ | सुदूरपश्चिम प्रदेश | कैलाली | भजनी नगरपालिका | ७०.५० |
| १२३ | सुदूरपश्चिम प्रदेश | कैलाली | गौरीगंगा नगरपालिका | ७६.०० |
| १२४ | सुदूरपश्चिम प्रदेश | डडेलधुरा | अमरगढी नगरपालिका | ७०.५० |
| १२५ | सुदूरपश्चिम प्रदेश | डोटी | शिखर नगरपालिका | ७६.०० |
| १२६ | सुदूरपश्चिम प्रदेश | डोटी | दिपायल सिलगढी नगरपालिका | ८१.५० |
| १२७ | सुदूरपश्चिम प्रदेश | दार्चुला | शैल्यशिखर नगरपालिका | ७०.५० |
| १२८ | सुदूरपश्चिम प्रदेश | दार्चुला | महाकाली नगरपालिका | ७०.५० |
| १२९ | सुदूरपश्चिम प्रदेश | बझाङ | जयपृथ्वी नगरपालिका | ७०.५० |
| १३० | सुदूरपश्चिम प्रदेश | बाजुरा | बुढिगंगा नगरपालिका | ७४.५० |
| १३१ | सुदूरपश्चिम प्रदेश | बाजुरा | बडिमालिका नगरपालिका | ७८.५० |
| १३२ | सुदूरपश्चिम प्रदेश | बाजुरा | बुढिनन्दा नगरपालिका | ७८.५० |
| १३३ | सुदूरपश्चिम प्रदेश | बाजुरा | त्रिवेणी नगरपालिका | ७८.५० |
| १३४ | सुदूरपश्चिम प्रदेश | बैतडी | पाटन नगरपालिका | ७२.०० |
| १३५ | सुदूरपश्चिम प्रदेश | बैतडी | मेलौली नगरपालिका | ७४.५० |

(ग) गाउँपालिकालाई एकमुष्ठरुपमा “घ” वर्गमा राखिएको छ ।

(घ) अन्तरसरकारी वित्त हस्तान्तरण र आन्तरिक आयलाई कोषमा रहेको Municipality CategorizationTemplete- Loan and Grant Version-2079 Softcopy प्रत्येक दुई आर्थिक बर्षमा अद्यावधिक गरी सोही बमोजिम नगरपालिकाको वर्गीकरण अद्यावधिक गरिनेछ ।

# अनुसूची-३

## (विनियम ३६ को उपविनियम (१) सँग सम्वन्धित)

## (क) लगानी प्रस्तावका लागि आवेदन फाराम

मिति :

श्री कार्यकारी निर्देशकज्यू
नगर विकास कोष
काठमाण्डौं ।

**विषय : आयोजनामा लगानीका लागि प्रस्ताव गरिएको वारे ।**

उपरोक्त सम्बन्धमा ............................. आयोजना निर्माणका लागि तहाँ कोषबाट लगानी गरी दिन प्रस्ताव गर्ने निर्णय भएकोले देहाएका विवरण राखी अनुरोध गरिएको छ ।

**क) आयोजना सम्वन्धी विवरण :**

(१) आयोजनाको नाम :
(२) आयोजनाको अनुमानित लागत :
(३) आवेदकको तर्फवाट ब्यहोरिने लागतको प्रतिशत :
(४) अन्य स्रोतवाट ब्यहोरिने लागतको प्रतिशत :
(५) कोषवाट माग भएको ऋणको प्रतिशत :
(६) आयोजनावाट लाभान्वित हुने जनसंख्या :

**ख)** कोषवाट माग भएको रकम रु. .......................अनुदान, रु................... ऋण

**ग)** आवश्यक संलग्न कागजातहरु :

(१) आवेदकको अख्तियार प्राप्त तह (कार्यपालिका/कार्यसमिति) बाट ऋण तथा अनुदान लिने निर्णय,
(२) आयोजना स्थलको जग्गा स्वामित्व सम्बन्धी विवरण,
(३) प्रस्तावित आयोजनाको संक्षिप्त विवरण वा विस्तृत आयोजना अध्ययन प्रतिवेदन,
(४) वातवरणीय अध्ययन प्रतिवेदन,
(५) आयोजना सम्बन्धी अन्य कागजातहरु ।

निवेदक

.................................

# अनुसूची-३

## (विनियम ३६ को उपविनियम (१) सँग सम्वन्धित)

## (ख) आयोजना अध्ययन अनुदानका लागि आवेदन फाराम

मिति :

श्री कार्यकारी निर्देशकज्यू
नगर विकास कोष
काठमाण्डौं ।

**विषय : आयोजना अध्ययन अनुदानका लागि प्रस्ताव गरिएको वारे ।**

उपरोक्त सम्बन्धमा ............................ आयोजना अध्ययनका लागि तहाँ कोषबाट सहयोग गरी दिन प्रस्ताव गर्ने निर्णय भएकोले देहाएका विवरण राखी अनुरोध गरिएको छ ।

**क) अध्ययन आयोजना सम्वन्धी विवरण :**

(१) आयोजनाको नाम :

(२) आयोजना अध्ययनको अनुमानित लागत :

(३) आयोजनावाट लाभान्वित हुने जनसंख्या :

**ख) आवश्यक संलग्न कागजातहरु :**

(१) आवेदकको अख्तियार प्राप्त तह (कार्यपालिका/कार्यसमिति) बाट अध्ययन अनुदान लिने निर्णय,

(२) प्रस्तावित आयोजनाको संक्षिप्त विवरण,

(३) आयोजना सम्बन्धी अन्य कागजातहरु ।

निवेदक

................................

## अनुसूची-३

**(विनियम ३६ को उपविनियम (१) सँग सम्वन्धित)**

## (ग) आयोजना सुपरिवेक्षण अनुदानका लागि आवेदन फाराम

मिति :

श्री कार्यकारी निर्देशकज्यू
नगर विकास कोष
काठमाण्डौं ।

**विषय : आयोजना सुपरिवेक्षण अनुदानका लागि प्रस्ताव गरिएको वारे ।**

उपरोक्त सम्बन्धमा त्यस कोषवाट लगानी स्वीकृत भई निर्माणाधिन ............................ आयोजनाको सुपरिवेक्षण अनुदानका लागि तहाँ कोषमा प्रस्ताव गर्ने निर्णण भएकाले देहाएका विवरण संलग्न राखी अनुरोध गरिएको छ ।

**क) सुपरिवेक्षण आयोजना सम्वन्धी विवरण :**

(१) आयोजनाको नाम :

(२) कोषसँगको ऋण सम्झौता मितिः

(३) आयोजना सुपरिवेक्षण अनुमानित लागत :

(४) आयोजनाको बोलपत्र आव्हान गरिएको मितिः

(५) आयोजनाको निर्माण अवधिः

**ख) आवश्यक संलग्न कागजातहरु** :

(१) आवेदकको अख्तियार प्राप्त तह (कार्यपालिका/कार्यसमिति) बाट सुपरीवेक्षण अनुदान लिने निर्णय,

(२) आयोजना बोलपत्र आव्हानको सूचनाको प्रतिलिपी,

(३) आयोजना सम्बन्धी अन्य कागजातहरु ।

निवेदक

..................................

# नगर विकास कोष
# ऋण असुली विनियमावली, २०७९

# ऋण असुली विनियमावली, २०७९

सञ्चालक समितिबाट स्वीकृत भएको मितिः २०७९/११/०२

**प्रस्तावनाः** नगर विकास कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नगर विकास कोष ऐन, २०५३ को दफा ३६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नगर विकास कोष सञ्चालक समितिले यो विनियमावली बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम "नगर विकास कोष, ऋण असुली विनियमावली, २०७९" रहेको छ।

(२) यो विनियमावली संचालक समितिले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "उपसमिति" भन्नाले विनियम ३ बमोजिम गठन भएको ऋण असुली उपसमिति सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले नगर विकास कोष ऐन, २०५३ सम्झनु पर्छ।

(ग) "ऋण असुली एकाई" भन्नाले कोषको सँगठन संरचनामा रहेको ऋण असुली हेर्ने एकाई सम्झनु पर्छ र यस शब्दले ऋण असुली सम्बन्धी विषय हेर्ने विभाग वा महाशाखा वा शाखालाई समेत जनाउँछ।

(घ) "ऋणी" भन्नाले कोषबाट ऋण लिने निकाय वा संस्था सम्झनु पर्छ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा १८ बमोजिम नियुक्त भएको कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "किस्ता रकम" भन्नाले ऋणी र कोष बीच भएको ऋण सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने साँवा तथा व्याजको एकमुष्ट रकमलाई सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले नगर विकास कोष सम्झनु पर्छ।

(ज) “जमानीकर्ता” भन्नाले कोषवाट ऋण लिएको ऋणीले सम्झौता बमोजिम साँवा तथा ब्याज भुक्तानी नगरेमा सो दायित्व वहन गर्न मञ्जुरी दिने निकाय वा संस्था वा व्यक्ति सम्झनु पर्छ।

(झ) “लगानी” भन्नाले यस विनियमावली बमोजिम शहरी पूर्वाधार विकाससँग सम्बन्धित निकायलाई कोषबाट प्रदान गरिने ऋण, अनुदान र त्यस्तै प्रकृतिका अन्य पूँजीगत लगानी सम्झनु पर्छ।

(ञ) “नियमावली” भन्नाले नगर विकास कोष नियमावली, २०५४ सम्झनु पर्छ।

(ट) “पुनर्तालीकिकरण” भन्नाले ऋणीले लिएको ऋणको भुक्तानी गर्ने अवधि र समय बढाउने प्रक्रिया सम्झनु पर्छ।

(ठ) “पुर्नसंरचना” भन्नाले ऋणको प्रकृति वा शर्तमा परिवर्तन गर्ने, बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गर्ने प्रकृया सम्झनु पर्छ।

(ड) “समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको संचालक समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## ऋण असुली संरचना सम्बन्धी व्यवस्था

३. **ऋण असुली उपसमितिः** (१) कोषद्वारा लगानी गरेको ऋण असुली सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको एक ऋण असुली उपसमिति रहनेछः

(क) संचालक सदस्य तथा सह सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संयोजक

(ख) संचालक सदस्य, अर्थ विज्ञ - सदस्य

(ग) कार्यकारी निर्देशक, नगर विकास कोष - सदस्य

(घ) उपसचिव, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय - सदस्य

(ङ) प्रमुख, ऋण असुली एकाई, नगर विकास कोष - सदस्य सचिव

(२) उपसमितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपसमितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नेछ ।

तर दुई बैठकबीचको अन्तर नब्बे दिन भन्दा बढी हुने छैन ।

(४) उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपसमिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **उपसमितिको काम, कर्तव्य र अधिकारः** उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) ऋण असुली सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम तयार गरी समिति समक्ष सिफारिस गर्ने,

(ख) ऋण असुली सम्बन्धी कार्यलाई नियमन र निर्देशन गर्ने,

(ग) ऋण असुली एकाईलाई निरन्तर सक्रिय बनाउने,

(घ) ऋण असुली सम्बन्धी प्रतिवेदनहरु उपर छलफल गरी समिति समक्ष पेश गर्ने,

(ङ) ऐनको दफा ११ तथा असुली सम्बन्धी अन्य निर्णयका लागि समिति समक्ष सिफारिस गर्ने,

(च) ऋणको पुनर्संरचना वा पुनर्तालिकीकरण समितिलाई पूर्व जानकारी गराई स्वीकृत गर्ने,

(छ) खराब ऋणको असुली प्रक्रियामा ब्याज तथा हर्जाना छुटका लागि समिति समक्ष सिफारिस गर्ने,

(ज) ऋण अपलेखन गर्न समिति समक्ष सिफारिस गर्ने,

(झ) आवश्यकता अनुसार ऋण लगानी भएका आयोजनाको अनुगमन तथा निरिक्षण गर्ने,

(ञ) समितिले दिएका अन्य निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद-३

## ऋणको वर्गीकरण तथा नोक्सानी व्यवस्था

५. **ऋणको वर्गीकरणः** (१) कोषले प्रवाह गरेको ऋणलाई देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछः-

(क) असल ऋण :- भाखा ननाघेका र एक वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ख) कमसल ऋणः- साँवा वा ब्याज एक वर्ष देखि दुई वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ग) शंकास्पद ऋणः- साँवा वा ब्याज दुई वर्ष देखि पाँच वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(घ) खराब ऋणः- साँवा वा ब्याज पाँच वर्ष भन्दा माथिको अवधिले भाखा नाघेको किस्ता रकम ।

(२) उपविनियम (१) को खण्ड (क) बाहेकका ऋणलाई निष्क्रिय ऋण मानिनेछ ।

६. **खराब ऋण सम्बन्धी अन्य व्यवस्थाः-** (१) विनियम ५ को उपविनियम (१) को खण्ड (घ) मा उल्लेख भए बाहेक देहायको मध्ये कुनै अवस्थाको ऋणलाई समेत खराब ऋणमा वर्गीकरण गरिनेछः

(क) ऋण सम्झौतामा उल्लिखित बाहेक अन्य प्रयोजनमा ऋणको उपयोग गरेको,

(ख) आयोजना निर्माणको शुरु ठेक्का सम्झौतामा उल्लेख भए अनुसारको निर्माण अवधिको दोब्बर समयसम्म पनि आयोजना निर्माण सम्पन्न नभएको,

(ग) सरोकारवाला निकायबीच आयोजना निर्माण, संचालन तथा व्यवस्थापनसँग सम्बन्धी विवाद उत्पन्न भई कानून बमोजिम २ (दुई) वर्षसम्म समाधान नभएको,

(घ) आयोजना निर्माण सम्पन्न भएको मितिदेखि २ (दुई) वर्षसम्म सेवा सञ्चालनमा नआएको,

(ङ) आयोजनाबाट आर्जित रकम ऋण भुक्तानी नगरी अन्य कार्यमा प्रयोग गरेको ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राकृतिक विपत्ति, महामारी वा काबु बाहिरको परिस्थिति सृजना भई आयोजना निर्माण वा संचालनमा नआएको आयोजनाको हकमा ऋणको वर्गीकरण उपसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

७. **ऋण नोक्सानी व्यवस्था:** (१) यस विनियमावली बमोजिम वर्गीकरण गरिएका ऋणलाई बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम ऋण नोक्सानी व्यबस्था कायम गर्नुपर्नेछ:

| **ऋण वर्गीकरण** | **न्यूनतम् ऋण नोक्सानी व्यवस्था** |
|---|---|
| (क) असल | एक प्रतिशत |
| (ख) कमसल | बीस प्रतिशत |
| (ग) शंकाष्पद | चालीस प्रतिशत |
| (घ) खराब | सतप्रतिशत |

(२) पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएको ऋणको हकमा न्यूनतम ५ (पाँच) प्रतिशत ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

तर, असल ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण भएको अवस्थामा १ (एक) प्रतिशत ऋण नोक्सानी व्यवस्था गर्न सकिनेछ ।

(३) उपविनियम (२) बमोजिमको व्यवस्थाबाट समेत लगातार २ (दुई) वर्षसम्म पनि नियमित हुन नसकेको ऋणको हकमा पुनर्संरचना वा पुनर्तालिकीकरण हुन अघिको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

८. **कन्सोर्टियम ऋण सम्बन्धी व्यवस्था:** नियमावलीको नियम ८ बमोजिम गरिएको कन्सोर्टियम ऋण लगानीमा नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशिका बमोजिमको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

९. **ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण सम्बन्धी व्यवस्था:** (१) ऋण सम्झौता बमोजिम तोकिएको समयमा नियमितरुपमा भुक्तानी नभएको ऋणलाई उपसमितिले पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण गर्ने आधार देहाय बमोजिम हुनेछ:

(क) ऋणीले पेश गरेको कार्ययोजना विश्वसनीय भएमा,

(ख) कुल बक्यौता ब्याजको कम्तिमा पच्चीस प्रतिशत असुल उपर भएमा,

(ग) ऋणीले प्राकृतिक विपत्ति वा महामारी वा काबु बाहिरको अन्य परिस्थिती सिर्जना भई आयोजनाको वित्तीय अवस्था वा नगद प्रवाहमा नकारात्मक असर परेको प्रमाण पेश गरेमा,

(घ) ऋण असुली हुने सम्बन्धमा उपसमिति विश्वस्त हुने आधार भएमा ।

(३) उपविनियम (१) बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण गर्दा ऋणको कुल भुक्तानी अवधी बढीमा पच्चीस बर्ष हुनेछ ।

(४) यस विनियम बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरणको लागि ऋणीले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

## परिच्छेद-४

## ऋण असुली सम्बन्धी प्रक्रिया

१०. **असल ऋण असुली प्रक्रियाः** ऋण असुली एकाईले असल ऋण असुलीको लागि देहायको प्रक्रिया अवलम्वन गर्नेछः

(क) तोकिएको भुक्तानी मितिभन्दा कम्तीमा ३० (तीस) दिन अगावै किस्ता रकम भुक्तानीका लागि ऋणीलाई अग्रिम जानकारी गराउने,

(ख) तोकिएको भुक्तानी मितिभित्र किस्ता रकम दाखिला नगरेमा २१ (एक्काईस) दिनको म्याद दिई ताकेता पत्र पठाउने,

(ग) खण्ड (ख) बमोजिमको समय सीमा भित्र किस्ता रकम दाखिला नगरेमा १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(घ) खण्ड (ग) बमोजिमको समय सीमा भित्र किस्ता रकम दाखिला नभएमा सो सम्बन्धी व्यहोरा ऋणको जमानीकर्ता भएमा निजलाई समेत जानकारी गराउने ।

११. **कमसल ऋण असुली प्रक्रियाः** (१) ऋण असुली एकाईले कमसल ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्ता समेतलाई पुनः जानकारी गराउने ।

(२) उपविनियम (१) बमोजिम जानकारी गराएको ९० (नब्बे) दिन भित्र किस्ता रकम दाखिला नभएमा कोष व्यवस्थापनले ऋण असुलीका लागि एस्क्रो एकाउण्ट वा डेब्ट सर्भिस रिजर्व फण्ड वा ऋण सम्झौता बमोजिमका अन्य विधि लागू गर्न सक्नेछ ।

(३) कोषले कमसल ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्व स्वीकृत भएको ऋण रकम बाहेक थप ऋण उपलब्ध गराउने छैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना संचालन भई ऋण असुली हुनसक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनको आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

१२. **शंकास्पद ऋण असुली प्रक्रियाः** (१) ऋण असुली एकाईले शंकाष्पद ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) वक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिन दिनको म्याद दिई पुनःताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तालाई सम्झौता बमोजिम वहन गर्नुपर्ने दायित्व ९० (नब्बे) दिन भित्र पुरा गर्न जानकारी गराउने ।

(२) कोषले शंकाष्पद ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्व स्वीकृत भएको ऋण रकम बाहेक थप ऋण उपलब्ध गराउने छैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना संचालन भई ऋण असुली हुनसक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनको आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

१३. **खराब ऋण असुली प्रक्रिया**ः (१) ऋण असुली एकाईले खराब ऋण असुलीको लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नेछः

(क) वक्यौता किस्ता रकम दाखिला गर्नका लागि ३० (तीस) दिनको म्याद दिई खण्ड (ख) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको व्यहोरा समेत समावेश गरी ऋणी तथा जमानीकर्तालाई पुनःताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिम किस्ता रकम दाखिला नभएमा दाखिला गर्नुपर्ने वक्यौता किस्ता रकमको विवरण सहित ऋणी र जमानीकर्ताको नाम उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा ३५ (पैंतीस) दिनको म्याद दिई सूचना प्रकाशन गर्ने ।

(२) उपविनियम (१) बमोजिम तोकिएको म्याद भित्र ऋणी वा जमानीकर्ताले वक्यौता किस्ता रकम दाखिला नगरेमा त्यस्तो वक्यौता किस्ता रकम प्रचलित कानून बमोजिम नेपाल सरकारले सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँडको रकमबाट कट्टा गरी कोषलाई उपलब्ध गराउन समितिको निर्णय बमोजिम अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

(३) कोषले खराब ऋणमा वर्गीकरण भएको ऋणी तथा जमानीकर्तालाई थप ऋण उपलब्ध गराउने छैन ।

१४. **जानकारी गराउने अवधि:** यस परिच्छेद बमोजिम ऋणी तथा जमानीकर्तालाई जानकारी गराउने कार्य तोकिएको भुक्तानी अवधि समाप्त भएको ३० (तीस) दिन भित्र गराईसक्नु पर्नेछ ।

१५. **छलफल तथा अनुगमन गर्न सकिने:** (१) कोषले ऋण असुली कार्यलाई नियमित र व्यवस्थित गर्न आवश्यकता अनुसार स्थलगत अनुगमन, निरीक्षण, छलफल तथा परामर्श गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम गरिएको स्थलगत अनुगमन निरीक्षण, छलफल तथा परामर्श सम्बन्धी प्रतिवेदन सो कार्य सम्पन्न भएको १५ (पन्ध्र) दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा कोषले ऋणी वा जमानीकर्तालाई कोषले ऋण सम्झौताका शर्तहरु पालना गर्न ध्यानाकर्षण गराउन सक्नेछ ।

## परिच्छेद ५

## धितो वा अन्य सम्पत्ति चलन, वहाल वा ठेक्का तथा लिलाम र अपलेखन सम्बन्धी व्यवस्था

१६. **धितो वा अन्य सम्पत्ति चलन, वहाल वा ठेक्कामा दिन सक्ने:** (१) परिच्छेद ४ मा उल्लिखित प्रक्रियाबाट असुल उपर हुन नसकेको अवस्थामा कोषले ऋण प्रदान गर्दा धितो वापत राखिएको सम्पत्ति वा ऋणीको अन्य सम्पत्तिहरु प्रचलित कानून बमोजिम प्राप्त गरी चलन गर्न, वहाल वा ठेक्कापट्टामा दिन वा मुनाफा बाड्ने गरी अरुलाई संचालन गर्न दिई ऋण असुल उपर गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम सम्पत्ति प्राप्त गरी चलन गर्ने वा वहाल वा ठेक्कापट्टा वा संचालन गर्न दिने विषय समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) यस विनियम बमोजिम सम्पत्ति प्राप्त गरेको, भोग चलन गरेको, भाडा वा ठेक्कापट्टामा दिएको वा मुनाफा बाड्ने गरी अरुलाई संचालन गर्न दिएको कारणले मात्र यस परिच्छेद बमोजिम धितो बिक्रि गर्न पाउने कोषको अधिकारमा बाधा परेको मानिने छैन ।

(४) यस विनियम बमोजिम सम्पत्ति प्राप्त गरी भाडा वा ठेक्कापट्टा वा मुनाफा बाँड्ने गरी अरुलाई संचालन गर्न दिएको कारणबाट कोषको ऋण असुली भएको अवस्थामा यस विनियम बमोजिम प्राप्त गरिएको सम्पत्ति फुकुवा गरिनेछ ।

१७. **धितो वा अन्य सम्पत्ति लिलाम विक्री गर्न सक्ने:** (१) समितिले विनियम १६ मा उल्लिखित प्रक्रियाबाट असुल उपर हुनसक्ने पर्याप्त आधार नदेखेमा ऋण दिंदा धितो वापत राखिएको सम्पत्ति वा ऋणीको अन्य सम्पत्ति लिलाम बढाबढ, बोलपत्र वा आपसी छलफलद्वारा विक्रि गरी ऋण असुल उपर गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम लिलाम विक्रिको प्रक्रिया शुरु गर्नुभन्दा पैंतीस दिन अघि सो सम्बन्धी व्यहोराको जानकारी ऋणी र जमानीकर्तालाई गराउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम जानकारी गराउँदा समेत ऋण असुल उपर हुन नसकेको अवस्थामा धितो वा अन्य सम्पत्ति लिलाम विक्रीका लागि कोषले प्रचलित कानून बमोजिम प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(४) यस विनियम बमोजिम धितो वा अन्य सम्पत्ति लिलाम विक्रि गर्दा कोषले असुल उपर गर्नुपर्ने भन्दा बढी भएको रकम सम्बन्धित धनीलाई फिर्ता गर्नुपर्नेछ ।

(५) कोषले यस विनियम बमोजिम धितो वा सम्पत्ति लिलाम विक्रि प्रक्रियाको क्रममा ऋणी वा जमानीकर्ताले ऋण रकम चुक्ता गरेमा धितो वा अन्य सम्पत्ति लिलाम विक्रि प्रक्रिया रोक्का गर्न सक्नेछ ।

१८. **धितो वा अन्य सम्पत्ति रोक्का राख्न सक्ने:** (१) कोषले ऋण लगानी गर्दा धितोको रुपमा राखिएको सम्पत्ति ऋण सम्झौता गर्नु अघि सम्पत्ति धनीले बिक्री वा स्वामित्व हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नुपर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस विनियमावली बमोजिम अन्य सम्पत्ति प्राप्ती वा लिलाम विक्रीको प्रक्रिया शुरु गर्नु अघि सम्पत्ति धनीले बिक्री वा स्वामित्व हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्नुपर्नेछ ।

१९. **स्वामित्व लिन सक्ने:** (१) यस विनियमावली बमोजिम लिलाम बिक्री वा आपसी छलफलद्वारा पटक पटक प्रयास गर्दा पनि ऋणीको सम्पत्ति बिक्री हुन नसकेमा वा प्राप्त मूल्यमा विक्री गर्दा कोषको हितमा हुने नदेखिएमा समितिले तोकिदिएको प्रक्रिया बमोजिम ऋणीको सम्पत्तिको मोल कायम गरी सो सम्पत्तिको स्वामित्व कोषले आफै लिन सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम स्वामित्वमा लिएको सम्पत्तिको व्यवस्थापन समितिले तोकिदिए बमोजिम हुनेछ ।

२०. **खर्च समायोजन गर्ने:** (१) धितोको रुपमा राखेको सम्पत्ति कोषले मर्मत सम्भार वा संरक्षण गर्दा र लिलाम विक्री गर्दा लागेको खर्चको हिसाब छुट्टै राख्नु पर्नेछ ।

(२) विनियम १७ को उपविनियम (४) बमोजिम रकम फिर्ता गर्दा वा विनियम १९ बमोजिम सम्पत्तिको स्वामित्व लिंदा लागेको खर्च समेत समायोजन गरिनेछ ।

२१. **अपलेखन सम्बन्धी व्यवस्था:** (१) यस विनियमावली बमोजिम ऋण असुलीका प्रक्रिया अवलम्वन गर्दा असुली हुन नसकेको ऋणलाई समितिले अपलेखन गर्न सक्नेछ ।

(२) यस विनियम बमोजिम ऋण अपलेखन गरिएको कारणबाट मात्र ऋण चुक्ता गर्ने दायित्वबाट ऋणी मुक्त भएको मानिने छैन ।

(३) यस विनियम बमोजिम अपलेखन गरिएको ऋणको विवरण ऋण असुली एकाईले वार्षिक रुपमा तयार गरी राख्नुपर्नेछ ।

## परिच्छेद ६

## विविध

२२ **ऋण असुली विवरण तयार गर्ने:** ऋण असुली एकाईले भाखा नाघेको ऋण असुली सम्बन्धी विवरण अनुसूची-३ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा तयार गरी कार्यकारी निर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

२३. **ऋण वर्गीकरण तथा नोक्सानी सम्बन्धी विशेष व्यवस्था:** (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो विनियमावली लागू हुनु पूर्व लगानी भएका ऋणीको हकमा विनियम ५, ६ र ७ सम्बन्धी व्यवस्था मिति २०८१ श्रावण १ गते देखि लागू हुनेछ ।

(२) उपविनियम (१) को व्यवस्थाका लागि कोषले विनियावलीमा भएका व्यवस्थाका बारेमा ऋणी तथा जमानीकर्तालाई यथासमयमा जानकारी गराउनेछ ।

२४. **खराब ऋणीको सूची तयार गर्ने:** यस विनियमावली बमोजिम खराब ऋणमा वर्गीकरण भएका ऋणीलाई कोषले खराब ऋणीको सूचीमा समावेश गर्नेछ ।

२५. **जानकारी गराएको मानिने:** (१) यस विनियमावली बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात सम्बन्धित निकायको ठेगानामा पत्र वा रजिष्ट्री गरी पठाएको वा सार्वजनिक सूचना प्रकाशन गरेको वा विद्युतीय माध्यमबाट सम्बन्धित पक्षको विद्युतीय ठेगानामा पठाएको वा बुझाएको अवस्थामा सम्बन्धितलाई जानकारी गराएको मानिनेछ ।

(२) विनियम (१) को प्रयोजनको लागि ऋण असूली एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा छाप लगाइ तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको कागजात मानिनेछ ।

२६. **संशोधन तथा हेरफेर:** (१) कोष सञ्चालक समितिले यस विनियमावलीमा आवश्यकतानुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

(२) यस विनियमावलीको अनुसूचीमा उपसमितिले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२७. **व्याख्या:** यस विनियमावलीको व्याख्या गर्ने अधिकार कोषको सञ्चालक समितिलाई हुनेछ ।

२८. **आवश्यक व्यवस्था गर्नसक्ने:** यस विनियमावलीको कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा सञ्चालक समितिले आवश्यक व्यवस्था गर्नसक्नेछ ।

**अनुसूची-१**

*(विनियम ९ को उपविनियम (४) सँग सम्बन्धित)*

## ऋण पुनर्संरचना/पुनर्तालिकीकरणका लागि निवेदन

मितिः...................

पत्र संख्या...............................

चलानी नं............................

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नगर विकास कोष,
नयाँ वानेश्वर, काठमाण्डौ ।

**बिषयः ऋण पुनर्संरचना/पुनर्तालिकीकरण गर्ने बारे ।**

उपरोक्त विषयमा तहाँ र यस नगरपालिका/उपभोक्ता संस्थाबीच मिति ............... मा (*आयोजनाको नाम*.......................................) आयोजनाका लागि ऋण सम्झौता भई कार्यान्वयनको क्रममा ........................................................... कारणले गर्दा सम्झौता अनुसार यस नगरपालिका/उपभोक्ता संस्थाले समयमा पुरा किस्ता रकम भुक्तानी गर्न असमर्थ भएको हुँदा ऋण पूनर्संरचना/पूनर्तालिकीकरणका गरी किस्ता भुक्तानी गर्न सहज तुल्याईदिनु हुन अनुरोध गर्दछु ।

नाम थरः

दस्तखतः

पदः

मितिः

# अनुसूची-२

*(विनियम १३ को उपविनियम (१) खण्ड (ख) सँग सम्बन्धित)*
*नगर विकास कोष, काठमाण्डौको ऋण चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी*
*पैतीस दिने अत्यन्त जरुरी सूचना*
*प्रकाशित मितिः .................... गतेको........... दैनिक पत्रिका*

यस कोषबाट तपाई तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋणको यस कोषसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नबुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणको साँवा, ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई यस कोषसँग गरेको ऋण सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यस कोषको नाममा धितो बन्धक लेखिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा ................... ले दिएको अधिकार प्रयोग गरी यस कोषको नियमानुसार लिलाम प्रक्रियाद्वारा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस कोषबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले पैतीस दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु छत्तीस औं दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन सार्वजनिक विदा परेमा विदाको लगतै बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधी, ऋणी, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रक्रिया गर्न कुनै बाधा पुग्ने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि कोषको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिईने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनी यस कोषमा सम्पर्क राखी यथासिघ्र ऋण भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनुहुन समेत अनुरोध गरिएको छ ।

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण | जमानत दिनेको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |

## अनुसूची-३

*(विनियम २२ सँग सम्बन्धित)*

## ऋण सम्बन्धी त्रैमासिक प्रतिवेदन

| सि. नं. | ऋणीको नाम | आयोजनाको नाम | आयोजनाको एकाउण्ट कोड | स्वीकृत ऋण रकम | भाखा नाघेको ऋण | | | भाखा नाघेको अवधि | भाखा नाघेको किस्ता संख्या | ऋणको वर्गीकरण | भाखा नाघेको कारण | हाल सम्मको पहल | भावी कार्य-योजना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | साँवा | ब्याज | जम्मा | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# नगर विकास कोष
# खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८

# खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८

**सञ्चालक समितिबाट स्वीकृत भएको मितिः २०७८/१०/०३**

**प्रस्तावनाः** नगर विकास कोषको ऋण लगानीमा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, खानेपानी बोर्ड वा स्थानीय तहद्वारा सञ्चालन हुने खानेपानी आयोजनाको सेवा प्रवाहलाई गुणस्तरीय, दिगो र भरपर्दो बनाइ ऋण असुलीको सुनिश्चितताका लागि महशसुल दर निर्धारण पद्धतिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नगर विकास कोष नियमावली, २०५४ को नियम २० को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी कोष सञ्चालक समितिले देहायको निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "खानेपानी महसुल दर सिफारिस निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "उपभोक्ता" भन्नाले धारा जडान गरी खानेपानी सुबिधा उपभोग गर्ने व्यक्ति, संस्था तथा निकाय सम्झनु पर्छ ।

(ख) "उपभोक्ता संस्था" भन्नाले कोषको ऋण लगानीमा सञ्चालित खानेपानी प्रणालीबाट उपलब्ध हुने खानेपानी सेवा सञ्चालन गर्ने उपभोक्ता संस्था सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले नगर विकास कोष ऐन, २०५३ सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले नगर विकास कोष सम्झनु पर्छ ।

(ङ) "खपत युनिट" भन्नाले मिटर बमोजिम उपभोक्ताले उपभोग गरेको पानीको परिमाण सम्झनु पर्छ ।

(च) "धारा" भन्नाले खानेपानी उपभोग गर्नको निमित्त उपभोक्ता संस्था, वोर्ड वा स्थानीय तहले कुनै व्यक्ति, संस्था तथा निकायका नाममा जडान गरिदिएको खानेपानीको धारा सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले नगर विकास कोष नियमावली, २०५४ सम्झनु पर्छ ।

(ज) "बोर्ड" भन्नाले खानेपानी सेवा सञ्चालनका लागि प्रचलित कानून वमोजिम गठन भएको खानेपानी बोर्ड सम्झनु पर्छ ।

(झ) "महसुल" भन्नाले उपभोक्ताले धारा जडान गरी खानेपानी सुबिधा उपभोग गरेवापत मासिक रुपमा बुझाउनुपर्ने रकम सम्झनु पर्छ ।

(ञ) "मिटर" भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले खानेपानी पाइप लाइनमा जडान गरिने मिटर सम्झनु पर्छ ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिका सम्झनु पर्छ ।

(ठ) "ऋण" भन्नाले उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले खानेपानी आयोजना निर्माण, सेवा विस्तार, स्तरोन्नती वा मर्मत सम्भार गर्ने प्रयोजनका लागि कोषबाट लिएको रकम सम्झनु पर्छ ।

३. **महसुल दर निर्धारण विधिः** (१) निर्माणका लागि प्रस्ताव गरिएका नयाँ आयोजना वा सञ्चालनमा आईसकेका आयोजनामा सेवा विस्तार, स्तरोन्नती वा मर्मत सम्भार गर्ने प्रयोजनका लागि कोषले ऋण लगानी गर्नुपूर्व खानेपानी महसुल दर निर्धारण गरी सिफारिस गर्नेछ ।

(२) कोषले उपदफा (१) वमोजिम महसुल दर सिफारिस गर्दा खानेपानी आयोजनाको ऋण रकम, उपभोक्ताको घरधुरी संख्या, खानेपानीको अनुमानित खपत युनिट, उपभोक्ताको क्रयशक्ति, खानेपानीको गुणस्तर, अनुमानित सञ्चालन तथा मर्मत सम्भार खर्च, कोषलाई तिर्नुपर्ने साँवा ब्याज भुक्तानी एवम् आयोजनाको सेवा विस्तार र दिगोपन लगायत **अनुसूची-१** मा उल्लिखित विषयलाई आधारकोरुपमा लिनुपर्नेछ ।

(३) उपदफा (२) को आधारमा गरिने महसुल दरको गणना सम्बन्धी ढाँचा र विधि **अनुसूची-२** मा तोकिए वमोजिम हुनेछ ।

(४) उपदफा (३) बमोजिम महसुल दर गणना गर्दा वित्तीयरुपमा सम्भाव्य देखिएका आयोजनाको लागि कोषले कम्तीमा तीन वर्षका लागि **अनुसूची-३** को ढाँचामा महसुल दर संरचना सिफारिस गर्नेछ ।

(५) उपदफा (४) वमोजिम दर संरचना सिफारिस गर्दा पहिलो संरचनामा तोकिएको न्युनतम् महसुल बमोजिम पछिल्ला संरचनाहरुमा प्रति युनिट दरमा एक दशमलव पाँच गुणाभन्दा बढी हुने गरी महसुल दर सिफारिस गरिने छैन ।

(६) यस निर्देशिकाको प्रयोजनका लागि देहायको अवस्थाका आयोजनालाई वित्तीयरुपमा सम्भाव्य वा ऋण लगानीयोग्य भएको मानिनेछः

(क) तोकिएको महसुल दरबाट प्राप्त हुने कुल वार्षिक आम्दानीबाट कुल बार्षिक खर्च घटाई हुन आउने कूल नगद प्रवाह (Cumulative Cash Flow) धनात्मक (Positive) भएको,

(ख) तोकिएको ब्याज प्रतिशतभन्दा आन्तरिक प्रतिफल दर (Internal Rate of Return) बढी भएको,

(ग) सञ्चालन खर्च पश्चात्को बचत रकम तिर्नुपर्ने साँवा ब्याज रकमभन्दा बढी भएमा (Debt Service Coverage Ratio >1 ), र

(घ) मासिक महसुल रकम उपभोक्ताको मासिक औषत आम्दानीको पाँच प्रतिशत भन्दा कम भएको ।

(७) उपदफा (२) वमोजिम वित्तीय विश्लेषण गर्दा आयोजनाको लागत र प्रक्षेपित आम्दानीमा दश प्रतिशतभन्दा बढी, घटी वा दुवै कायम गरी सम्वेदनशीलता विश्लेषण (Sensitivity Analysis) का आधारमाजोखिम न्यूनिकरणका लागि कोषले ऋण सम्झौतामा थप शर्तहरु समेत राख्न सक्नेछ ।

(८) उपदफा (१) र (२) बमोजिम कोषले महसुल दर गणना गर्दा देहाय वमोजिम गर्नेछः-

(क) नयाँ आयोजनाः

$$\text{औसत महसुल दर प्रति युनिट} = \frac{\text{वार्षिक कुल भुक्तानी रकम}}{\text{अनुमानित वार्षिक पानी खपत युनिट}} X \text{ ०.८५}$$

(ख) सञ्चालनमा रहेका आयोजनाः

$$\text{औसत महसुल दर प्रति युनिट} = \frac{\text{यथार्थ वार्षिक कुल भुक्तानी रकम}}{\text{यथार्थ वार्षिक पानी खपत युनिट}}$$

(९) यस दफा बमोजिम कोषले आयोजनाको वित्तीय विश्लेषण गर्दा कुल ठेक्का अङ्क यकिन भईसकेको अवस्थामा कुल स्वीकृत लागत अनुमान रकममा नबढ्ने गरी ठेक्का अङ्कको बढीमा पन्ध्र प्रतिशतसम्म रकम थप गरी कायम हुने आयोजना लागतका आधारमा र ठेक्का अङ्क यकिन भईनसकेको अवस्थामा स्वीकृत लागत अनुमानको आधारमा महसुल दर निर्धारण गरी सिफारिस गर्नेछ ।

(१०) यस दफा बमोजिम निर्धारण भएको महसुल दर आयोजना मूल्याङ्कन प्रतिवेदन वा आयोजना पुनःमूल्याङ्कन प्रतिवदेन सहित ऋण स्वीकृतीका लागि कोषको लगानी प्रवर्द्धन समितिको सिफारिसमा कोषको सञ्चालक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(११) सञ्चालक समितिबाट ऋण स्वीकृत भएको अवस्थामा आयोजनाका लागि उपदफा (१०) वमोजिमको महसुल दर ऋण सम्झौतामा शर्तको रुपमा रहनेछ ।

४. **महसुल दरको स्वीकृती तथा कार्यान्वयन:** (१) उपभोक्ता संस्था वा बोर्डले ऋण सम्झौता हुनुपूर्व दफा ३ बमोजिम कोषबाट सिफारिस भएको महसुल दरलाई संस्था वा बोर्डको साधारण सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

तर तत्काल साधारण सभा बस्न नसक्ने अवस्था भएमा साधारण सभाबाट अनुमोदन गराउने गरी उपभोक्ता संस्था वा बोर्डको सञ्चालक समितिले निर्णय गरी सोको प्रतिलिपी कोष समक्ष पेश गर्नुपर्नेछ ।

(२) स्थानीय तहले ऋण सम्झौता हुनुपूर्व दफा ३ बमोजिम कोषबाट सिफारिस भएको महसुल दरलाई सम्बन्धित स्थानीय तहको सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा कोषले ऋण स्वीकृत गर्दा सिफारिस गरेको महशुल दर पुनरावलोकन गर्न सक्नेछः

(क) कोषको ऋण भुक्तानीका लागि अन्य स्रोतको सुनिश्चितता भएको भनी उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले पर्याप्त आधार र कारण सहित अनुरोध गरेमा,

(ख) आयोजना निर्माण सम्पन्न हुँदा र ऋण स्वीकृत गर्दा गरिएको वित्तीय अवस्थाको मूल्याङ्कनमा आएको अन्तरका कारण कोषले महशुल दर पुनरावलोकन गर्नुपर्ने देखेमा ।

(४) उपदफा (३) वमोजिम कोषबाट महसुल दर पुनरावलोकन भएको अवस्थामा उपभोक्ता संस्था, वोर्ड, वा स्थानीय तहले सोही वमोजिमको महसुल दर स्वीकृत गरी लागु गर्नुपर्नेछ ।

(५) उपभोक्ता संस्था वा बोर्डले कोषद्वारा सिफारिस गरिएको महसुल दर स्वीकृत गरी सम्बन्धित ऋण जमानीकर्ता स्थानीय तहबाट समेत अनुमोदन गराउनु पर्नेछ ।

(६) यस दफा वमोजिम स्वीकृत भएको महसुल दरलाई उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले प्रत्येक तीन वर्षमा कम्तीमा दश प्रतिशतका दरले बृद्धि हुने गरी लागू गर्नुपर्नेछ ।

तर उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले कोषको ऋण भुक्तानीका लागि अन्य स्रोतको सुनिश्चितता भएको अवस्थामा महसुल दर यथावत कायम राख्न सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऋण स्वीकृत गर्दा सिफारिस गरेको महसुल दरलाई कोषले समयसापेक्ष रुपमा आवश्यक पुनरावलोकन गरी सिफारिस गर्न सक्नेछ ।

**५.** **थप ऋण लगानी नहुने:** उपभोक्ता संस्था, बोर्ड र स्थानीय तहले कोषद्वारा सिफारिस भएको महसुल दर लागू नगरेसम्म कोषले थप ऋण उपलब्ध गराउने छैन ।

**६.** **महसुल दर परिवर्तन:** (१) उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले महसुल दर परिवर्तन गर्दा कोषको पूर्व सहमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहमतिका लागि उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले अनुसूची-४ बमोजिमको ढाँचामा कोष समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी महसुल दर परिवर्तन गर्नुपर्ने आधार मनासिव देखेमा निवेदन प्राप्त भएको मितिले साठी दिन भित्र कोषको कार्यकारी निर्देशकले सम्बन्धित उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहलाई महसुल दर परिवर्तन गर्ने सहमति दिनेछ ।

**७.** **परिवर्तित महसुल दरको कार्यान्वयन:** (१) दफा ६ वमोजिम परिवर्तित महसुल दर लागू गर्न सहमति प्राप्त भए पश्चात् उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले दफा ४ मा उल्लेखित प्रक्रिया पुरा गरी परिवर्तित महसुल दर कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहले उपदफा (१) वमोजिम परिवर्तन भएको महसुल दर सात दिन भित्र सूचना प्रकाशन गरी उपभोक्तालाई जानकारी गराउनु पर्नेछ ।

**८.** **अनुगमन गर्नसक्ने:** (१) कोषद्वारा ऋण लगानी गरिएका खानेपानी आयोजनाको महसुल कार्यान्वयन सम्बन्धमा कोषले आवश्यकता अनुसार अनुगमन गर्नसक्नेछ ।

(२) उपदफा (१) वमोजिम अनुगमन गर्दा पानीको महसुल, ऋण असुली लगायत आयोजनाका प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने देखेमा कोषले आवश्यक सुझाव दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त भएको सुझावको पालना गर्नु सम्वन्धित उपभोक्ता संस्था, बोर्ड वा स्थानीय तहको कर्तव्य हुनेछ ।

**९.** **संशोधन तथा हेरफेर:** (१) कोष सञ्चालक समितिले यस निर्देशिकामा आवश्यकतानुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

(२) यस निर्देशिकाको अनुसूचीमा कोषको लगानी प्रवर्द्धन समितिले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**१०.** **व्याख्या:** यस निर्देशिकाको व्याख्या गर्ने अधिकार कोषको सञ्चालक समितिलाई हुनेछ ।

# अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

## महसुल दर निर्धारणका आधारहरु

**१. ऋण रकम लगानीका लागि आवश्यक सूचकहरु**

(क) ब्याज दर (Interest rate)

(ख) ऋण अवधि (Loan Maturity)

(ग) सहुलियत अवधि (Grace Period)

(घ) आयोजना निर्माण अवधि (Construction Period)

(ङ) आधार वर्ष (Base Year)

(च) आधार वर्षको जनसंख्या (Base Year's Population)

(छ) औषत घरधुरी संख्या (Average HH Size)

**२. सम्पत्ति अवधि तथा प्रतिस्थापन (Assets life and Replacement)**

(क) जम्मा सम्पत्ति अवधि (Total Asset Life)

(ख) मिटरको प्रतिस्थापन (Meter Replacement)

**३. धारा जडान** (Connections)

(क) निर्माण सम्पन्न भएपछि न्यूनत्तम रुपमा जडान गर्नुपर्ने धारा संख्या

(ख) नीजि धारा (Full Plumbing %)

(ग) घर वाहिर आँगने धारा (Yard Taps %)

(घ) संस्थाद्वारा पानीको खपत (Institutional Consumption -% of domestic consumption)

(ङ) जनसंख्या बृद्धि (Population Growth %)

## ४. दैनिक पानीको खपतका लागि आधारहरु - प्रतिदिन प्रति व्यक्ति (LPCD)

(क) औसत आय घरधुरी (Average Income HH)

(ख) न्यून आय घरधुरी (Low Income HH)

## ५. मासिक आम्दानी (औसतमा रु.)

(क) गरिबीको रेखामुनी रहेका घरधुरी (Poor HH)

(ख) निम्न आय भएका घरधुरी (Low HH)

(ग) औसत आय (Average income HH)

*नोटः-न्यून आय भएका व्यक्ति पहिचान गर्दा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन लगायत विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाबाट गरिएका अध्ययन प्रतिवेदनलाई समेत आधार मान्न सकिनेछ ।*

## ६. चुहावट तथा संकलनका आधारहरु (Assumptions for Losses and Collection)

(क) चुहावट (Losses): 15%

(ख) न्यूनतम सङ्कलन (Minimum Collections Efficiency): 90%

## ७. जडान खर्च तथा न्यूनतम महसुल शुल्क (Connection Charge and Minimum Tariff Band)

(क) जडान खर्च (Connection Charge)

(ख) न्यूनतम महसुल (Minimum Tariff Band)

## ८. वार्षिक सञ्चालन तथा मर्मत सम्भार खर्च (प्रतिशतमा वृद्धि)

(क) कर्मचारी तलव : वार्षिक तीन देखि पाँच प्रतिशत वृद्धि

(ख) विद्युत खर्च : वार्षिक तीन देखि पाँच प्रतिशत वृद्धि

(ग) मर्मत तथा सम्भार खर्च : वार्षिक तीन देखि पाँच प्रतिशत वृद्धि

(घ) केमिकल खर्च : वार्षिक तीन देखि पाँच प्रतिशत वृद्धि

(ङ) अन्य प्रशासनिक खर्च : वार्षिक तीन देखि पाँच प्रतिशत वृद्धि

## अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्वन्धित)

## महसुल दरको गणना सम्बन्धी ढाँचा र विधि

## TDF Tariff Calcualtion Templete-Version-01

### (क) आयोजना प्रतिवेदन र संस्थाबाट प्राप्त विवरणको आधारमा भरिने फाराम

**Name of the project:**

**Name of the applicant institution:**

### 1. Capital Costs

| Headings | Unit | Financial Cost |
|---|---|---|
| Civil Works | NPR | |
| Other Cost | NPR | |
| Procurements | NPR | |
| Tap Connections | NPR | |
| *Sub-total* | NPR | - |
| *Physical Contingencies of Sub-total A* | 15.00% | - |
| *Sub Total* | NPR | - |
| *VAT of total* | 13.00% | - |
| Total | NPR | - |
| Connection Cost | NPR/connection | |
| Meter Replacement Cost | NPR/connection | |

### 2. Means of Financing

| Means | | Proposed | Alternative 1 | Alternative 2 |
|---|---|---|---|---|
| Grants | % | 70% | 70% | 70% |
| TDF Loan | % | 25% | 20% | 15% |
| User Contribution + Municipality | % | 5% | 10% | 15% |

### 3. Loan Terms and Draw Schedule

| | | | |
|---|---|---|---|
| WACC | | | |
| Return on Debt (interest rate) | | | |
| Loan maturity | | | |
| Grace period | | | |
| Construction period | | | |
| **Draw down schedule:** | | | |
| C1 | | | Construction Year 1 |
| C2 | | | Construction Year 2 |
| C3 | | | Construction Year 3 |

### 4. Basic Information

| | | |
|---|---|---|
| Base year | | |
| Population (Base year) | Number | |
| Average HH Size | | |

### 5. Asset's life and rehab requirements

| | | |
|---|---|---|
| Asset Life | Years | |
| Meter replacement (years) | Years | |

## 6. O&M Cost

| **i. Personnel** | **Unit** | **Number** | **Rate/Months** | **# of Months** |
|---|---|---|---|---|
| O & M Manager (System Engineer) | NPR | | | |
| Plant Operator (Junior Engineer) | NPR | | | |
| Plumber / Maintenance Worker | NPR | | | |
| Revenue | NPR | | | |
| Administrative Chief /Accountant | NPR | | | |
| Meter Reader | NPR | | | |
| Peon and Helper | NPR | | | |
| **ii. Energy** | | Quantity/ month | Rate | Total Expenses |
| Electricity and or Diesel | NPR | | | - |
| **iii. Spare Parts** | | Quantity/year | Cost/Unit | Total |
| 0.25% cost of civil works | NPR | | | - |
| 0.5% cost of pipeline works | NPR | | | - |
| 2% cost of E & M components | NPR | | | - |
| **iv. Chemicals** | | Quantity/year | Cost/Unit | Total |
| Chemicals | NPR | 1 | | - |
| **v. Other Maintenance** | | Quantity/year | Cost/ Unit | Total |
| Office Overhead Expenses | NPR | 1 | | |

-

## 6.1 O&M Cost Annual Growth Assumption

| | | |
|---|---|---|
| Personnel | % | |
| Energy | % | |
| Spare Parts | % | |
| Chemicals | % | |
| Other | % | |

## 7. Connections

| | | |
|---|---|---|
| Households Connected % | % | |
| Number of households connected | Number | |
| - Full Plumbing | % | |
| - Yard Taps | % | |
| - Community Taps | % | |
| Institutional Consumption (% of domestic consumption) | % | |
| Population growth | % | |
| % of tariff paid by community taps | % | |
| Number of Institutional Taps | Number | |

## 8. Consumption

### Daily consumption

| | | |
|---|---|---|
| Average Income HH | LCPD | |
| Low Income HH | LCPD | |
| Community Taps (per HH) | LCPD | |
| Institution | LCPD | |
| **Consumption Shift (how many more/less households fall into each bracket)** | | |
| Average Income HH | | 0.00% |
| Low Income HH | | 0.00% |
| Community Taps (per HH) | | 0.00% |
| **Losses** | | |
| Losses | | 15% |
| Collections | | 90% |

## 9. Connection Charge and Tariff

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Connection Charge | NPR/connection | - | | | | | |
| Minimum tariff band | Band (cum) | - | | | | | |
| **Tariff Bands** | | **Start (cum)** | **End (cum)** | | | | |
| Band 1 | Cum | 0 | 6 | | | | |
| Band 2 | Cum | 7 | 10 | | | | |
| Band 3 | Cum | 11 | 15 | | | | |
| Band 4 | Cum | 16 | 25 | | | | |
| Band 5 | Cum | >25 | | | | | |
| **Tariffs** | | | **Band (cum)** | | | | |
| | | | 0-6 | 7-10 | 11-15 | 16-25 | >25 |
| Tariff 1: DPR Tariff | NPR | | | | | | |
| Tariff 2: Agreed Tariff with WUSC | NPR | | | | | | |
| Tariff 3: Existing Tariff | NPR | | | | | | |
| Tariff 4: Nearby Town | NPR | | | | | | |
| Tariff 5: TDF Proposed Tariff | NPR | | | | | | |
| Tariff 6: Minimum Tariff to Repay Loan | NPR | | | | | | |
| Tariff 7: Minimum Tariff to recover loan and equity investment (50 yrs.) | NPR | | | | | | |
| Tariff 8: Minimum Tariff to recover loan and equity investment (25 yrs.) | | | | | | | |
| **Minimum Tariff Rate to Recover Loan in Different Scenario** | NPR | | | | | | |
| 10% increase in capital cost | NPR | | | | | | |
| 10% decrease in revenue | NPR | | | | | | |
| 10% Increase in capital costs/Decrease in revenues | NPR | | | | | | |
| 90% of households connected | NPR | | | | | | |

## 10. Sensitivity Analysis

| | | |
|---|---|---|
| Increase in capital costs | % | 10% |
| Decrease in revenues | % | 10% |
| Increase in capital costs/Decrease in revenues | % | 10% |
| % Of households connected | % | 90% |

## (ख) जनसंख्या वृद्धि र औसत परिवार संख्या अनुसार पानीको माग प्रक्षेपण

### Water Demand

| Consumption (Cum) | | C1 | C2 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Private Taps** | | | | | | | | | | | | | | | | | | | | | | | |
| -Full Plumbing | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| -Yard Taps | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **Community Taps** | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **Institutional** | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Total | - | - | - | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Discription | | | | | | | | | | | | | | | | | | | | | | | |
| Population | | | | | | | | | | | | | | | | | | | | | | | |
| Population served by WSS | | | | | | | | | | | | | | | | | | | | | | | |
| Total HH to be served (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Percentage of Popn. for Fully Plumb | | | | | | | | | | | | | | | | | | | | | | | |
| Fully Plumb Connecton Tap (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Fully Plumb Popn. (No.) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Full Plumb Demand (lpcd) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Water Demand for Full Plumb (Ltr.) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Percentage of Popn. for Yard | | | | | | | | | | | | | | | | | | | | | | | |
| Yard Connections Tap (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Yard Connection Poor (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Yard Connection Deman (lpcd) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Water Demand for Yard Connection | | | | | | | | | | | | | | | | | | | | | | | |
| Percentage for Community Tap | | | | | | | | | | | | | | | | | | | | | | | |
| Community Tap (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Community Tap Popn. (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Community Tap Demant (lpcd) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Water Demand fro Community Taps | | | | | | | | | | | | | | | | | | | | | | | |
| Total HH Connection Inc. Community | | | | | | | | | | | | | | | | | | | | | | | |
| Domestic Water Demand | | | | | | | | | | | | | | | | | | | | | | | |
| Taps for Institution, Hotel and Restaurant (No) | | | | | | | | | | | | | | | | | | | | | | | |
| Total Connection (HH+Comm+Inst Comm) | | | | | | | | | | | | | | | | | | | | | | | |

## (ग) उपभोक्ताको सामर्थ्य गणना

| *Assumptions* | | | | |
|---|---|---|---|---|
| Average HH Size: | | | | 00 |
| Average Income of Average Income HH: Rs./Month | | | | |
| Average Income of Law Income HH: Rs./Month | | | | |
| Average Income of Poor Income HH: Rs./Month | | | | |
| ***Affordability of Tariffs*** | | | | |
| Income Level Rs./Month | % Income | Average Income HH | Low Income HH | Poor Income HH |
| | 3% | 0 | 0 | 0 |
| | 4% | 0 | 0 | 0 |
| | 5% | 0 | 0 | 0 |
| ***Consumption Levels*** | | | | |
| Water Consumption | Institution | Poor household Taps | Avergae Income HH | Low Income HH |
| LPCD | | | | |
| cum/month | | | | |
| 4. Water Supply Tariffs | | | | |
| 4.1 Progressive Tariff Structure for Private Taps | | | Band (Cum) | Rs./Cum |
| | | | 0-6- | 0.00 |
| | | | 7-10 | 0.00 |
| | | | 11-15 | 0.00 |
| | | | 16-25 | 0.00 |
| | | | >25 | 0.00 |
| 4.2 Minimum Charge for Private Connections (Rs. /hh/month) | | | | 0.00 |
| 4.3 Weighted Average Tariff (Rs./Cum) | | | | |

| **Monthly Tariff per Household Connection** | | | | | |
|---|---|---|---|---|---|
| | Cum/ Month | Rs./ HH /Month | % of HH Income | Average Rs. /Cum | Chargeable |
| i. Piped Minimum | | | | | |
| ii. Low Income HH | | | | | |
| iii. Average Income HH | | | | | |
| iv. Poor household Taps | | | | | |
| v. Institutions | | | | | |

**(घ) वित्तीय संभाव्यता**

| Year | C1 | C2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Water Sale | | | | | | | | | | | | | | | | | | | | |
| New Connection | | | | | | | | | | | | | | | | | | | | |
| **Total Income** | | | | | | | | | | | | | | | | | | | | |
| Personnel | | | | | | | | | | | | | | | | | | | | |
| Energy | | | | | | | | | | | | | | | | | | | | |
| Spare Parts | | | | | | | | | | | | | | | | | | | | |
| Chemicals | | | | | | | | | | | | | | | | | | | | |
| Other Maintenance | | | | | | | | | | | | | | | | | | | | |
| **Total Expenses (O & M)** | | | | | | | | | | | | | | | | | | | | |
| Tariff Band Cum | | | | | | | | | | | | | | | | | | | | |
| *0-6* | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| *7-10* | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| *11-15* | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| *>25* | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ***Additional Connection*** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ***Meter Replacement*** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ***Installment (New Project)*** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Installment Previous Loan** | | | - | - | - | - | - | | | | | | | | | | | | | |
| **Annual Cash Flow** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Cash in Hand with Users** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Number of Taps** | | | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

## (ङ) वित्तीय विश्लेषणको नतिजा

| Headings | TDF Perspective (Loan) | | | | |
|---|---|---|---|---|---|
| | NPV | IRR | DSCR | Negative Cash Flows? | |
| | | | | Y/N | # Years |
| **With Different Tariff Structures** | | | | | |
| Tariff 1 : DPR Tariff | | | | | |
| Tariff 2 : Existing Tariff | | | | | |
| Tariff 3 : Existing Tariff | | | | | |
| Tariff 4 : Nearby Town | | | | | |
| Tariff 5 : TDF Proposed Tariff | | | | | |
| Tariff 6 : Minimum Tariff to Repay Loan | | | | | |
| Tariff 7 : Minimum Tariff to recover loan and equity investment (50 yrs.) | | | | | |
| **With Loan Grant Mix (Alternative 1)** | | | | | |
| -Tariff 1 : DPR Tariff | | | | | |
| -Tariff 5 : TDF Proposed Tariff | | | | | |
| **With Loan Grant Mix (Alternative 2)** | | | | | |
| -Tariff 1 : DPR Tariff | | | | | |
| -Tariff 5 : TDF Proposed Tariff | | | | | |
| **Sensitivity analysis** | | | | | |
| **With Tariff 5 : TDF Proposed Tariff** | | | | | |
| 10% Increase in capital cost | | | | | |
| 10% Decrease in revenue | | | | | |
| 10% Increase in capital cost/decrease in revenues | | | | | |

**नोटः (अ)** TDF Tariff Calcualtion Templete- Version-01 ले Microsot Excel मा कोषबाट विकास गरिएको सुत्रबद्ध विस्तृत विधि जनाउँदछ ।

(आ) औषत महसुल दर प्रति यूनिट गणना सम्बन्धी स्पष्टीकरणः

*(क) वार्षिक कुल भुक्तानी रकमः भन्नाले आयोजना सञ्चालन तथा मर्मत खर्च* , सावाँ ब्याज रकम र अन्य खर्च आदिलाई जनाउनेछ ।*

** पहिलो संचालन वर्षमा आयोजना संचालन तथा मर्मत खर्च गणना गर्दा "0.25% of civil works cost + 0.5% pipeline works cost + 2% cost of Electric & Mechanical cost" गरी गरिनेछ । सामान्यतया मर्मत तथा सम्भार खर्च DWSSM design guidelines बमोजिम लिइनेछ ।*

*(ख) बार्षिक पानी खपत युनिटः गणना गर्दा घरायसी पानी खपत** + संस्थागत पानी खपत***)/१००० X ३६५ दिन गरी निकालिनेछ ।*

*** यस प्रयोजनका लागि घरायसी पानी खपत गणना गर्दा [औसत परिवार संख्या X (नीजि धारा संख्या X दैनिक १०० लि.प्रति व्यक्ति + आगँने धारा संख्या X दैनिक ६५ लि प्रति व्यक्ति) गरी निकालिनेछ भने*

****संस्थागत पानी खपत गणना गर्दा घरायसी पानीको खपतको १० प्रतिशत लाइ आधार मानिनेछ ।*

*(ग) यथार्थ वार्षिक कुल भुक्तानी रकम. भन्नाले आयोजना सञ्चालन तथा मर्मत खर्च, पुरानो तथा नयाँ भुक्तानी गर्नुपर्ने सावाँ तथा ब्याज रकम र अन्य खर्च आदिलाई जनाउनेछ ।*

*(घ) यथार्थ बार्षिक पानी खपत युनिट : गणना गर्दा महसुलबाट बार्षिक यथार्थ आम्दानी/महसुल बुझाउने धारा संख्या गरी निकालिनेछ ।*

*(ङ) जनसंख्या वृद्धिका आधारमा खानेपानीको धारा संख्या वृद्धि भएको मानिनेछ ।*

## अनुसूची-३

(दफा ३ को उपदफा (४) सँग सम्वन्धित)

## <u>महसुल दर संरचना</u>

| महसुल दर संरचना | | | | | |
|---|---|---|---|---|---|
| **युनिट** | **०-६** | **७-१०** | **११-२०** | **२१-३०** | **३० भन्दा माथि** |
| महसुल रु. | **न्यूनतम् रकम रु.** | रु. .... प्रति युनिट | रु. .... प्रति युनिट | रु. .... प्रति युनिट | रु. .... प्रति युनिट |

नोटः माथि उल्लेखित महसुल दर संरचना संस्थाको माग र आवश्यकता बमोजिम कोषले तय गर्नेछ।

## अनुसूची-४

(दफा ६ को उपदफा (२) सँग सम्वन्धित)

**महसुल दर परिवर्तन सम्बन्धी निवेदनको ढाँचा**

........खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/वोर्ड/स्थानीय तह

.................

मितिः २० । ।

श्री कार्यकारी निर्देशकज्यू,
नगर विकास कोष, काठमाण्डौ ।

**विषयः महसुल परिवर्तन सम्वन्धमा ।**

उपरोक्त विषयमा यस ..........................स्थानीय तह/उपभोक्ता संस्था/वोर्डको निर्णय सहित देहाय बमोजिमका आवश्यक कागजात र विवरण सहित महसुल परिवर्तन गरी प्रस्तावित महसुल बमोजिम कोषबाट आवश्यक मूल्याङ्कन तथा स्वीकृतिका लागि अनुरोध छ। कोषबाट पुनरावोलकन भई सिफारिस गरिने महसुल दरलाई कार्यान्वयन गरिने व्यहोरा समेत जानकारी गराउँदछु ।

नाम थरः
दस्तखतः
पदः
मितिः

(क) महसुल दरको तुलनात्मक तालिका

| **विद्यमान महसुल दर** | | **प्रस्तावित महसुल दर** | |
|---|---|---|---|
| **महसुल संरचना (युनिट)** | **दर रु** | **महसुल संरचना (युनिट)** | **दर रु.** |
| ०......देखि.....(न्यूनत्तम शुल्कका लागि) | न्यूनत्तम रु..... | ०......देखि.....(न्यूनत्तम शुल्कका लागि) | न्यूनत्तम रु..... |
| ......देखि.....सम्म | ...... | ......देखि.....सम्म | ...... |
| ......देखि.....सम्म | ........ | ......देखि.....सम्म | ........ |
| ......देखि.....सम्म | ......... | ......देखि.....सम्म | ......... |
| ......देखि.....सम्म | ........... | ......देखि.....सम्म | .. |

(ख) महसुल दर परिवर्तन गर्नुपर्ने आधार र कारण

| | |
|---|---|
| आधार र कारण | ........................................................... |
| पुष्ट्याई गर्ने आधारहरु | ........................................................... |

(ग) पानीको खपत सम्बन्धी विवरण

(घ) विगत तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

| **आम्दानी शीर्षक** | **आ.व. २०.....** | **आ.व. २०.....** | **आ.व. २०.....** | **खर्च शिर्षक** | **आ.व. २०.....** | **आ.व. २०.....** | **आ.व. २०.....** |
|---|---|---|---|---|---|---|---|
| मासिक महसुल | | | | तलव | | | |
| धारा जडान | | | | भत्ता | | | |
| ...... | | | | विद्युत | | | |
| ...... | | | | मर्मत सम्भार | | | |
| ...... | | | | अन्य प्रशासनिक खर्च.... | | | |
| ...... | | | | ब्याज भुक्तानी | | | |
| ...... | | | | | | | |
| ...... | | | | ...... | | | |
| | | | | ...... | | | |
| | | | | सावाँ भुक्तानी | | | |
| | | | | | | | |
| **कुल जम्मा** | | | | | | | |

(ङ) विशेष कोष वा मर्मत सम्भार सम्वन्धी कुनै कोषमा रकम छुट्याइएको भए सो सम्वन्धी विस्तृत विवरण

(च) महसुलको अपर्याप्ता पूर्ति गर्न पहिचान गरेको थप आर्थिक स्रोत र दीर्घकालिन योजनाको मनासिब आधारहरु

..................................................................................................................

..................................................................................................................

(छ) प्रस्तावित महसुलबाट उठ्न सक्ने रकम, सेवा सञ्चालन खर्च, मर्मत तथा सम्भार खर्च र सेवा सञ्चालनका लागि लिएको ऋणको साँवा ब्याज भुक्तानी गर्न बाँकीको अवस्था, वार्षिक मूल्य बृद्धिबाट बढ्ने खर्च समेतको हिसाब गरी संस्थालाई हुन सक्ने मनासिब मुनाफा वा बचत रकम

(ज) हालसम्म जडान गरिएको धारा संख्या र जडान गर्न सकिने बाँकी धारा संख्याको विवरण

(झ) महसुल दर परिवर्तन सम्बन्धमा उपभोक्ता संस्था वा वोर्डको साधारण सभा वा स्थानीय तहको सभाको निर्णय

(ञ) अन्य विवरण ।

# नगर विकास कोष
# खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५

# खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५

## १. प्रस्तावनाः

जनसंख्या बृद्धि तथा शहरीकरण विस्तार सँगसँगै खानेपानीको सेवा उपयोगमा विविधता र गुणस्तर कायम गर्नपर्ने आवश्यकता छ भने अर्कोतर्फ दातृ निकायहरु प्रतिको निर्भरतालाई न्यूनिकरण गर्दै राज्यको कम लगानीवाट अधिकतम सेवा उपलब्ध गराउनु पर्ने वर्तमान अवस्थालाई मध्यजनर राखी लगानी असुली (Cost Recovery) को सिद्धान्तमा आधारित अवधारणामा खानेपानी तथा सरसफाईको उचित व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रदान गर्न नेपाल सरकार तथा स्थानीय तहवाट छनौट भएका आयोजना निर्माणका लागि नगर विकास कोषबाट सह-लगानी गर्न नेपाल सरकार, खानेपानी तथा ढल निकास विभाग र नगर विकास कोष बीच मिति २०७४/०९/१३ मा समझदारी-पत्रमा हस्ताक्षर भएको छ ।

दिगो विकास लक्ष्यको बुँदा नं.६ अनुसार गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा सबैको पहुँच पुऱ्याउन तथा खानेपानी सेवाको दिगो विकास तथा सञ्चालन व्यवस्थापन गर्दै उल्लिखित लक्ष्य हासिल गर्न नेपाल सरकारले सन् २०३० सम्मको दीर्घकालिन योजना अगाडि बढाएको छ ।

नेपालको संविधानले खानेपानीलाई मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ । खानेपानीमा सबैको सहज पहुँच स्थापित गर्नु सरोकारवालाहरुको प्रमुख दायित्व मानिएको छ । मुलुकको दीगो विकास लक्ष्य हासिल गर्न मध्यम तथा उच्च गुणस्तरको खानेपानीको विकास, विस्तार तथा दिगो सञ्चालन गर्न आवश्यक देखिएकाले यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको संयुक्त लगानी परिचालन गरी आयोजना निर्माण तथा सञ्चालनमा चुस्तता (Efficiency) र प्रभावकारीता (Effectiveness) हासिल गर्न आवश्यक पर्ने प्रक्रियालाई सहजिकरण गर्ने उद्देश्यले नगर विकास कोष नियमावली, २०५४ को नियम २० ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरीएको छ ।

## २. संक्षिप्त नाम र परिभाषा

२.१ नाम : यस निर्देशिकाको नाम **"नगर विकास कोष, खानेपानी तथा सरसफाई क्षेत्र सह-लगानी निर्देशिका, २०७५"** रहेको छ ।

२.२. यो निर्देशिका कोषको सञ्चालक समितिले स्वीकृत गरेको मिति देखि लागु हुने छ ।

**२.३ परिभाषा :**

(क) **"ऐन"** भन्नाले नगर विकास कोष ऐन, २०५३ लाई जनाउँछ ।

(ख) **"कोष"** भन्नाले नगर विकास कोष ऐन, २०५३ बमोजिम स्थापित नगर विकास कोषलाई जनाउँछ ।

(ग) **"समिति"** भन्नाले नगर विकास कोषको सञ्चालक समितिलाई जनाउँछ ।

(घ) **"लगानी प्रबर्द्धन समिति"** भन्नाले नगर विकास कोष ऐन, २०५३ वमोजिम गठित समितिलाई जनाउँछ ।

(ङ) **"समझदारी-पत्र"** भन्नाले खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग र कोष बीच मिति २०७४।०९।१३ मा सम्पन्न भएको समझदारी-पत्र लाई जनाउँछ ।

(च) **"उपभोक्ता संस्था"** भन्नाले जलस्रोत ऐन, २०४९ तथा खानेपानी नियमावली, २०५५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित उपभोक्ता संस्थालाई जनाउँछ ।

(छ) **"ऋणी"** भन्नाले कोषसँग ऋण लिने स्थानीय तह, उपभोक्ता संस्था वा खानेपानी व्यवस्थापन वोर्डलाई जनाउँछ ।

(ज) **"जमानी कर्ता"** भन्नाले कोषको ऋण जमानीमा बस्ने स्थानीय तहलाई जनाउँछ ।

(झ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान, २०७२ बमोजिम गठित नगरपालिका तथा गाँउपालिकालाई जनाउँछ ।

(ञ) **"ऋण अनुदान नीति"** भन्नाले कोषको सञ्चालक समितिले सन् २०११ अप्रिल ५ (तद्नुसार वि.सं. २०६८ बैशाख १२) मा पारित गरेको ऋण अनुदान नीतिलाई जनाउँछ ।

(ट) **"सुरक्षण खाता (Escrow Account)"** भन्नाले कोषले लगानी गर्ने ऋणको सुरक्षाका लागि कोष र ऋणीका बिच हुने सम्झौता वमोजिम खोलिने बैंक खातालाई जनाउँछ ।

## ३. उद्देश्यः

सह–लगानी अन्तर्गत कोषबाट खानेपानी तथा सरसफाई क्षेत्रमा गरिने ऋण लगानीको सुरक्षा र आयोजनाको दिगोपनाको सुनिश्चित गर्नका लागि आयोजनाहरुको छनौट, लेखाजोखा र लगानीको प्रक्रियालाई सरलीकरण र सहजीकरण गर्नु यस निर्देशिकाको मुख्य उद्देश्य रहेको छ ।

४. **लगानीका श्रोतहरुः**

सह-लगानी अवधारणा अन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्रमा गरिने लगानीका स्रोतहरु देहाय बमोजिम हुनेछन् :

१) साना शहरी खानेपानी तथा सरसरफाई क्षेत्रको प्रथम चरण र दोस्रो चरण अन्तर्गत नेपाल सरकारद्वारा ऋणको रुपमा प्रदान भई पछि शेयर पूँजी (Equity Capital) मा रुपान्तरण भएको रकम ।

२) सह-लगानी अन्तर्गत भएको ऋण लगानीवाट कोषलाई फिर्ता प्राप्त हुने साँवा रकम ।

३) नेपाल सरकारवाट सह-लगानी अन्तर्गतका आयोजनाहरुमा लगानी गर्नका लागि प्राप्त रकम ।

४) नेपाल सरकारको स्वीकृतिमा दातृ निकायवाट खानेपानी तथा सरसफाई क्षेत्रका लागि लगानी गर्न प्राप्त रकम ।

५) सञ्चालक समितिवाट निर्णय भए बमोजिमको अन्य रकम ।

५. **सह-लगानीका कार्यक्षेत्रहरुः**

सह-लगानीका कार्यक्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

१) नयाँ आयोजना निर्माण

२) मौजुदा आयोजनाहरुको स्तरोन्नती र विस्तार

३) आयोजनाहरुको पुर्नःस्थापना

६. **आयोजना कार्यान्वयनका लागि संस्थागत संरचनाः**

केन्द्रीय स्तरका सरोकारवाला निकायहरुसँग समन्वय गरी सह-लगानी आयोजना कार्यान्वयन गर्न कोष अन्तर्गत सह–लगानी आयोजना समन्वय इकाई खडा गरिनेछ । यस इकाईले आयोजनाको छनौट, बजेट व्यवस्था र निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यको समन्वय गर्नेछ । आयोजनाको अनुगमन तथा मूल्यांकनको लागि कोषले सम्वन्धित प्रादेशिक मन्त्रालय, जिल्ला समन्वय समिति वा नगरपालिका तथा गाउँपालिकालाई अनुरोध गर्न सक्नेछ ।

## ७. **आयोजनाको लगानी विधिः**

खानेपानी तथा सरसफाई क्षेत्रमा लगानी गर्दा लागत असुली (Cost Recovery) को अवधारणामा नेपाल सरकार, प्रादेशिक तथा स्थानीय सरकार, दातृ निकाय, कोष र उपभोक्ता संस्थाको सहभागितामा आयोजनाको कुल लागतमा निम्न विधि अनुसार सह-लगानी गरिनेछ ।

### ७.१. **सामान्य लगानी विधि (General Financing Modality):**

आयोजनाको कुल लागत मध्ये नेपाल सरकारवाट अनुदान वापत ७० प्रतिशत, कोषवाट ऋण स्वरुप अधिकतम् २५ प्रतिशत र उपभोक्ता संस्था/स्थानीय तहवाट न्यूनतम् ५ प्रतिशत लागत ब्यहोरिने छ । उपभोक्ता संस्थाबाट व्योहोरिने रकम मध्ये न्यूनतम् ५ प्रतिशत रकम अग्रिम रुपमा नगद (Upfront Cash) जम्मा भएपछि मात्र आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

### ७.२ **विशेष लगानी विधि (Special Financing Modality ):**

सामान्य लगानी विधिको व्यवस्थामा जेसुकै लेखिएको भएता पनि मानव विकास सूचकाङ्क न्यून भएका जिल्लाहरुको हकमा विशेष लगानी विधि अपनाईनेछ । आयोजनाको कुल लागत मध्ये नेपाल सरकार वा दातृ निकायवाट अनुदान वापत ७२ प्रतिशत, कोषवाट ऋण स्वरुप अधिकतम् २५ प्रतिशत र उपभोक्ता संस्थावाट न्यूनतम् ३ प्रतिशत लागत ब्यहोरिने छ । उपभोक्ता संस्थाबाट व्यहोरिने लागत रकम मध्ये न्यूनतम् ३ प्रतिशत अग्रिम रुपमा नगद (Upfront Cash) जम्मा भएपछि मात्र आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

### ७.३ **अन्य लगानी विधिः (Other Financing Modality)**

आयोजनाको कूल लागत मध्ये प्रादेशिक वा स्थानीय सरकारबाट न्यूनतम् ७० प्रतिशत समपुरक रकम (Matching Fund) र कोषवाट ऋण स्वरुप अधिकतम् ३० प्रतिशत रकम ऋण लगानी गरिनेछ । प्रादेशिक वा स्थानीय सरकारबाट ७० प्रतिशत लागत साझेदारी गर्दा १० प्रतिशत अग्रिम रुपमा नगद (Upfront Cash) जम्मा भएपछि मात्र आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

सह-लगानी गर्नु अघि संस्थासँग अनूसूची-५ बमोजिमको ऋण आबेदन फाराम प्राप्त गरी लेखाजोखा गरिनेछ ।

## ८. सह–लगानीका लागि आयोजनाको पूर्व योग्यता:

सह–लगानीका लागि आयोजनाले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

८.१. **कानूनी तथा संस्थागत योग्यता:** सह-लगानी आयोजनाका लागि आवदेन दिने संस्थाले अनुसूची -१ बमोजिमको संस्थागत योग्यता पुरा गरेको हुनुपर्नेछ ।

८.२ **प्राविधिक योग्यता:** प्रस्तावित आयोजनाले अनुसूची -२ (क) बमोजिमको प्राविधिक योग्यता पुरा गरेको हुनु पर्नेछ ।

८.३. **वातावरणीय तथा सामाजिक योग्यता:** प्रस्तावित आयोजनाले अनुसूची -३ बमोजिम वातावरणीय तथा सामाजिक योग्यता पुरा गरेको हुनु पर्नेछ ।

८.४ **वित्तीय योग्यता:** प्रस्तावित आयोजनाले अनुसूची -४ बमोजिम वित्तीय योग्यता पुरा गरेको हुनु पर्नेछ ।

## ९. आयोजनाको लेखाजोखा (Project Appraisal)

बुँदा ८ बमोजिमको पूर्व योग्यता पुरा गरेका आयोजनाको लेखाजोखा (Project Appraisal) गर्दा कोषको लगानी नीति, भौतिक संरचनाको विद्यमान मापदण्ड र नर्म्स लगायत विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report-DPR) मा समेटिएको वा नसमेटिएका विषयहरुका बारे लेखाजोखा गरिनेछ । आयोजनाको प्राविधिक, वातावरणीय तथा सामाजिक, संस्थागत, आर्थिक, वित्तीय र जोखिम व्यवस्थापन लगायतका पक्षहरुलाई समेटी विश्लेषण गरिनेछ ।

### ९.१ प्राविधिक लेखाजोखा (Technical Appraisal):

आयोजनाको लागत, समयावधि, प्राविधिक मापदण्ड तथा नर्म्स, भौतिक संरचनाको आवश्यकता तथा उपयोग लगायतका डिजाइनसँग सम्वन्धित देहाय बमोजिमका विषयहरुको विश्लेषण अनुसूची-२ (ख) बमोजिमको फाराममा उल्लेख भएका विवरणको आधारमा लेखाजोखा गरिनेछ ।

(क) पानीको स्रोतको सुनिश्चितता

(ख) प्रक्षेपण गरिएको खानेपानीको माग र उपलब्धता बीचको सन्तुलनको सुनिश्चितता

(ग) पानीको गुणस्तर र सो अनुरुपको संरचना निर्माणको सुनिश्चितता

(घ) आयोजना स्थलसम्म पुग्ने सडक, विद्युत तथा सञ्चारको पहुँच

(ङ) भौगोलिक अवस्थिति, निर्माण सामाग्रीको उपलब्धता, स्थानीय निर्माण सामाग्रीको प्रयोग र प्रविधिको उपयोग

(च) आयोजनाको दिगोपनको सुनिश्चितता

(छ) आयोजना निर्माण तालिका

(झ) आयोजनाको बैकल्पिक अध्ययन ।

### ९.२. वातावरणीय तथा सामाजिक प्रभावको लेखाजोखा (Environmental and Social Appraisal):

आयोजनाको कार्यान्वयनबाट सृजना हुन सक्ने वातावरणीय असर तथा सामाजिक प्रभावलाई न्यूनिकरण गर्न अपनाइने प्रस्तावित उपायहरुको सम्बन्धमा देहायको आधारमा विश्लेषण गरी लेखाजोखा गरिनेछ :

(क) नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(ख) विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएको वातावरणीय प्रभावका कारण, न्यूनिकरणका उपाय, वातावरणीय व्यबस्थापन योजना (Environtmental Management Plan-EMP) तथा लागत

(ग) पानीको श्रोत (मुहान) को उपयोगबाट सरोकारवाला पक्षहरुलाई पर्ने असर

(घ) आयोजनाको कार्यान्वयनबाट मानव वस्ती, जेष्ठ नागरीक, बालवालिका, महिला, अपाङ्गता भएका व्यक्ति, सामाजिक दृष्टिले पछाडी परेका समुदायमा पर्ने प्रभाव; र

(ङ) स्थानीय समुदायको पेशा, व्यवसाय, रोजगारी एवं आय आर्जनमा पर्ने प्रभाव ।

### ९.३ संस्थागत लेखाजोखा (Insitutional Appraisal):

विस्तृत आयोजना प्रतिवेदनले प्रस्ताव गरेको आयोजनाको संस्थागत क्षमता तथा कार्यान्वयनको प्रभावकारीता देहाय बमोजिमका आधारमा लेखाजोखा गरिनेछ :

(क) सँगठन संरचना

(ख) प्राविधिक तथा अप्राविधिक जनशक्ति

(ग) भौतिक स्रोत (कार्यालय भवन, सवारी साधन, फर्निचर, कम्प्युटर, आदि)

(घ) वित्तीय व्यवस्थापन र अनुशासन (आन्तरिक नियन्त्रण प्रणाली, नियमित लेखापरीक्षण, कम्प्यूटराइज्ड लेखा तथा बिलिङ्ग प्रणाली)

(ङ) संस्थाको आर्थिक विनियमावली, कर्मचारी सेवा शर्त विनियमावली आदि, र

(च) स्थानीय तह तथा आयोजना इकाईसँगको समन्वय र साझेदारी ।

## ९.४ वित्तीय लेखाजोखा (Financial Appraisal):

आयोजनाको ऋण भार वहन क्षमता सहितको वित्तीय लेखाजोखा देहायको आधारमा गरिनेछ :

(क) आयोजनाको लागत

(ख) आयोजनाको मर्मत तथा सम्भार खर्च सहितको सञ्चालन खर्च

(ग) आयोजनाबाट प्राप्त हुने आम्दानी

(घ) आयोजनाको नगद प्रवाह, र

(ङ) आन्तरिक प्रतिफल दर (Internal Rate of Return-IRR)

## ९.५ आर्थिक लेखाजोखा:

आयोजना सञ्चालनबाट समुदायलाई प्राप्त हुन सक्ने लाभको लेखाजोखा लागत लाभ बिश्लेषण (Cost-benefit Analysis) लगायतका उपयुक्त विधिका आधारमा गरिनेछ ।

## ९.६ जोखिमको लेखाजोखा:

आयोजनाको निर्माण, सञ्चालन र ऋण लगानीको चरणमा हुन सक्ने जोखिम र सो को स्तर निर्धारण गरी न्यूनिकरणका लागि अबलम्वन गर्न प्रस्तावित उपायको लेखाजोखा देहायको आधारमा गरिने छ :

(क) आयोजनाको वीमा व्यवस्था,

(ख) मर्मत सम्भार कोषको व्यवस्था,

(ग) पुनर्निर्माण तथा स्तरोन्नती कोषको ब्यवस्था,

(घ) सुरक्षण खाता (Escrow Account) को ब्यवस्था,

(ङ) आयोजनाको नगद प्रवाह (Cash Flow), र

(च) आन्तरिक प्रतिफल दर (Internal Rate of Return-IRR)।

९.७ **आयोजनाको स्वीकृतिः**

कोषको व्यवस्थापनवाट आयोजनाको लेखाजोखा गर्दा लगानी योग्य देखिएमा ऋण लगानीका लागि सिफारिस सहितको प्रतिवेदन कोषको लगानी प्रबर्द्धन समितिमा पेश गरिने छ। लगानी प्रबर्द्धन समितिले उपयुक्त देखेमा सञ्चालक समितिवाट अनुमोदन गराउने गरी ऋण स्वीकृत गर्न सक्नेछ।

९.८ **ऋण सम्झौताः**

कोषवाट ऋण स्वीकृत भएको जानकारी गराए पश्चात ऋण सम्झौता गर्नु पूर्व सम्बन्धित संस्थाले अनुसूची -६ (क) र (ख) बमोजिमका कागजात र विवरण कोषलाई उपलब्ध गराउनु पर्नेछ :

## १०. ऋणको समयावधि र ब्याजको दर

(क) यस निर्देशिका बमोजिम कोषवाट गरिने ऋण लगानीको न्यूनत्तम ब्याजदर बार्षिक ५ प्रतिशत हुनेछ, र

ख) यस निर्देशिका बमोजिम कोषवाट लगानी गरिने ऋणको चुक्ता गर्ने समायावधि सहुलियत अवधि सहित अधिकतम् २० वर्षको हुनेछ।

## ११. कोषवाट ऋण प्रवाहः

ऋण सम्झौता बमोजिम आयोजना कार्यान्वयनका लागि अनुसूची -७ (क) र (ख) बमोजिमको प्रकृया पूरा गरी विभिन्न चरणमा कोषवाट ऋण प्रवाह गरिनेछ।

## १२. आयोजनाको अनुगमन तथा सुपरिवेक्षणः

आयोजनाको निर्माणका चरणमा आवश्यकता अनुरुप आयोजनाको प्रगतिको अवस्थाको बारेमा कोषवाट स्थलगत अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण गरिनेछ। यसरी अनुगमन, निरिक्षण तथा सुपरिवेक्षण गर्ने कर्मचारीले अनुसूची -८ बमोजिमको ढाँचामा कोष समक्ष प्रतिवेदन पेश गर्नं पर्नेछ।

१३. **आयोजनाको प्रभाव मूल्याङ्कनः**

आयोजना निर्माण पश्चात आयोजनावाट प्रवाह हुने सेवा, सेवाको गुणस्तर, नियमित मर्मत तथा सम्भारको अवस्था, साँवा/ब्याज भुक्तानीको अवस्थाका आधारमा आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ , यसरी मूल्याङ्कन गर्दा अनुसूची- ९ बमोजिमको फारामको प्रयोग गरिनेछ ।

१४. **विविध :**

यस निर्देशिकाका लागि देहाय बमोजिमका ऐन कानूनहरु मार्गदर्शक कानूनका रुपमा रहने छन् :

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख) जलश्रोत ऐन, २०४९

ग) नगर विकास कोष ऐन, २०५३

घ) वातावरण संरक्षण ऐन, २०५३

(ङ) नगर विकास कोष नियमावली, २०५४

(च) वातावरण संरक्षण नियमावली, २०५४

(छ) नगर विकास कोष, अनुदान तथा ऋृण लगानी नीति, २०६८

(ज) नेपाल सरकार, खानेपानी तथा सरसफाई मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग र कोष बीच मितिः २०७४/०९/१३ मा भएको समझदारीपत्र

(झ) नेपाल सरकार, खानेपानी मन्त्रालय, सह लगानी खानेपानी तथा सरसफाई आयोजना, आयोजना कार्यान्वयन निर्देशिका-२०७२

**अनुसूची–१**

**(बुँदा ८ को उपबुँदा ८.१ सँग सम्वन्धित)**

## कानूनी तथा संस्थागत योग्यता

कृपया उत्तरका लागि (✓) चिन्ह लगाउनुहोस् ।

| | | |
|---|---|---|
| १. उपभोक्ता संस्थाको नाम: | | |
| २. आयोजनाको नाम र आयोजना सञ्चालन हुने स्थान: | | |
| ३. आयोजना सञ्चालन गर्न गाँउपालिका/नगरपालिकाको निर्णय/सिफारिस | छ ☐ | छैन ☐ |
| ४. प्रचलित कानून बमोजिम संस्था दर्ता भएको | छ ☐ | छैन ☐ |
| (क) संस्थाको विधान | छ ☐ | छैन ☐ |
| ५. पानीको मुहान (स्रोत) दर्ता प्रमाण पत्र | छ ☐ | छैन ☐ |
| ६. उपभोक्ता संस्थाको लेखापरीक्षण भएको | छ ☐ | छैन ☐ |
| ७. आयोजनाको किसिम: सञ्चालनमा रहेको मौजुदा आयोजना | छ ☐ | छैन ☐ |
| नयाँ आयोजना | छ ☐ | छैन ☐ |
| ८. वार्षिक साधारण सभा भएको | छ ☐ | छैन ☐ |

(क) पछिल्लो पटक भएको साधारण सभाको मिति ...................

९. कार्य समितिको नामावली

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

(ज)

१०. खानेपानी उपभोक्ता तथा सरसफाई संस्थामा कार्यरत कर्मचारीको संख्या ।

(क) महिला

(ख) पुरुष

## अनूसुची -२ (क)

## (बुँदा ८ को उपबुँदा ८.२ सँग सम्वन्धित)

## प्राविधिक योग्यता

कृपया उत्तरका लागि (✓) चिन्ह लगाउनुहोस् ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | आयोजनाको सेवा क्षेत्र निर्धारण भएको | छ | ☐ | छैन | ☐ |
| २. | घरधुरी संख्या पहिचान भएको | छ | ☐ | छैन | ☐ |
| ३. | पानीको स्रोत पहिचान भएको | छ | ☐ | छैन | ☐ |
| ४. | आयोजनाको मुख्य क्षेत्रमा मोटर बाटोको पहुँच | छ | ☐ | छैन | ☐ |
| ५. | आयोजनाको मुख्य क्षेत्रमा बिद्युतको पहुँच | छ | ☐ | छैन | ☐ |
| ६. | आयोजनाको मुख्य क्षेत्रमा सञ्चारको पहुँच | छ | ☐ | छैन | ☐ |

**अनुसूची २ (ख)**

**(बुँदा ९ को उपबुँदा ९.१ सँग सम्वन्धित)**

# <u>प्राविधिक लेखाजोखा फाराम</u>

## १. पानीको स्रोत

| क्र.स. | पानीको स्रोत | ✓ | स्रोतको नाम | पानीको परिणाम (लि.प्र.से.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | मुहान, मुल | | | | |
| २. | खोला | | | | |
| ३. | भुमिगत स्रोत | | | | |
| ४. | अन्य | | | | |

## २. पानीको खपत सम्वन्धी विवरण:

| क्र.स. | घरायसी | | खपतको प्रकार | | | | |
|---|---|---|---|---|---|---|---|
| | घर भित्रै पुर्ण जडान (१०० लिटर प्रतिव्यक्ति प्रतिदिन) | आँगनमा जोडेको (६५ लिटर प्रतिव्यक्ति प्रतिदिन) | होटल, संस्थागत | अन्य खपत (आग-लागी) | जम्मा खपत (घरा-यसी, होटल, अन्य) | चुहावट (जम्मा खपतको १०%) | कुलखपत (जम्माखपत, चुहावट) |
| | | | | | | | |
| | | | | | | | |

३. **डिजाइन बर्षसम्म प्रक्षेपित पानीको खपतः**

| **क्र.सं.** | **विवरण** | **सर्भेक्षण गरिएको वर्ष** | **आधार वर्ष** | **डिजाईन वर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | सिस्टम–१ | | | | |
| | घरायसी खपत | | | | |
| | होटल, संस्थागत | | | | |
| | अन्य खपत | | | | |
| | चुहावट | | | | |
| | जम्मा | | | | प्रतिलिटर, प्रतिसेकेण्ड |
| २. | सिस्टम-२ | | | | |
| | घरायसी खपत | | | | |
| | होटल, संस्थागत | | | | |
| | अन्य खपत | | | | |
| | चुहावट | | | | |
| | जम्मा | | | | प्रतिलिटर, प्रतिसेकेण्ड |

४. **पानीको खपत (समयानुसार)**

| **समय** | **पानीको खपत (प्रतिशत)** | **कैफियत** |
|---|---|---|
| ०५:०० - ०७:०० | | |
| ०७:०० - १२:०० | | |
| १२:०० - १७:०० | | |
| १७:०० - १९:०० | | |
| १९:०० - ०५:०० | | |

५. **पानी परिक्षणको बिस्तृत प्रतिवेदनः**

५.१ **विस्तृत इन्जिनियरिङ्ग डिजाईनः**

- पाईपलाईनको विस्तृत इन्जिनियरिङ्ग डिजाईन ।
- मुख्यसिभिल संरचनाहरुको बिस्तृत इन्जिनियरिङ्ग डिजाईन ।
- मेकानिकल र ईलेक्ट्रिकल बिस्तृत इन्जिनियरिङ्ग डिजाईन ।

### ५.२. **मुख्य सिभिल संरचनाहरुः**

(इन्टेक, कलेक्टर बेल, सम्प वेल, प्रेसर ब्रेक ट्याङ्की, स्लो फिल्टर, मेकानिकल, पानी छान्ने ट्याङ्की, डिसइन्फेक्सन चेम्बर (क्लोरिनेसन युनिट), जमिन ट्याङ्की, ओभरहेड ट्याङ्की, मुख्य पाईपलाईन, धारा जडान, भल्बहरु, अफिस भवन, पानी प्रयोगशाला, गार्ड भवन,जेनेरेटर भवन, बाउन्ड्रीवाल)

| क्र.सं. | संरचनाहरुको नाम | संख्या | क्षमता | स्थान |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

### ५.३. **मुख्य इलेक्ट्रिक र मेकानिकल उपकरणहरुः**

(पम्पिङ प्रणाली, सब्मरसिबलपम्प, जेनेरेटर, मर्मत सम्भार उपकरणहरु, विद्युतिय ट्रान्समिसन लाईन, इलेक्ट्रिकल उपकरणहरु, पानी परिक्षणका समानहरु तथा अन्य)

| क्र.सं. | संरचनाहरुको नाम | संख्या | क्षमता | स्थान |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

६. **आयोजनाको लागत**

| | |
|---|---|
| जम्मा लागत **(क)** | |
| कन्टिजेन्सि **(ख)** | |
| कन्टिजेन्सि (मुल्य समायोजन) **(ग)** | |
| जम्मा लागत कन्टिजेन्सि सहित **(घ)**=**(क)**+**(ख)**+**(ग)** | |
| भ्याट **(ङ)** | |
| कुल लागत (रु.) **(च)**=**(घ)**+**(ङ)** | |

७. **आयोजना निर्माण कार्यतालिका:**

**अनुसूची –३**
**(बुँदा ८ को उपबुँदा ८.३ सँग सम्वन्धित)**

## वातावरणीय तथा सामाजिक असर छनौट (Screening) फाराम:

**कृपया उत्तरका लागि (✓) चिन्ह लगाउनुहोस् ।**
**आयोजना संचालन कृयाकलापबाट कुनै असर पर्न जान्छ ?**

(क) सामुदायिक वनमा असर ? छ / छैन
(ख) ऐतिहासिक स्थल, मठमन्दिर, गिर्जाघर ईत्यादी ? छ / छैन
(ग) स्थानीय स्तरको वातावरणमा असर ? छ / छैन
(घ) कृषि/सिंचाई योग्य भूमि असर पर्दछ ? छ / छैन
(ङ) संरक्षित स्थान, राष्ट्रिय निकुञ्जमा असर पर्दछ ? छ /छैन
(च) जग्गा/जमीन आवश्यक छ ? छ /छैन
(छ) यदि आवश्यक छ भने कति हो ? क्षेत्रफल../रोपनी...
(ज) घर/पसल/स्कुल ईत्यादीलाई संरचना निर्माणबाट असर ? पर्दछ/पर्दैन
(झ) यदि असर पर्दछ भने कति वटा संरचना छन् ? संख्यामा.............
(ञ) कुनै घर/वस्तीलाई स्थानान्तरण गर्नु पर्नेछ ? छ /छैन
(ट) आयोजनाको निर्माण कार्यबाट खेतवारीको वालीमा हानी नोक्सानीको सम्भावना ? छ /छैन
(ठ) मुहानको पानी अन्य समुदायले निजी प्रयोजनका लागि प्रयोग गरेका छन्/ छैनन्
(ड) मुहानको पानी तल्लो भागमा सिंचाई, घट्टेकुलो, पानीपोखरी ईत्यादीका लागि प्रयोग भएको ? छ / छैन
(ढ) यदि प्रयोग भएको छ भने घरधुरीको संख्या.......
(ण) अन्य कुनै असर पर्न सक्ने अवस्था भए के के छन् कृपया उल्लेख गर्नुहोस् ?

**सारांश तथा सुझाव:**
**प्रतिवेदन तयार कर्ताको:**

नामथर: पद:
हस्ताक्षर:

## अनूसुची–४

## (बुँदा ८ को उपबुँदा ८.४ सँग सम्वन्धित)

## वित्तीय योग्यताको फाराम

### वित्तीयपक्षका योग्यताहरु (✓ लगाउनुहोस)

| सि.नं | सूचकहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता संस्थाले नेपाल सरकारले तोके बमोजिम ढाँचामा लेखा राखेको | | | |
| २ | पछिल्लो आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र संस्थाले मान्यता प्राप्त संस्था वा लेखापरीक्षकबाट नियमितरुपमा लेखा परीक्षण सम्पन्न गराएको | | | |
| ३ | उपभोक्ताबाट अग्रिम रुपमा व्यहोर्नुपर्ने रकम जम्मा गर्न सकिने अवस्था | | | |

४. **संस्थाको हालसम्म लेखा परीक्षण सम्पन्न भइसकेको आर्थिक वर्षहरु**

(क) आ.व. २०...............

(ख) आ.व २०...............

(ग) आ.व. २०............

(घ) आ.व. २०...............

(ङ) आ.व २०...............

## अनुसूची–५

## (बुँदा ७ सँग सम्वन्धित)

## ऋण आवेदन फाराम

उपभोक्ता संस्थाको नाम:

माग गरेको आयोजनाको नाम:

पूर्व शर्तका रुपमा तत्काल उपभोक्ताले वेहोर्नु पर्ने अग्रिम नगद (upfront cash) र बैंक विवरण:

| बैंकको नाम | खाता नं. | मौज्दात | के कसरी नगद जम्मा गरिएका हो भन्ने छोटकरी विवरण |
|---|---|---|---|
| | | | |

**चालु आयोजनाको हकमा:**

| विवरण | लेखा परीक्षण प्रतिवेदन बमोजिम यथार्थ विवरण | | | | |
|---|---|---|---|---|---|
| | आ.व... | आ.व... | आ.व... | आ.व... | आ.व... |
| आम्दानी तर्फ | | | | | |
| शुरुको मौज्दात | | | | | |
| महशुल शुल्क | | | | | |
| जडान शुल्क | | | | | |
| कुल जम्मा आम्दानी (क) | | | | | |
| खर्च तर्फ | | | | | |
| कर्मचारी तलव | | | | | |
| विद्युत तथा उर्जा खर्च | | | | | |
| मर्मत सम्भार खर्च | | | | | |
| केमिकल | | | | | |
| अन्य प्रशासनिक खर्च | | | | | |
| पुँजीगत खर्च | | | | | |
| कुल खर्च (ख) | | | | | |
| अन्तिम मौज्दात रु. | | | | | |

*नोट: आयोजना सञ्चालन भए पश्चातका आर्थिक वर्षहरुको लेखा परीक्षण प्रतिवेदन बमोजिम आय व्यय विवरण समावेश गर्नुपर्ने र थप शीर्षकहरु भए स्पष्ट खुलाएर रकम लेख्नुपर्नेछ ।*

**<u>नयाँ आयोजना माग गरेको हकमाः</u>**

**डिजाइन/अध्ययन तयारकर्ताः**

**अध्ययन सम्पन्न भएको मितिः**

**आयोजनाको औचित्यताः**

**आयोजनाबाट अपेक्षित फाइदाहरु (संक्षिप्तरुपमा):**

१)

२)

| | | | | |
|---|---|---|---|---|
| **जग्गाको स्वामित्व:** | नीजि | ☐ | सार्वजनिक | ☐ |
| **सञ्चालन तथा सम्भार प्रक्रियाः** | उपभोक्ताद्वारा | ☐ | ठेक्काद्वारा | ☐ |
| | अन्य | ☐ | | |

| | |
|---|---|
| **आयोजनाको अनुमानित लागत (कुल लागत सरसफाई समेत):** | रु. |
| उपभोक्ताबाट सहभागिता | रु. |
| नगर विकास कोष (ऋण तर्फ) | रु. |
| नेपाल सरकारको अनुदान | रु. |
| स्थानीय तह | रु. |
| अन्य स्रोत | रु. |
| कुल लागत | रु. |

**खानेपानी तर्फ**

| | |
|---|---|
| उपभोक्ताबाट नगद जम्मा | रु. |
| न.वि.कोषको ऋण | रु. |

| | |
|---|---|
| नेपाल सरकारको अनुदान | रु. |
| स्थानीय तह | रु. |
| अन्य | रु. |
| कुल लागत | रु. |

**ऋण लिने सम्बन्धमाः**

साधारण सभाबाट स्वीकृत छ ☐ छैन ☐

स्वीकृत भएको मिति र निर्णयको उतार प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्ने ।

कार्य समितिबाट स्वीकृतिः छ ☐ छैन ☐

*स्वीकृत भएको मिति र निर्णयको उतार प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्ने ।*

**पानीको महसुल निर्धारण सम्बन्धमाः**

**चालु रहेको आयोजनाको हकमाः**

हालको पानी महसुल दरः

| | |
|---|---|
| ० देखि......घ.मि. सम्म | रु. |
| ..... देखि...... घ.मि. सम्म | रु. |
| ... देखि...... घ.मि. सम्म | रु. |
| ...देखि...... घ.मि. सम्म | रु. |
| ......घ.मि. देखि माथि | रु. |

हाल संचालनमा रहेका धारा संख्याः ☐

**प्रस्तावित आयोजनाको हकमाः**

धारा संख्या– शुरु वर्षः

| | |
|---|---|
| निजी | |
| सामूहिक | |
| संस्थागत | |

**पानी महशुल दरः**

| | |
|---|---|
| सामूहिक धारा प्रतिघर न्यूनतम् महशुल | रु. |
| संस्थागत न्यूनतम् महशुल | रु. |
| नीजि धारा न्यूनतम् महशुल | रु. |

खपतको आधारमा महशुलः

| | |
|---|---|
| ०– ६ घ.मि. | रु. न्यूनतम |
| ७–१० घ.मि. | रु. |
| ११–२० घ.मि. | रु. |
| २० घ.मि. देखि माथि | रु. |

परियोजनाको अन्त्यमा हुने धारा संख्या (डिजाइन अवधि):

| | |
|---|---|
| नीजि | |
| सामूहिक | |
| संस्थागत | |

**कोषबाट सिफारिस भएको पानी महशूल दर**

| खानेपानी महशुल | | रु. | कैफियत |
|---|---|---|---|
| ....... युनिट सम्म | न्यूनत्तम शुल्क | | आवश्यकतानुसार खपत यूनिट फरक गर्ने भएमा सोको जानकारी पश्चात कोषबाट सोही अनुसार पुनः मूल्याङ्कन गरी महशुल दर कायम गर्न सिफारिश गरिनेछ । |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| ३० भन्दा माथि | प्रति युनिट | | |

नोटः (क) प्रत्येक ३ वर्षमा १०% वृद्धि हुने गरी ।

(ख) एक युनिट बराबर १००० लिटर

**कोषबाट यस अगावै पानीको महशुल प्रस्ताव तथा सिफारिश गरेको भए सो बमोजिम खानेपानी महशुल शुल्क**

| खानेपानी महशुल | | रु. | कैफियत |
|---|---|---|---|
| ....... युनिट सम्म | न्यूनत्तम शुल्क | | |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| .....देखि ....युनिट सम्म | प्रति युनिट | | |
| ३० भन्दा माथि | प्रति युनिट | | |

**उपभोक्ता संस्थाका पदाधिकारीहरुः**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

**सल्लाहकारहरु भएमा:**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**उपभोक्ता संस्थामा हाल कार्यरत कर्मचारीहरुको विवरण**

| **क्र.सं.** | **नाम** | **पद** | **योग्यता** | **अनुभव** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

**अनुसूची–६ (क)**

**(बुँदा ९ को उपबुँदा ९.८ सँग सम्वन्धित)**

## कोषमा ऋण सम्झौता गर्नका लागि पत्रसाथ उपभोक्ता संस्थाबाट हुनुपर्ने निर्णयको ढाँचा

**मिति ..........मा सम्पन्न .....खानेपानी तथा सरसफाई............संस्थाको कार्य समितिको बैठकको निर्णय उतार प्रतिलिपि प्रमाणित**

यस ............... न.पा./गा.पा. अन्तर्गत वडा नं. .................मा खानेपानी आपूर्तिका लागि सह-लगानी खानेपानी तथा सरसफाई आयोजना निर्माण, व्यवस्थापन तथा सञ्चालनका लागि देहाय बमोजिमका निर्णयहरु गरियो ।

(क) सह-लगानी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत यस ............... खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले निर्माण, विकास तथा सञ्चालन गर्ने ..................... खानेपानी आपूर्ति व्यवस्था आयोजनाको कूल निर्माण लागतको .........प्रतिशतले हुन आउने रु................. बराबरको रकम वार्षिक .......% को ब्याजदरमा नगर विकास कोषबाट ऋण लिने र सोही बमोजिम कोष समक्ष ऋणका लागि अनुरोध गर्ने निर्णय गरियो । आयोजनाको निर्माण एवं संचालन–व्यवस्थापनका सम्बन्धमा नगर विकास कोष र उपभोक्ता संस्था बीच हुने ऋण सम्झौताको प्रस्तावित मस्यौदा उपर अध्ययन एवं छलफल गरी उक्त सम्झौतामा उल्लिखित प्रावधानहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(ख) नगर विकास कोष र यस ............... खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको बीचमा सम्पन्न हुने ............... साना शहरी खानेपानी तथा सरसफाइ आयोजना निर्माणका लागि नगर विकास कोषसँग हुने ऋण सम्झौतामा यस ............... खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाकोतर्फबाट हस्ताक्षर गर्न यस ............... खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका श्री.........................लाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय उतार प्रतिलिपि प्रमाणित गर्ने,

**दस्तखत**

नाम

पद

मिति

**अनुसूची–६ (ख)**

**(बुँदा ९ को उपबुँदा ९.८ सँग सम्वन्धित)**

## ऋण सम्झौताका लागि ऋण माग आवेदन पत्रको नमूना

श्रीमान कार्यकारी निर्देशकज्यू

नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं ।

**विषयः ऋण माग सम्बन्धमा ।**

उपरोक्त विषयमा यस ...................खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले ...............खानेपानी तथा सरसफाई आयोजना निर्माण तथा संचालनका लागि संस्थाको मिति ...............को निर्णय अनुसार खानेपानी आपूर्ति तर्फको ................प्रतिशत रकम रु. ................ (अक्षरेपी .......................मात्र) ऋण स्वरुप माग गर्ने निर्णय भए अनुसार संस्थाको निर्णय र नगरपालिका/गाउँपालकको निर्णय/सिफारिस यसैसाथ संलग्न राखी पठाइएकोले ऋण सम्झौता प्रक्रिया अगाडि बढाईदिन हुन अनुरोध गरिन्छ ।

संलग्न कागजातहरुः

नाम

पद

हस्ताक्षर

## अनुसूची ७ (क)
## (बुँदा ११ सँग सम्वन्धित)
## आयोजना कार्यान्वयनका चरणमा ऋण निकासा माग गर्दा पेश गर्नुपर्ने कागजातहरु

**(क) अग्रिम पेश्की (पहिलो किस्ताको लागि)**

१. निकासा गर्नु पर्ने रकम उल्लेख सहित संस्थाको ऋण माग पत्र ।
२. ऋण माग सम्बन्धमा संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
३. निकासा गर्नु पर्ने रकम उल्लेख सहित सम्बन्धित खानेपानी कार्यालय/स्थानीय तहले कोषलाई लेखिएको सिफारिस पत्र ।
४. सम्बन्धित सुपरिवेक्षण ईन्जिनियर/परामर्शदाताको सिफारिस पत्र ।
५. निर्माण व्यावसायीको भुक्तानी माग पत्र ।
६. बैंक ग्यारेन्टीको प्रतिलिपी ।

**(ख) अग्रिम पेश्की(दोस्रो किस्ताको लागि)**

१. निकासा गर्नु पर्ने रकम उल्लेख सहित संस्थाको ऋण माग पत्र ।
२. ऋण माग सम्बन्धमा बैठकको निर्णयको प्रतिलिपी ।
३. निकासा गर्नु पर्ने रकम उल्लेख सहित सम्बन्धित खानेपानी कार्यालय/स्थानीय तहले कोषलाई लेखिएको सिफारिस पत्र ।
४. सम्बन्धित सुपरिवेक्षण ईन्जिनियर/परामर्शदाताको सिफारिस पत्र ।
५. पहिलो किस्ता वापतको रकम के के शीर्षकमा कसरी खर्च गरिएको छ सो को बिस्तृत विवरण
६. निर्माण व्यावसायीको भुक्तानी माग पत्र ।
७. बैंक ग्यारेन्टीको प्रतिलिपी ।

**(ग) अन्तरिम बिलको लागि**

१. निकासा गर्नु पर्ने रकम सहितको उपभोक्ता संस्थाको ऋण माग पत्र ।
२. ऋण माग सम्बन्धमा संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
३. निकासा गर्नु पर्ने रकम उल्लेख सहित सम्बन्धित स्थानीय तह/खानेपानी कार्यालयले कोषलाई लेखिएको सिफारिस पत्र ।
४. सम्बन्धित सुपरिवेक्षण ईन्जिनियर/परामर्शदाताको सिफारिस पत्र ।
४. निर्माण व्यवसायीले माग गरेको पत्रको प्रतिलिपी ।
५. सक्कल अन्तरिम बील ।
६. मासिक प्रगति विवरण ।
७. निर्माण व्यावसायीलाई भुक्तानी गरिएको अघिल्लो बीलको बैंक स्टेटमेन्ट ।

**(घ) अन्तिम बीलको लागि**

१. निकासा गर्नु पर्ने रकम सहितको उपभोक्ता संस्थाको ऋण माग पत्र ।

२. ऋण माग सम्बन्धमा संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

३. निकासा गर्नु पर्ने रकम उल्लेख सहित सम्बन्धित स्थानीय तह/खानेपानी कार्यालयले कोषलाई लेखिएको सिफारिस पत्र ।

४. सम्बन्धित सुपरिवेक्षण ईन्जिनियर/परामर्शदाताको सिफारिस पत्र ।

५. निर्माण व्यवसायीले माग गरेको पत्रको प्रतिलिपी ।

६. अन्तिम बीलको सक्कल प्रति ।

७. निर्माण व्यवसायीलाई भुक्तानी गरिएको अघिल्लो बीलको बैंक स्टेटमेन्ट ।

८. आयोजना निर्माण सम्पन्न प्रतिवेदन/नक्सा (As Built Drawing)

९. आयोजना संचालन तथा मर्मत पुस्तिका (Operation and Maintencnce Manual )

१०. ठेक्का, ऋण सम्झौतामा उल्लेखित अन्य आवश्यक कागजातहरु

**अनुसूची–७ (ख)**
**(बुँदा ११ सँग सम्वन्धित)**

## ऋण निकासा माग पत्रको नमूना

मिति:

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नगर विकास कोष,
नयाँ बानेश्वर, काठमाण्डौ ।

**विषय: ऋण रकम निकासा गरिदिन हुन (अग्रिम पेश्कि/अन्तरिम विल...............)**

प्रस्तुत बिषयमा ............................................ .खानेपानी तथा सरसफाई आयोजना कार्यान्वयन गर्नको लागि यस उपभोक्ता संस्था र कोष बीच मिति........ मा भएको ऋण सम्झौता वमोजिम यस उपभोक्ता संस्थाले व्यहोर्नु पर्ने ........% रकम मध्ये ....% यस उपभोक्ता संस्थाले उपलब्ध गराउने र बाँकी .........% त्यस कार्यालयबाट ऋण सहयोग स्वरुप उपलब्ध गराउने भए वमोजिम हाल निर्माण व्यवसायीबाट अन्तरिम बील ..........(IPC...........) पेश भएको र सो बिललाई ................कार्यालयबाट समेत चेक जाँच प्रमाणित गरी भुक्तानीको लागि सिफारिस भई आएकोले उपभोक्ता संस्थाको मिति ...........गते बैठकबाट निर्णय गराई सो बिल वापतको कुल रकम रु...............मध्ये ..............% को दरले त्यस कोषबाट ऋण स्वरुप उपलब्ध गराउनु पर्ने रकम रु...........(अक्षेरेपी रु........) मा अग्रिम पेश्की र निर्माण सामाग्री पेश्की कट्टा गरी बाँकी हुन आउने जम्मा रु............(अक्षेरेपी रु........) मात्र यस संस्थाको नाममा रहेको ................बैक, .........शाखामा संचालित खाता नं................मा जम्मा गरिदिनु भई सो को जानकारी गराई सहयोग गरिदिन हुन अनुरोध छ ।

**संलग्न कागजातहरु:**

१. संस्थाको मिति ...........मा बसेको बैठकको निर्णयको प्रतिलिपी
२. .............................खानेपानी कार्यालयको सिफारिस पत्र
३. निर्माण व्यवसायीले माग गरेको पत्रको प्रतिलिपी
४. सक्कल अन्तरिम बिल
५. मासिक प्रगति विवरण
६. निर्माण व्यवसायीलाई भुक्तानी गरिएको अघिल्लो बीलको बैक स्टेटमेन्ट

...........................
अध्यक्ष

**बोधार्थ:**

१. श्री आयोजना व्यवस्थापन कार्यालय, सह-लगानी खानेपानी तथा सरसफाई कार्यालय, पानीपोखरी, काठमाण्डौं ।
२. श्री ................खानेपानी कार्यालय....................।
३. श्री निर्माण व्यवसायी.......................।

## अनुसूची –८
## (बुँदा १२ सँग सम्वन्धित)
## <u>प्रगति अनुगमन प्रतिवेदन फाराम</u>

**उपभोक्ता संस्थाको नामः** **अवधिः**

**आयोजनाको नामः**

**आयोजना ठेक्का सम्झौता मितिः**

**आयोजना सम्पन्न हुने मितिः**

**ठेक्का कबोल रकम**

**स्वीकृत ऋण रकमः**

**(रकम रु. हजारमा)**

| सि. नं. | विव-रण-हरु | भौतिक प्रगति | | | | | वित्तिय प्रगति (रु. हजारमा) | | | आयोजना सम्पन्न | | | | कफि-यत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हालको अवधि ... महिना/चौमासिक/ अर्धवार्षिक/वार्षिक | | समष्टिगत | | | | | | पूर्व निर्धारित | | संसोधित | | |
| | | पूर्व निर्धारित | वास्त-विक | पूर्व निर्धारित | वास्त-विक | प्रगति प्रतिशत | पूर्व निर्धारित | वास्त-विक | वास्तविक प्रगति प्रतिशत | कूल लागत | सम्पन्न हुने मिति | कूल लागत | सम्पन्न हुने मिति | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**आयोजना सम्पन्न हुने मिति कूल लागत संसोधन हुनाका कारणः**

**प्रतिवेदन तयार गर्नेको नामः**

**सहीः**

**पदः**

**मितिः**

# अनुसूची–९
## (बुँदा १३ सँग सम्वन्धित)
## आयोजनाको प्रभाव (निर्माण पश्चात) मूल्याङ्कन प्रतिवेदन फाराम

**उपभोक्ता संस्थाको नामः**
**आयोजनाको नामः**
**आयोजना सम्पन्न भएको मितिः**
**ऋण भुक्तानी शुरु मितिः**
**ऋण पुनःतालिकीकरण भएको मितिः**

**चौमासिक/वार्षिक...... ..**
**आयोजना ठेक्का सम्झौता मितिः**
**ऋण भुक्तानी सम्पन्न हुने मितिः**

| सि. नं. | कूल लागत (रु. हजारमा) | | | | महशुल | | पानी वितरण समयावधि (घण्टा) | | असुली स्थिति (रु. हजारमा) | | | | NRW स्थिति | | धारा जडानको अवस्था (संख्यामा) | | मर्मत, सम्भार तथा संचालन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत ऋण | | | | | | | | | | | | | | | | |
| | कूल ठेक्का रकम | स्वीकृत ऋण | निकासा रकम | कूल ऋण (ब्याज पूँजीकरण सहित) | कोषबाट सिफारिस भएको (छ/छैन) | उपभोक्ता संस्थाबाट लागु भएको (छ/छैन) | पूर्व निर्धारित | वास्त-विक | असुली हुनुपर्ने | असुली भएको | समय गुज्रेको | ऋण मौज्दात (प्रतिवेदन अवधि सम्मको) | पहि-लाको | हालको | प्रस्ता-वित | जडान भएको | नियमित (छ/छैन | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

**प्रतिवेदन तयार गर्नेको नामः**
**सहीः**
**पदः**
**मितिः**

# नगर विकास कोष
## TOWN DEVELOPMENT FUND

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४४९३८६६, ४४६५६५१, ४४६४८७४
इमेलः tdf@tdf.org.np
वेबसाइटः www.tdf.org.np